


**संख्या ८२, कार्तिक २०६१**

**प्रधान सम्पादक**
विष्णु रिमाल

**सम्पादन समूह**
मुकुन्द न्यौपाने
उमेश उपाध्याय
विन्दा पाण्डे
कविन्द्र शेखर रिमाल
अग्निशिखा

**ले-आउट**
**नेस्वप्रेमयूका लागि**
महेन्द्र श्रेष्ठ
वुद्धि आचार्य
किरण माली

**व्यवस्थापन**
जितेन्द्र श्रेष्ठ

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ
कार्यालय तथा प्रकाशन विभाग
पो.ब.नं. १०,६५२
मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं।
फोन : ४२४८०७२
फ्याक्स : ४२४८०७३
ई-मेल : office@gefont.org
वेभ साइट : www.gefont.org
मूल्य : रु. १५।-

**आवरण**
एम्ज माउस, ४२६५९४४


**मुद्रक**
इन्द्रेणी अफसेट,
४७७१४४८, अनामनगर।

**Partly supported by**
ILO/IPEC/DECL

**श्रमिक खबरको विज्ञापन दर रेट**

| | |
|---|---|
| आवरण पृष्ठ (पछाडि) रंगिन | १२,००० |
| आवरण पृष्ठ (भित्री) रंगिन | १०,००० |
| पूरा पृष्ठ (भित्री) सादा | ६,००० |
| आधा पृष्ठ (भित्री) सादा | ४,००० |
| चौथाई पृष्ठ (भित्री) | ३,००० |
| न्यूनतम (भित्री) सादा | २,००० |

नोटः अग्रिम भुक्तानीमा १०% छुट तथा वार्षिक विज्ञापन ग्राहकका लागि १५% छुट दिइनेछ ।



५

नेकपा (एमाले) का महासचिव माधव कुमार नेपालले आफ्नो मन्तव्यको क्रममा भन्नुभयो- "छलफलका लागि निर्धारण गरिएको विषय नेपालको वर्तमान सन्दर्भमा हेर्दा ज्यादै उपयुक्त र समय सान्दर्भिक रहेको छ। हालै सर्वदलीय सरकारको गठनको माध्यमबाट संवैधानिक प्रक्रियाको पुनर्बहाली पश्चात निकट भविष्यमा देशमा शान्ति आउने छ भन्ने जनतामा आशा पलाएको छ।"


१६

त्यस दिन अधिकांश मेनपावर कम्पनीका अफिस र सम्पर्क कार्यालयहरू तोडफोड र आगजनीको शिकार भए। मेन पावर कम्पनीमाथि आक्रोश पोख्ने क्रममा उत्तेजक भिडले वैदेशीक रोजगार तालिम केन्द्र र सुरक्षागार्डका अफिसहरूलाई समेत बाँकी राखेन। उक्त दिन ईराकी अतिवादको विरोध गर्ने नाममा त्यस्तो अतिवादकै विरुद्धमा रहेका नेपाली मुसलमानहरू समेत अराजक भिडको प्रहारको निशाना वनाइए।

मार्क्सले प्रजातान्त्रिक रूपमा स्वचालित समाजको कल्पना गर्दै शोषण र अलगावको अन्त्यका लागि पूँजीवाद, निजी सम्पत्ति र राज्यको समाप्तिका लागि सर्वहारा क्रान्तिमा जोड दिएका छन्। उनले परिकल्पना गरेको समाजमा वस्तु र सेवाको उत्पादन नाफाको लागि होइन बरु सामाजिक उपयोगिताको लागि गरिने भनिएको छ।


२२


२९

तेस्रो राष्ट्रिय अधिवेशन लगत्तै नेपाल ट्रेड यूनियन कांग्रेससँग यस सम्बन्धमा वार्ता भएर एउटा उच्चस्तरीय कार्यदल बन्यो। त्यस कार्यदलले झण्डै चार वर्षसम्म संयुक्त गतिविधिका लागि आवश्यक वातावरण तयार गर्‍यो।

**शान्ति !** /२
**बितेको महिनामा नेपाल** /३
**यस अंकको शब्द कोष** /४
**शान्ति र प्रजातन्त्रः नेपालको लागि अपरिहार्य** /८
**सामाजिक रूपान्तरणका लागि केही प्रस्ताव** /१०
**बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रः युरोपेली अनुभव** /१२
**महिलाहरूको लामो संघर्ष र प्राप्त उपलब्धिहरू** /१४
**भदौ सोहको कालो दिनः सभ्यता माथिको कलंक** /१६
**श्रद्धाञ्जलिः जेबी राई हामीसँगै हुनुहुन्छ** /१८
**वर्तमान राजनीतिमा अराजक प्रवृत्ति** /२०
**नेपालमा श्रमशक्तिको अवस्था** /२१
**छत्तीस सयमा बेचिएका सार्कीमानको कथा** /२४
**पितृसत्ता विरोधी आन्दोलनमा पुरुषको भूमिका** /२६
**शरीर जल्यो, आन्दोलन जलेन** /२८
**जिफण्ट गतिविधि** /३०
**द मोटरसाईकल डायरिज : एउटा क्रान्तिकारी योद्धाको दैनिकी...** /३२

## १० वर्ष अघिको श्रमिक खबरबाट

आज फासिस्ट तानाशाही पंचायती व्यवस्था नेपाली जनताको प्रहारले ध्वस्त भएको छ र नेपाली आकाशमा प्रजातन्त्रको सुनौलो किरणहरू नाचिरहेका छन्। शताब्दियौंदेखि आफ्नो मुक्तिका लागि लडिरहेका नेपाली मजदुर वर्गको निमित्त यो ज्यादै खुसीको कुरा हो। तर, अर्कोपट्टि राता किरणलाई छोप्न तम्सिएका काला बादलका टुक्राहरू पनि बेला-बेला हाम्रे आकाशमा देखा परिरहेका छन्। नेपाली मजदुर वर्गले आजको अवस्थामा यी दुवै कुराप्रति आफ्नो ध्यान पुर्‍याउनु आवश्यक छ।

**श्रमिक खवर** संख्या ४१, असोज, २०५१



# शान्ति

बितेका दुई महिना नेपालको लागि पीडादायक एवं उथल-पुथलकारी नै रह्यो । जारी हिंसात्मक द्वन्द्वले ग्रामीण जनजीवन मात्र होइन शहर र शहर आधारित उद्योग व्यवसायलाई समेत नराम्रोसँग बिथोल्यो । हत्या, आगजनी, तोडफोड, जबर्जस्ती चन्दा असुली र अपहरणका घटनाहरू 'मजदुर वर्गीय मुक्ति' र 'क्रान्ति' का नाममा विद्रोहीबाट जारी रहे ।

अर्कातिर, राज्य व्यवस्था ठीक-ठाक पार्ने नाममा नागरिक (विशेष रूपमा विद्रोहीहरू) लाई बेपत्ता पार्ने र प्रतिहिंसा तथा गैर-न्यायिक हत्यामा राज्य पक्षको गतिविधि यथावत रह्यो । राज्यपक्षीय शक्तिकै रूपमा रहेका मूलधारका केही राजनीतिक दलहरू भने 'जति गडबडी, उति सरकार कमजोर - जति सरकार कमजोर, उति सत्तामा पहुँच सुगम' को नीति अनुरूप परम्परागत सडक कार्यक्रममा केन्द्रित रहे ।

नेपाल ट्रेड यूनियन महासंघले यिनै घटनापूर्ण वातावरणमा गत भदौ २९ र ३० गते अन्तरराष्ट्रिय स्रोत व्यक्तिहरूको संलग्नतामा एउटा राष्ट्रिय सेमिनार आयोजना गऱ्यो । सेमिनारमा राष्ट्रिय जीवनका महत्वपूर्ण धेरै व्यक्तित्वहरूको समेत उपस्थिति रह्यो । 'श्रमिकको कामको अधिकार' देखि 'जनताको बाँच्न पाउने अधिकार' सम्मका विषय वस्तुमा चर्चा परिचर्चा भयो । युरोपेली जागरण कालदेखि संघर्षरत युरोपका समाजवादीहरूको अनुभवको कसीमा नेपाली राजतन्त्रको भूमिकाका बारेमा पनि बहस एवं अनुभव आदान-प्रदान भयो ।

यी सबै गतिविधिहरूले के माग गरे त ? देशको प्रमुख ट्रेड यूनियन आन्दोलनको हैसियतमा जिफन्टको माग र अपेक्षा जनताका इच्छा र आकांक्षा भन्दा पृथक रहेनन् । हामीले पनि स्वरमा स्वर मिलाउँदै भन्यौं, नेपाली श्रमजीवी जनतालाई शान्ति चाहिएको छ- प्रजातन्त्र सहितको शान्ति !

अहिले अलिक आशालाग्दो वातावरण बनेको महसुस हुँदैछ, 'उच्चस्तरीय शान्ति समिति' ले सरकारलाई विद्रोही पक्षसँग अविलम्ब 'शान्ति वार्ता' गर्न सिफारिस गरेको छ । राज्यको पुनर्संरचना देखि प्रजातन्त्र बहालीसम्मका कतिपय विषयमा सिंगो राष्ट्रले एक भएर संकल्प गर्नु पर्ने चर्चा चलिरहेको छ । मान्यता प्राप्त ट्रेड यूनियनहरूको दवाव र सत्ता पक्षको लचिलो नीति अनुरूप विद्रोहीका केही श्रम क्षेत्रका नेताहरू रिहा हुने र बन्द कलकारखाना खुल्ने घटनाले पनि शान्तिप्रति सकारात्मक वातावरण तयार गरेकोले केही आशा जगाएको हो ।

यद्यपि 'कालो बादल बीच देखिएको चाँदीको घेरा जस्तो' यो सकारात्मक परिस्थितिका सामु थुप्रै चुनौती समेत देखिएको छ । शान्तिप्रति राजाको धारणाको खुलासाको माग गर्दै विद्रोही नेताले "सरकारलाई आफ्नो हैसियत देखाउन" सोधिएको ६ बुँदे प्रश्न, सत्तापक्षीय दलहरूमा युद्ध विराम र अन्तरराष्ट्रिय सहजकर्ताको संलग्नताको सन्दर्भमा रहेको फरक-फरक धारणा र सडकमा रहेको दल मध्ये नेपाली कांग्रेसको 'एमालेले जे बोल्छ, त्यसको विपरित आफू चल्ने' मनोवृत्तिलाई यस्तै चुनौतीको रूपमा लिन सकिन्छ ।

तर, अहिलेको आवश्यकता भनेको शान्ति हो भन्नेमा सबैको मत भने एकै देखिन्छ । 'शान्ति र प्रजातन्त्र' तर कसरी ? यो प्रश्नको उत्तर सहज नभए पनि नखोजी सुखै छैन । त्यसैले 'मेरो तरिका र तेरो तरिका' को विवाद गर्नुभन्दा सिंगो राष्ट्र एक भएर संकल्प गर्न ढिलो भइसकेको छ । राजनीतिक शक्तिहरू जनताको लागि क्रियाशील भएका हुन् भने उनीहरूले बुझ्नै पर्छ - जनता केवल शान्ति चाहिरहेका छन् । शान्ति !

# वितेको महिनामा नेपाल

## (२०६१ साउन १६ – २०६१ असोज १५)

**साउनको तेस्रो साता** : हेटौंडा सिमेन्ट उद्योगका कामदार कर्मचारीहरू तलव सुविधा सहितको माग गर्दै आन्दोलनमा उत्रे । सर्वोच्च अदालतले छोरीले पाएको अपुतालिको सम्पत्ति विवाह पछि फिर्ता गर्नुपर्ने गरी मुलुकी ऐनमा भएको एघारौं संशोधन वदरको घोषणा गऱ्यो । श्री ५ को सरकारले निजी स्कुलले मासिक सात सय रूपैयांभन्दा बढी लिन नपाउने गरी शुल्क निर्धारण गऱ्यो । सिविनले यसै हप्ता सार्वजनिक गरेको प्रतिवेदनमा सशस्त्र द्वन्दका कारण ६ महीना यता ५४ जना वालवालिकाको मृत्यु भएको उल्लेख गऱ्यो ।

**साउनको चौथो साता** : नेपाली काग्रेसले माओबादी समस्या समाधान तथा प्रतिगमन दोहोरिन नदिन संविधान सभासम्म जाने विकल्प खुला गरेको घोषणा गऱ्यो । नेपाली कांग्रेसको केन्द्रिय समितिले भातृ संस्था नेविसंघको निर्वाचित केन्द्रिय समिति विघटनलाई अनुमोदन गर्ने प्रस्ताव अस्वीकृत गऱ्यो र कांग्रेस महाधिवेशन यसै वर्षको फागुन १९-२२ मा गर्ने घोषणा गऱ्यो । युरोपेली युनियनले सरकार माओवादी द्वन्दरत पक्षलाई यथाशीघ्र युद्धविराम गरी दिगो शान्ति प्रकृयाको वातावरण वनाउन आव्हान गऱ्यो । यसै हप्ता, सरकारले पेट्रोलमा प्रतिलिटर दुई रूपैयां र एल .पि ग्यांसमा प्रति सिलिन्डर रु.२५ ।- वृद्धि गरी मट्टीतेलको कोटा प्रणाली खारेज गऱ्यो ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तीन पूर्व प्रहरी महानिरिक्षक प्रदिप शम्सेर ज.व.रा, अच्युत कृष्ण खरेल, मोतीलाल बोहरा विरुद्ध भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गरेको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गऱ्यो ।

**भदौको पहिलो साता** : माओवादी धम्कीका कारण मुलुककै प्रतिष्ठित सोल्टी क्राउन प्लाजा लगायत करिव १ दर्जन व्यापारिक प्रतिष्ठान अनिश्चितकालका लागि वन्द भयो । नेकपा माओवादीले डेढ महिना अघि वेपत्ता पारिएका पत्रकार डेकेन्द्रराज थापालाई सफाया गरेको समाचारका साथै कान्तिपुर सम्वद्ध दुइ पत्रकार सहित दश जना पत्रकारहरूको हत्या गर्ने धम्की सहितको समाचार प्रकाशित गऱ्यो । यसको सर्वत्र निन्दा भयो ।

सर्वोच्च अदालतले दक्षिण कोरियामा प्रशिक्षार्थी कामदार पठाउँदा चिठ्ठा प्रणालीबाट छनोट गर्न सरकारले दिएको निर्देशन कानुन सम्मत भएको फैसला गऱ्यो । यसै हप्ता, रोजगारीका लागि अरव मुलुक र इराकतर्फ हिंडेका नेपाली कामदार मध्ये नौ हजार भन्दा बढी भारतको मुंवईमा अलपत्र परेको समाचार प्रकाशित भयो ।

**भदौको दोस्रो साता** : माओवादीले राजधानीमा गरेको अनिश्चितकालीन नाकावन्दी विभिन्न संघसंस्था जनसमुदायको विरोध पछि खुला गऱ्यो । पुर्व प्रधानमन्त्री गिरीजा प्रसाद कोईरालालाई हवाइ मार्गवाट रूपन्देही र कपिलवश्तुमा पार्टीको कार्यक्रममा भागलिन जान लाग्दा शाही नेपाली सेनाद्वारा रोकेको भनी नेविसंघ लगायत नेपाली कांग्रेसका कार्यकर्ताहरूले ठाउँ-ठाउँमा सडक अवरोध गरी विरोध प्रदर्शन गरे ।

**भदौको तेस्रो साता** : इराकी आतंककारी समूहले ११ दिन अघि अपहरण गरेका १२ जना नेपालीको अज्ञात स्थलमा विभत्स हत्या गऱ्यो। हत्याको समाचारले **भदौ १६** गते विहानदेखि देशभरको वातावरण तनावग्रस्त भयो । काठमाडौंमा कान्तिपुर, स्पेसटायम र च्यानल नेपाल, खाडी मुलुकका राजदुतावास, वायुसेवाका कार्यालयहरू लगायत सैयौं म्यानपावर कम्पनीहरूमा व्यापक तोडफोड र आगजनी भयो । ताडफोड र आगजनीको कारण दिउँसो २ बजेबाट काठमाडौं र ललितपुरमा अनिश्चित कालसम्मको लागि श्री ५ को सरकारले कर्फ्युको जारी गऱ्यो । कर्फ्यु तीन दिनसम्म जारी रह्यो । सरकारले माओवादीसँग वार्ता गर्न सरकारमा रहेका चार पार्टीका प्रमुखहरू र संचार मन्त्री सहितको उच्च स्तरिय शान्ति समिति गठन गऱ्यो । सुरक्षा फौजको कारवाहीमा २० गते सिराहा जिल्लाको महेषपुर गाविसमा माओवादीका केन्द्रीय स्तरका २ नेता कुमार पौडेल र शेरमान कुँवर लगायत जिल्ला स्तरिय चार कार्यकर्ताको हत्या भयो ।

**भदौको चौथो साता** : माओवादीद्वारा दैलेख जिल्लाको दुल्लुमा जनमोर्चाको आयोजनामा सम्पन्न आमसभामा आक्रमण गर्दा जनमोर्चाका महासचिव नवराज सुवेदी लगायत २३ जना नेताहरू घाइते भए । भारतले नेपाल आउने पेट्रोलियम पदार्थमा उच्च कर लगाएको कारण नेपालमा पेट्रोलियम पदार्थको आपूर्तिमा अवरोध आयो ।

प्रधानमन्त्री शेरबहादुर देउवाको ५ दिने भारतको भ्रमण पछि दुवै देशका सरकारहरूले २५ बुँदे विज्ञप्ति सार्वजनिक गरे । यसै साता, नेपाल ट्रेड युनियन महासंघ, नेपाल ट्रेड यूनियन कांग्रेस र प्रजातान्त्रिक ट्रेड युनियन महासंघले उद्योगपति, माओवादी र सरकारलाई उद्योग खोल्ने वातावरण वनाउन आग्रह गर्दै संयुक्त प्रेस विज्ञप्ति प्रकाशित गरे । माओवादी निकट विद्यार्थी संगठनले विभिन्न माग राखी १ महीनादेखि बन्द गराएका पश्चिम क्षेत्रका शिक्षण संस्थाहरू खुले । नेपाल पत्रकार महासंघको साधारणसभा विराटनगरमा सञ्चार संस्थामाथिको आक्रमणको निष्पक्ष छानविन गर्ने माग सहित सम्पन्न भयो । बानेश्वर तिनकुने खण्डको व्यस्त वाग्मती पुलमा सिलिन्डर वम विस्फोट हुँदा प्रहरीसहित चार सर्वसाधारण घाइते भए । **भदौ २५** गतेबाट थप ३५ वटा ठूला उद्योगहरू माओवादीको धम्कीको कारण बन्द भए ।

**भदौ २८** गते, नेपाल ट्रेड यूनियन महासंघ, नेपाल ट्रेड यूनियन कांग्रेस र प्रजातान्त्रिक ट्रेड यूनियन महासंघले संयुक्त पत्रकार सम्मेलनको आयोजना गरी बन्द उद्योगहरू असोज १ गते सम्म नखुलेमा मजदुर आफैले खोली काममा लाग्ने अल्टिमेटम दिए । **भदौ ३०** गते माओवादी निकट ट्रेड यूनियनले आफ्ना दुई जना केन्द्रीय नेताहरू सरकारले छोड्ने प्रतिबद्धता जनाएपछि एक महिनादेखि बन्द भइरहेको उद्योग बन्द फिर्ता लियो । यसै साता, माओवादी द्वन्द्वका क्रममा वेपत्ता पारिएका भनिएका थप ५४ जनाको स्थिति सरकारले सार्वजनिक गऱ्यो । सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला सम्पत्ति सम्बन्धी बयानका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा जानुपर्ने फैसला गऱ्यो ।

**असोजको पहिलो साता** : नेपाली कांग्रेस लगायतका ४ राजनीतिक पार्टीहरूले असोज ५ गतेदेखि पुनः प्रतिगमन विरोधी आन्दोलन शुरु गरे ।

**प्रस्तुति : विदुर कार्की**



साभारः कान्तिपुर

# यस अंकको शब्द कोष

| | |
|---|---|
| **पुनर्संरचना** | : फेरि बनाउनु |
| **मनोवृत्ति** | : स्वभाव, नियत |
| **समसामयिक** | : समय मिल्दो |
| **संस्कारगत** | : पहिलेदेखि चलि आएको |
| **द्वन्द्व** | : कलह, अन्तरविरोध |
| **तानाशाही** | : अर्कालाई थिचोमिचो गर्ने |
| **अनुदारवादी** | : कठोर विचारको पक्षपाती |
| **अवलम्बन** | : पालना गर्ने |
| **रुपान्तरण** | : फेरबदल |
| **आत्मविध्वंसक** | : आफूलाई समेत हानी गर्ने गरी गरिने |
| **बपौती** | : बाबुबाजेले छोडेर गएको सम्पत्ति |
| **त्रिभाषिक** | : तीन वटा भाषाको |
| **विषमता** | : असमानता, फरकपन |
| **गणतनत्रवादी** | : राजतन्त्र नमान्ने |
| **मिश्रित अर्थव्यवस्था** | : सार्वजनिक र निजी दुवै संलग्न भएको अर्थव्यवस्था |
| **अर्धसामन्ती** | : खण्डित सामन्तवाद |
| **शक्ति पृथकीकरण** | : शक्तिको बाँडफाँड |
| **साम्यवादी** | : समानतामा आधारित समाज मान्ने |
| **वर्गविहीन** | : धनी-गरीब भन्ने नभएको, समानतामा आधारित |
| **अतिवादी** | : पल्लो वा ओल्लो छेउमा पुग्ने |
| **समवेदनशीलता** | : गम्भीरतापूर्वक चासो राख्ने |
| **तिलाञ्जलि** | : त्याग गर्नु |
| **समालोचक** | : गुण-दोष देखाउने, समीक्षा गर्ने |
| **अभ्युदय** | : शुरुवात |

**संकलन : पेम्बा लामा**


## विजया दशमी तथा शुभ-दीपावली २०६१ को उपलक्ष्यमा सम्पूर्ण उद्योग, व्यापारी, उपभोक्ता तथा श्रमिक वर्गमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं !

**अध्यक्ष**

**श्री किशोर प्रधान तथा उद्योग संगठन, परिवार**

**मोरङ, विराटनगर**




# शान्ति र प्रजातन्त्रको विषयमा
# राष्ट्रिय सेमिनार

**– कविन्द्र शेखर रिमाल –**

नेपाल ट्रेड यूनियन महासंघ र एलआईएफ-स्वीडेनको संयुक्त आयोजनामा गत भदौ २९ र ३० गते '**शान्ति र प्रजातन्त्र**'को विषयमा दुई दिने राष्ट्रिय सेमिनार काठमाडौंमा सम्पन्न भयो ।

उद्घाटन सत्र समेत पाँच वटा भिन्नाभिन्नै सत्रहरूमा शान्ति र प्रजातन्त्र सम्बन्धी विभिन्न समसामयिक विषयहरूमा व्यापक छलफल गरिएको उक्त सेमिनारको उद्घाटन सत्रको प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टी (एमाले) का महासचिव माधव कुमार नेपाल हुनुहुन्थ्यो ।

उद्घाटन सत्रमा नेकपा (एमाले) का महासचिव माधव कुमार नेपालले आफ्नो मन्तव्यको क्रममा भन्नुभयो- "छलफलका लागि निर्धारण गरिएको विषय नेपालको वर्तमान सन्दर्भमा हेर्दा ज्यादै उपयुक्त र समय सान्दर्भिक रहेको छ । हालै सर्वदलीय सरकारको गठनको माध्यमबाट संवैधानिक प्रक्रियाको पुनर्बहाली पश्चात निकट भविष्यमा देशमा शान्ति आउने छ भन्ने जनतामा आशा पलाएको छ ।"

वहाँले अगाडि भन्नुभयो- "हत्या हिंसा बन्द गरी शान्ति प्रक्रिया थालनी गर्नका लागि गरिएको बारम्बारको आग्रहका वावजुद पनि माओवादीहरूले सकारात्मक संकेत वा वार्ताका लागि लचकता देखाएका छैनन् । एकातर्फ शान्तिपूर्ण माध्यमबाट बहुदलीयता र संसदीय प्रजातान्त्रिक प्रणालीप्रति उनीहरू गम्भीर रूपमा प्रतिबद्ध छन् कि छैनन् भनी उनीहरूको परीक्षण हुन बाँकी नै रहेको छ भने अर्कोतर्फ माओवादी समस्याको समाधान कसरी गर्ने भन्ने सम्बन्धमा संवैधानिक शक्तिहरू बीच पनि वृहत सहमति हुन बाँकी नै रहेको छ ।"

महासचिव माधव कुमार नेपालले भन्नुभयो- "माओवादीका माग मध्ये संविधान सभाको माध्यमबाट नयाँ संविधान निर्माण गर्नु नै प्रमुख माग रहेको छ । उनीहरूले प्रक्रियालाई नै आफ्नो मागको मूल विषय मानेका छन् । यसमा हालसम्म सहमति हुन सकेको छैन । हाम्रो पार्टी, यदि संविधान सभासँग जोडिएको विभिन्न विषयलाई स्पष्ट पारिएको खण्डमा संविधान सभामा जान कुनै समस्या नहुने ठान्दछ ।" महासचिव नेपालले आफ्नो मन्तव्यको क्रममा भन्नुभयो- "शान्ति प्रक्रियालाई सुस्पष्ट रूपमा अगाडि बढाउनका लागि हाम्रो पार्टीले शान्ति रोडम्याप समेत अगाडि सारेको छ । यस नयाँ रोडम्यापमा माओवादीबाट उठाएका मागमध्ये एउटा गोलमेच सम्मेलन समेतलाई समावेश गरिएको छ ।"

उद्घाटन सत्रमा नेपाल ट्रेड यूनियन कांग्रेसका अध्यक्ष लक्ष्मण बस्नेत, नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघका महासचिव खिलानाथ दाहाल, नेपाल उद्योग बाणिज्य महासंघ, रोजगारदाता परिषदका अध्यक्ष रोहिणी



थपलिया समेतले आ-आफ्नो मन्तव्य दिनुभएको थियो ।

यसैगरी, अन्तरराष्ट्रिय अतिथिको रूपमा मन्तव्य दिनेहरूमा समाजवादी वाम पार्टी, नर्वेका उपाध्यक्ष हेनरिते वेस्थिन र योङ्ग लेफ्ट अफ स्वीडेनका महासचिव टोरा ब्रेइथोल्ज पनि हुनुहुन्थ्यो ।

नेपाल ट्रेड यूनियन कांग्रेसका अध्यक्ष लक्ष्मण बस्नेतले मन्तव्यमा भन्नुभयो- “००७ सालमा प्रजातन्त्र आयो । त्यही बेला शुरु भएको द्वन्द्वले अहिले हिंसात्मक रूप लिएको छ । उद्योगपति र मजदुरको बीचमा पनि द्वन्द्व छ, त्यो द्वन्द्वको समाधान ट्रेड यूनियन र उद्योग बाणिज्य महासंघ बीचको वार्ताले गर्दछ । त्यो भइरहेको छ ।”

नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघका महासचिव खिलानाथ दाहालले भन्नुभयो- “०४६ सालको आन्दोलन पछि राजनीतिक, सामाजिक र आर्थिक रूपमा परिवर्तन भए पनि प्रजातन्त्र तल्लो तहसम्म पुऱ्याउन सकेनौं । त्यसैले नै अहिलेको द्वन्द्व उठेको हो । जसले गर्दा तानाशाहहरू एकछत्र शासन चलाउन फेरि पनि खोज्दैछन् । यसको समाधानको लागि सबै राजनीतिक पार्टीहरू एकै ठाउँमा आउनु पर्दछ ।”

रोजगारदाता परिषदका अध्यक्ष रोहिणी थपलियाले भन्नुभयो- “प्रजातन्त्रको जग शान्ति र सुव्यवस्थामा मात्र अड्न सक्दछ, शान्ति खलबलियो भने प्रजातन्त्र स्वतः कमजोर हुन्छ । हामीले प्रजातान्त्रिक अभ्यास गर्न थालेको ४/५ वर्ष नबित्दै मुलुकको शान्ति सुरक्षाको स्थिति कमजोर भयो । राजनीतिक अस्थिरता शुरु भयो । प्रजातान्त्रिक अभ्यासले अर्को मोड लियो । विकास निर्माण लगायत मुलुकको सामाजिक आर्थिक क्षेत्र प्रतिकूल दिशातिर लाग्न थाल्यो ।”

उद्घाटन सत्रको अध्यक्षता जिफन्टका अध्यक्ष मुकुन्द न्यौपानेले गर्नुभएको थियो । कार्यक्रमका बारेमा जिफन्टका महासचिव विनोद श्रेष्ठले प्रकाश पार्नुभएको थियो । सत्र सञ्चालन जिफन्टका उपमहासचिव विन्दा पाण्डेले गर्नुभएको थियो ।

दोस्रो सत्रमा **नेपालमा हिंसात्मक द्वन्द्व : सामाजिक रूपान्तरण र अग्रगामी परिवर्तनको प्रस्ताव** विषयमा नेकपा (एमाले), स्थायी समिति सदस्य झलनाथ खनालले कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस सत्रको अध्यक्षता स्वीडिस लेफ्ट पार्टीका केन्द्रीय सदस्य काले लार्सनले गर्नु भएको थियो । कार्यपत्रमा टिप्पणी नेकपा एमाले स्थायी समितिका सदस्य सहाना प्रधानले गर्नुभएको थियो ।

दोस्रो दिनको पहिलो सत्रमा, **बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र : युरोपको अनुभव** विषयमा समाजवादी वाम पार्टी, नर्वेका अन्तरराष्ट्रिय सचिव मोनिका एन्डरसेनले कार्यपत्र प्रस्तुत गर्नुभयो । नेकपा (एमाले) का केन्द्रीय सदस्य विद्यादेवी भण्डारीको अध्यक्षतामा



## प्रजातन्त्र र शान्ति विषयक राष्ट्रिय सेमिनारको उद्घाटन कार्यक्रममा समाजवादी वाम पार्टी, नर्वेका उपाध्यक्ष हेनरिता वेस्थिनको मन्तव्यको सारांश

हाम्रो पार्टीको लागि राजनीतिक पार्टीहरू बीचको अन्तरराष्ट्रिय सम्बन्ध अत्यन्त महत्वपूर्ण रहेको छ । विश्वभरीका राजनीतिक पार्टीहरूसँग व्यापक सम्पर्कको लागि हामी प्रयासरत छौं ।

सोसलिस्ट लेफ्ट पार्टी, नर्वेले आफूलाई रातो र हरियो पार्टीको रूपमा परिभाषित गरेको छ । रातो समाजवादको लागि, हरियो वातावरण संरक्षणको लागि हो ।

हामीले आफूलाई नारीवादी पार्टीको रूपमा समेत परिभाषित गरेका हौं । आखिरी निर्वाचनमा हामीले १५ प्रतिशत मत प्राप्त गरेका छौं । २००१ को संसदीय निर्वाचनमा हामीले १२.५ प्रतिशत मत प्राप्त गरेका थियौं र हाम्रा सांसदहरूको संख्या ९ बाट वृद्धि भएर २३ पुगेको छ । तथापि, नर्वेको वास्तविक सरकार मध्य-दक्षिणपन्थी पार्टीका हो र क्रिस्चियन पिपुल्स पार्टीको प्रतिनिधित्व गर्ने प्रधानमन्त्रीले सरकार चलाएका छन् ।

नर्वेमा २००३ मा स्थानीय निर्वाचन सम्पन्न भएको थियो । त्यस निर्वाचनमा राजधानी ओस्लोमा नै सोसलिस्ट लेफ्ट पार्टीले २०.३ प्रतिशत मत प्राप्त गरेको थियो । २००५ मा संसदको नयाँ निर्वाचन हुनेछ । त्यसको नतिजाले दक्षिणपन्थी दिशालाई परिवर्तन गर्ने अवसर हामीलाई प्राप्त हुने आशा छ ।

प्रत्येक मुलुकमा शान्ति र प्रजातन्त्रको लडाई घरेलु रूपमा नै छेडिनु पर्छ र सीमापारी फैलिनु पर्छ । समयको क्रमसँगै सैनिकहरू माझ युद्ध लडिंदै आएको छ । अमुक मुलुक भित्रको समूह बीचको लडाई होस् या मुलुकहरू बीचको लडाई वास्तविक रूपमा हार्नेमा नागरिकहरू नै हुन्छन् । जसले कहिल्यै युद्धको माग गरेका हुँदैनन् या त्यसमा कहिल्यै सहभागी हुँदैनन्, वास्तविक रूपमा हार्नेमा उनीहरू नै हुन्छन् ।

प्रजातन्त्र र युद्धको प्रश्न निकटरूपमा एक-अर्कासँग गाँसिएका छन् । असंख्य दृष्टान्तहरूले देखाएको छ- प्रजातान्त्रिक प्रक्रियामा भाग लिने सम्भावनाबाट वञ्चित जनताले आतङ्कवादतर्फ नाटकीय कदम चाल्ने गरेका छन्, लडाई प्रायःजसो दमनको परिणामको रूपमा देखिएको छ र बढी प्रहार पीडकले भन्दा जनताले नै भोग्ने गरेका छन् । जब बालबालिकालाई बन्धक बनाइन्छ या यात्रुवाहक बसलाई उडाइन्छ, तब भय र घृणा झन् फैलिन्छ र विवाद समाधान हुनु साटो चर्कन्छ ।

बढ्दो उत्पीडनले शान्तितर्फ होइन अझ बढी आतंकतर्फ डोऱ्याउँछ भन्ने कुरामा शान्ति र प्रजातन्त्रको लागि कार्यरत शक्तिहरूले सधैं जोड दिनु महत्वपूर्ण छ ।

संयुक्त राज्य अमेरिकाले कैयन पटक बम र गोलीद्वारा ‘प्रजातन्त्र’ र ‘शान्ति’ सिर्जना गर्ने प्रयास गरेको छ । अन्तिम उदाहरण अफगानिस्तान र इराक बनेको छ । युद्धले शान्ति प्रदान गर्दैन । आधिपत्यले शान्ति प्रदान गर्दैन । र, युद्धले प्रजातन्त्र प्रदान गर्दैन ।

सम्पन्न उक्त सत्रमा टिप्पणीकार मानव अधिकार र सामाजिक न्याय मंचका अध्यक्ष गौरी प्रधान हुनुहुन्थ्यो ।

यसै गरी सोही दिनको दोस्रो सत्रमा लेफ्ट पार्टी स्वीडेनका राष्ट्रिय बोर्ड सदस्य उल्ला आन्डर्सनले **द्वन्द्व व्यवस्थापन तथा सामाजिक परिवर्तन र प्रजातान्त्रिकरणमा महिला सहभागिता : युरोपको अनुभव** विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमाथि टिप्पणी नेकपा (एमाले) स्थायी समिति सदस्य मोदनाथ प्रश्रितले गर्नुभयो । कार्यक्रमको अध्यक्षता नेकपा (एमाले) केन्द्रीय सदस्य अष्टलक्ष्मी शाक्यले गर्नुभयो ।

अन्तिम सत्र निष्कर्ष सत्रमा नेकपा (एमाले) का केन्द्रीय सदस्य भीम रावलले भन्नुभयो- "स्वीडिस र नर्वेजियन कार्यपत्रहरू हाम्रो सन्दर्भमा धेरै उपयोगी छ । जिफन्टले समसामयिक विषयमा कार्यक्रम गरेकोमा म जिफन्टलाई धन्यवाद दिन चाहन्छु ।" स्वीडिस लेफ्ट पार्टीका केन्द्रीय सदस्य काले लार्सनले कार्यक्रमको निष्कर्ष निकाल्दै भन्नुभयो- "स्वीडिस लेफ्ट पार्टीले स्वीडेनमा संवैधानिक राजतन्त्रको विरोध गर्नुका तीन कारणहरू छन्- पहिलो, हाम्रो पार्टी गणतन्त्रवादी पार्टी हो, हाम्रो सिद्धान्त अनुसार हामी राजतन्त्रलाई समर्थन गर्दैनौं । दोस्रो, हामी हाम्रो राष्ट्रिय ढुकुटी अनावश्यक ठाउँमा खर्च गर्न चाहँदैनौं । तेस्रो, परम्पराको नाममा कुनै एक परिवारलाई प्राथमिकता दिनु हामी राम्रो ठान्दैनौं ।" वहाँले अगाडि भन्नुभयो- "हिजो र आज स्वीडेन, नर्वे र नेपाली मित्रहरू एकै ठाउँमा बसेर हामीले कल्पना पनि नगरेको यस राणाको दरवारमा राजतन्त्रको अधिकारलाई कसरी कटौती गर्ने भनेर छलफल गऱ्यौं, आशा गरौं अर्को पटक हामीहरू यसरी नै अर्को दरवारमा बसेर छलफल गर्नेछौं ।"



यस सत्रमा समाजवादी वाम पार्टी, नर्वेका अन्तरराष्ट्रिय सचिव मोनिका एन्डरसेनले कार्यक्रमको निष्कर्ष निकाल्दै भन्नुभयो- "तीन भिन्न-भिन्न देशका हामी प्रतिनिधिहरूलाई एक आपसमा आ-आफ्ना अनुभव साटासाट गर्ने सुअवसर मिल्यो । नेपाल र नर्वेको तुलना गर्दा तपाईं समाजवादीहरू भएको कारणले प्रजातान्त्रिक अधिकारको लागि संघर्ष गर्दै हुनुहुन्छ, हामी नर्वेजियनहरू हाम्रो लामो संघर्षको उपलब्धिलाई जोगाउन र विकसित गर्न संघर्ष गरिरहेका छौं ।

अन्त्यमा सत्रका अध्यक्ष जिफन्टका उपाध्यक्ष विष्णु रिमालले कार्यक्रममा सहभागी सबैलाई धन्यवाद दिंदै भन्नुभयो- "कार्यपत्रहरू उच्चस्तरीय र प्रशंसनीय छ, सहभागी मित्रहरू कार्यपत्रमाथि भएको छलफलमा सक्रियताका साथ सहभागी हुनुभयो । यसले अवश्य पनि हाम्रो ज्ञानलाई समृद्ध पार्नेछ ।"

## प्रजातन्त्र र शान्ति विषयक राष्ट्रिय सेमिनारको उद्घाटन कार्यक्रममा योङ्ग लेफ्ट अफ स्वीडेनका महासचिव टोरा ब्रेइथोल्जको मन्तव्यको सारांश



यस संसारमा जवान महिलाको रूपमा रहनु सजिलो छैन । जवान महिलाको रूपमा लड्नु पनि निश्चित रूपमा सजिलो छैन । म चिच्याउन सक्छु कि - म अब सहन सक्दिन । भेदभाव गरिएको, छुने काम गरिएको र दुर्व्यवहार गरिएको कुरा म स्वीकार्न सक्दिन ! फेरि अर्को प्रहार भएमा म प्रहार फर्काउने छु ।

तर, जबसम्म म एक्लै चिच्याउने छु, पुरुषहरूले मेरो कुरा सुन्ने छैनन् । यसैकारण म चाहन्छु- यो कोठामा रहनु भएका, यो विश्वमा रहनु भएका सबै महिला मसँगै चिच्याउनु होस् ।

कमरेडहरू,

स्वीडेनबाट यहाँ आउन मलाई २० घन्टा लाग्यो । यस्तो लाग्यो, मेरो मुलुक यहाँबाट आधा विश्व टाढा छ । कैयन् मानिस भन्छन् कि स्वीडेन प्रजातन्त्र र न्यायको मार्गमा पनि धेरै अगाडि छ । यो साँचो हुन सक्छ तर त्यहाँ लड्नु पर्ने कुरा अब केही छैन भन्ने म स्वीकार गर्न सक्दिन । स्वीडेनमा हरेक नागरिकलाई १२ वर्ष सम्मको शिक्षा निःशुल्क पाउने अधिकार छ । तर, अझसम्म श्रमिक जनताका बालबालिकाको अध्ययन कम स्रोतका कारण असमयमै टुगिन्छ । स्वीडेनमा जनसंख्याको ठूलो हिस्सा विश्वविद्यालयमा अध्ययन गर्छ, तर जवान विद्यार्थीको बहुमत संख्या महिलाको भए पनि दशमा नौ प्राध्यापक पुरुष छन् । हाम्रो राष्ट्र विश्वको अत्यन्त धनी राष्ट्र मध्येको एक हो, तर अझसम्म शरणको चाहनामा स्वीडेनमा आउने मानिसहरूलाई आतङ्क, यातना तथा पीडा भोग्नका खातिर फर्काइन्छ ।

तपाईंहरूको जस्तै मेरो मुलुकमा पनि वर्गीय समाज छ । हाम्रो राजधानी स्टकहोमका साथै स्वीडेनका सबै प्रमुख शहरहरू आधिपत्यमा छन् । शहरका आकर्षक तथा केन्द्रीय भागमा आर्थिक घरानाले आधिपत्य जमाएका छन् । उनीहरू आफ्नो लागि फेशनेवल शहर निर्माण गर्छन् तर युवाहरूको लागि भने छुट्टै आफू रहने कुनै ठाउँ हुँदैन । जतिवेला रोजगारदाता र व्यवसायीहरू ज्याला अत्यन्त बढी भएको गुनासो सहित यसबारे केही नगरिएमा आफ्नो उद्यम विदेशमा सार्ने कुरा गर्दैछन्, लाखौं स्वीडिस जनता भने आफ्नो दाँतको अपचार गर्ने या हिउँदको लागि आफ्ना सन्तानलाई नयाँ लुगा किनिदिने सामर्थ्य समेत राख्दैनन् ।

प्रजातन्त्र त्यस्तो कुरा हो, जसको लागि हामीले सधैं लड्नु छ । हामीलाई थाहा छ- नलडेसम्म हामीलाई केही दिइने छैन । असली प्रजातन्त्रको अर्थ सबैका लागि सहभागिता, समानता र गरिमा हो । यसले जनसाधारणलाई अर्थतन्त्र, समाज र आफ्नै जीवनमा नियन्त्रणको सम्भावना प्रदान गर्नु पर्छ । असली प्रजातन्त्रले महिला मुक्ति र समाजवादलाई जनाउँछ ।



# शान्ति र प्रजातन्त्र नेपालको लागि अपरिहार्य

**– माधव कुमार नेपाल, महासचिव, नेकपा (एमाले)**

(जिफन्ट/एलआइएफको संयुक्त आयोजनामा भदौ २९-३०, २०६१ मा काठमाडौं स्थित होटल याक एण्ड यतिमा सम्पन्न 'प्रजातन्त्र र शान्ति' विषयक राष्ट्रिय सेमिनार'मा प्रमुख अतिथि माधव कुमार नेपालद्वारा प्रस्तुत उद्घाटन मन्तव्य)

हालै सर्वदलीय सरकारको गठनको माध्यमबाट संवैधानिक प्रक्रियाको पुनर्बहाली पश्चात निकट भविष्यमा देशमा शान्ति आउने छ भन्ने जनतामा आसा पलाएको छ ।

माओवादीद्वारा आरम्भ भएको हिंसात्मक द्वन्द्वको प्रारम्भ र विस्तार भएको नौ वर्ष पूरा हुँदैछ । यी वर्षहरूमा १० हजार भन्दा बढी जनताको मृत्यु भएको छ । प्रत्येक दिन दर्जनौं जनता मारिने, अपहरणमा पर्ने वा यातनाको शिकार हुने र आतंकित पारिने क्रम जारी छ । बाँचिरहेका जनता पनि त्रास एवं दुखका साथ जीवन जिउन बाध्य छन् । मानवअधिकारको उल्लंघन नियमित घटना हुन पुगेको छ । भौतिक संरचना तथा औद्योगिक प्रतिष्ठानहरूलाई पनि लगातार ध्वस्त पारिरहेका छन् । माओवादीको सैन्य दस्तामा भर्ती हुनु पर्ने डरले युवा जनशक्ति देश छोडेर बाहिरिन बाध्य छ र मारिने तथा अपहरणमा पर्ने डरले विभिन्न राजनीतिक दलका कार्यकर्ताहरू हातमुख जोर्ने समस्याका बाबजुद राजधानीमा शरणार्थी सरह बस्न बाध्य छन् । जनताको स्वतन्त्रतापूर्वक घुमफिर गर्ने अधिकारमा बन्देज लागेको छ ।

खाद्यान्न जस्ता आवश्यक वस्तुहरूको आपूर्तिमा समेत यातायात बन्द गराई जनताको जीवनलाई अझ बढी समस्यामूलक बनाउने जस्ता जघन्य कार्य भएका छन् । उद्योग बन्द गराउने वा ध्वस्त पार्ने काम भएको छ । उल्लेखित कार्यले समाजमा अस्थिरता वृद्धि गरेको छ । एक पछि अर्को थपिएका संकटका कारण देशको आर्थिक क्षेत्रमा नराम्रो असर पुगेको छ । यसको परिणामस्वरूप पर्यटन उद्योग सहित सिंगो औद्योगिक क्षेत्र संकटमा परेको छ ।

अर्कोतिर, सुरक्षा खर्चको वृद्धिको कारण विकास बजेटमा कटौती गर्नु परेको छ, कर्मचारीको तलबभत्ताको लागि समेत वैदेशिक सहयोगमा भर पर्नु पर्ने अवस्था सृजना भएको छ । त्यसैले हिंसात्मक द्वन्द्वको मूल्य यति महँगो भएको छ कि त्यसलाई नेपालको क्षमताले धान्नै नसक्ने भइसकेको छ । यस्तो अवस्थामा सैनिक समाधान न उपयुक्त छ न त समाजमा व्याप्त द्वन्द्वलाई समाधान गर्न मद्दत नै पुऱ्याउँछ ।

त्यसैगरी माओवादीद्वारा उनीहरूको आलोचना गर्ने, फरक मत राख्ने व्यक्तिको हत्या गर्ने वा सफाया गर्ने कार्य भएको छ । एक्काइसौं शताब्दीमा जनताका लागि यस्तो ज्यादती र एकदलीय तानाशाही स्वीकार्य हुन सक्दैन । त्यसैले शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धा गर्न हिंसात्मक बाटो परित्याग गर्न हामीहरू माओवादीहरूलाई बारम्बार आग्रह गर्दै आइरहेका छौं ।

हामी सबै जान्दछौं कि नेपालले अहिले सामना गरिरहेको समस्या समाधान गर्ने दुई किसिमका भिन्न भिन्न अवधारणाहरू रहेका छन् । तिनीहरूलाई नकारात्मक र सकारात्मक शान्ति प्रक्रिया भन्ने गरिन्छ ।

नकारात्मक शान्ति प्रक्रियाले युद्धबाट एक पक्षको समाप्ति पछि नै समस्याको समाधान हुने मान्दछ । यो मान्यता अनुसार बलियो सैनिक संगठन मार्फत हिंसात्मक तरिका अपनाउनु पर्दछ र विरोधी पक्षलाई समाप्त गर्नु पर्दछ । नकारात्मक शान्ति प्रक्रिया, शान्ति सुरक्षा कायम गर्ने वा शान्ति पुनर्स्थापना गर्ने एउटा माध्यम हो । यो अनुदारवादी अवधारणा हो र यसले सबै चीजलाई आफूले चाहेको अवस्थामा राख्न चाहन्छ । यस प्रक्रियाको अवलम्बन गर्दा भविष्यमा अझै गम्भीर प्रकृतिको हिंसात्मक द्वन्द्वको सम्भावना रहिरहन्छ ।

सकारात्मक शान्तिको अर्थ युद्ध र हिंसात्मक द्वन्द्वको समाप्ति मात्र होइन, यसले समाजमा विद्यमान शोषणलाई न्यून बनाउँछ वा समाप्त पार्ने दिशातर्फ अघि बढ्छ, र संगठित हिंसाको सबै प्रकारका संभावनालाई समाप्त पार्दछ । संगठित हिंसाको सृजना राजनीतिक, सामाजिक र सांस्कृतिक कारणले हुन्छ । संगठित हिंसा भनेको गम्भीर प्रकृतिको सामाजिक असमानताको प्रतिविम्ब हो । सकारात्मक शान्ति प्रक्रियाले हिंसात्मक द्वन्द्वको जडको रूपमा रहेको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा व्यापक सुधार गरी शोषणरहित समाजको विकासलाई

**"सकारात्मक शान्तिको अर्थ युद्ध र हिंसात्मक द्वन्द्वको समाप्ति मात्र होइन, यसले समाजमा विद्यमान शोषणलाई न्यून बनाउँछ वा समाप्त पार्ने दिशातर्फ अघि बढ्छ, र संगठित हिंसाको सबै प्रकारका संभावनालाई समाप्त पार्दछ ।"**

प्राथमिकता दिई शान्ति स्थापना गर्दछ । नेपालको सन्दर्भमा सकारात्मक शान्तिको अवधारणा अवलम्बन गरेर मात्र दिगो शान्ति स्थापना गर्न सकिन्छ ।

वास्तवमा २०४७ सालमा नयाँ संविधान मस्यौदा गर्ने बखत सामाजिक द्वन्द्व उत्पन्न हुन सक्ने केही संभावनालाई संवोधन गरिएको थियो । सामाजिक न्याय स्थापनाका लागि धर्म, जाति, वर्ण र लिंगका आधारमा गरिने भेदभावलाई निषेध गर्ने दिशामा त्यसको भूमिका रह्यो । स्थानीय तह देखि नै प्रजातन्त्रलाई मजबुत बनाउन र जनतालाई प्रजातन्त्रको प्रतिफल पुऱ्याउन विकेन्द्रीकरण प्रणालीलाई अवलम्वन गर्ने नीति बोके पनि त्यस नीति अनुरूप काम भएन । हाम्रो पार्टीले प्रगतिशील सुधारका लागि गरेको आग्रह र सरकारमा रहँदा शुरु गरिएको कार्यान्वयन प्रक्रियालाई विपक्षीद्वारा वा सरकारद्वारा अस्वीकार गरियो वा बिगार्ने काम गरियो । राजनीतिक सहमति वा नीतिगत समन्वय गर्न सत्तारुढ दलमा प्रजातान्त्रिक संस्कारको अभाव रह्यो, बहुमतको नाममा सर्वसत्तावादी प्रवृत्तिको विकास भयो । संविधानको नीतिगत निर्देशन अनुरूप काम गरिएन । असक्षमहरूलाई सशक्तिकरण गर्ने र संस्थागत सुधारको थालनी गरी प्रजातान्त्रिक अभ्यासलाई मजबुत बनाउने र पिछडिएका जनताको जीवनस्तर सुधार्ने कार्य भएन ।

नेपाल जातीय, धार्मिक, भाषिक र सांस्कृतिक विविधता भएको मुलुक हो । जाति, समुदाय, वर्ण, धर्म आदिको आधारमा भेदभाव हुनु हुँदैन भन्ने संवैधानिक व्यवस्थाको वावजुद असमान सामाजिक संरचना र भेदभाव भने यथावत कायम नै रह्यो । यो कारणले पनि माओवादीको सांगठनिक संजाल वृद्धि गर्न सहयोग पुऱ्याएको छ । प्रजातान्त्रिक प्रणालीमा आवाजविहीन र उत्पीडित जनसमुदायको भावनालाई राम्रो तरिकाले संवोधन गरिएन भने उनीहरूले आफ्नो नैराश्यलाई अभिव्यक्त गर्ने विद्रोहको बाटो अवलम्वन गर्न सक्छन् । वर्तमान हिंसात्मक द्वन्द्वको विस्तारमा र संगठनात्मक संजालको विकासमा राज्यको संस्थापन पक्षको यस्तै असफलतालाई समेत माओवादीहरूले उपयोग गर्दै आइरहेका छन् ।

हाम्रो पार्टीले प्रजातन्त्रको पुनर्स्थापनादेखि नै राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा प्रगतिशील सुधारको पक्षमा लगातार प्रयास गर्दै आएको छ । हामीले संविधान मस्यौदाको क्रममा सुरक्षा बललाई सरकारको मातहतमा राख्ने प्रस्ताव गऱ्यौं जुन सफल भएन । हामीले प्रजातन्त्रको पुनर्स्थापनापछि गठित तत्कालीन अन्तरिम सरकार रहँदा गठित आयोगको प्रतिवेदनका आधारमा पुरानो शासनमा गलत काम गर्नेलाई कडा कार्वाही गर्न दवाव दियौं । त्यसो भएको भए राज्य संचालनमा प्रजातान्त्रिक संस्कारको विकास गर्न अत्यन्तै सहयोग पुग्ने थियो, तर त्यसो गरिएन । हामीले नौ महिनाको लागि मात्र सरकारमा रहँदा पनि समाजमा नयाँ प्रकारले सामाजिक-आर्थिक रूपान्तरणको प्रक्रिया थालनी गर्न मद्दत पुग्ने कार्यक्रम शुरु गऱ्यौं, त्यसलाई पनि अवरुद्ध गरियो ।

अहिले हाम्रो पार्टी समेत सम्मिलित भएको सर्वदलीय सरकारले माओवादीसँग शान्ति वार्ता प्रारम्भ गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । शान्ति स्थापनाका लागि उच्चस्तरीय समिति निर्माण भएको छ र शान्ति सचिवालय र शान्ति कोष पनि खडा गरिएको छ । राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा आमूल सुधार गर्ने उद्देश्य राखी सरकारमा सहभागी भएका राजनीतिक दलहरूले अल्पकालीन र दीर्घकालीन गरी न्यूनतम साझा कार्यक्रममा सहमति जनाएका छन् ।

राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा सुधार गरी भेदभावलाई अन्त्य गर्ने र समाजको सामाजिक रूपान्तरण प्रक्रियालाई नयाँ तरिकाले अगाडि बढाउन सबै राजनीतिक शक्तिहरू बीच सहमति गराउन हाम्रो पार्टीले धेरै वर्ष अगाडिदेखि पहल गर्दै आएको छ । हाम्रो पार्टीले संविधानमा समयानुकूल सुधार गर्न सामाजिक, आर्थिक तथा राजनीतिक रूपान्तरणका लागि विभिन्न प्रस्ताव अगाडि सार्‍यो । सुरक्षा बलको प्रजातान्त्रिकरण र नेपाललाई धर्म निरपेक्ष राज्यको रूपमा घोषणा गर्नु पर्ने जस्ता महत्वपूर्ण विषय यस कार्यक्रममा समावेश गरिएको थियो । त्यसैगरी समयबद्ध रूपमा सबै निर्वाचित निकायमा महिलाको लागि ३३ प्रतिशत आरक्षण गर्ने, पाखा परिएका जनजाति तथा अल्पसंख्यक, महिला र दलित समुदायलाई सशक्तिकरण गर्ने कार्यक्रम र छुवाछुतको व्यवहार गर्नेलाई दण्ड दिनु पर्ने कुरा यसमा उल्लेख गरिएको थियो ।

> **"हाम्रो पार्टीले प्रगतिशील सुधारका लागि गरेको आग्रह र सरकारमा रहँदा शुरु गरिएको कार्यान्वयन प्रक्रियालाई विपक्षीद्वारा वा सरकारद्वारा अस्वीकार गरियो वा बिगार्ने काम गरियो"**

माओवादीको प्रमुख माग रहेको संविधान सभाको विषयलाई हाम्रो पार्टी, यससँग जोडिएको विभिन्न विषयलाई स्पष्ट पारिएको खण्डमा त्यसलाई स्वीकार गर्न कुनै समस्या नहुने ठान्दछ । शान्ति प्रक्रियालाई सुस्पष्ट रूपमा अगाडि बढाउनका लागि हाम्रो पार्टीले शान्ति रोडम्याप समेत अगाडि सारेको छ । यस नयाँ रोडम्यापमा माओवादीबाट उठाइएका मागमध्ये एउटा गोलमेच सम्मेलन समेतको प्रस्ताव गरिएको छ । गोलमेच सम्मेलनबाट प्रमुख राजनीतिक शक्तिलाई परिवर्तन गर्नु पर्ने क्षेत्र र आमूल सुधारका माध्यमबाट देशमा शान्ति स्थापना गर्ने कुरामा सहमतिमा ल्याउन सकिन्छ । हामीले शान्ति प्रक्रियामा संयुक्त राष्ट्रसंघको सहभागिता हुनु पर्ने र स्वतन्त्र र निष्पक्ष निर्वाचन हुनु पर्ने कुरालाई समेत प्रस्तावित गरेका छौं । हामी विश्वस्त छौं कि हाम्रो प्रस्ताव तथा न्यूनतम साझा कार्यक्रममा रहेको अधिकतम लचकताको अवधारणाले माओवादीको माग पूरा गर्नका लागि उनीहरूसँग शान्ति वार्ता प्रक्रिया प्रारम्भ गर्न सहयोग पुऱ्याउने छ ।

यसका लागि नागरिक समाज, मानव अधिकारवादी कार्यकर्ता, संसारभरिका शान्तिप्रिय जनता तथा संस्थाहरूको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ ।

**(रमेश बडालद्वारा संक्षेपीकरण गरिएको)**



# सामाजिक रूपान्तरणका लागि केही प्रस्ताव

– **झलनाथ खनाल**, स्थायी समिति सदस्य, नेकपा (एमाले)

**२०४६ सालको परिवर्तन पछिको नेपाल**

२०४६ सालको परिवर्तन नेपाली इतिहासमा २० औं शताब्दीमा भएको सबै भन्दा ठूलो परिवर्तन थियो । त्यो राजनीतिक परिवर्तन पछि देशको राज्य संरचना, अर्थतन्त्र र सामाजिक संरचनामा ठूलो सुधार र पुनर्गठन हुनेछ भन्ने आम जनताको अपेक्षा थियो । ती कामहरू नगरी जनता र राष्ट्रलाई नयाा धरातलमा उठाउनु संभव पनि थिएन ।

- त्यसबेला हाम्रा सामु शताब्दीदेखि जनभावनाका विरुद्ध काम गर्दै आएको अत्यन्त केन्द्रिकृत राज्य संरचना थियो ।
- माथिदेखि तलसम्म भ्रष्टाचार र अनैतिकतामा डुबेको, ढिला-ढाला र सुस्त प्रशासन यन्त्र हाम्रा सामु थियो ।
- त्यही केन्द्रिकृत राज्य संरचनालाई अनुकूल हुने गरी खडा गरिएको ५ विकास क्षेत्र, १४ अंचल र ७५ जिल्लामा विभाजित मुलुकको अत्यन्त खर्चिलो राजनीतिक प्रशासनिक ढाँचा हाम्रा सामु थियो ।
- स्थानीय निकायहरूलाई वास्तविक स्थानीय प्रतिनिधि संस्थाका रूपमा रूपान्तरित गर्नु जरुरी थियो ।
- विश्व व्यापार संगठन, सार्क र तिनीहरूको विकासले ल्याउने चुनौती र अवसरलाई समेत ख्याल गर्दै मुलुकलाई रूपान्तरण गर्नु जरुरी थियो ।
- परम्परागत घेरामा गुम्सिएको कृषि अर्थतन्त्र, पूर्वाधारहरूको अभाव र नीतिगत संकीर्णताहरूले अर्थतन्त्रको विकास अवरुद्ध थियो ।
- ४० प्रतिशत भन्दा बढी जनता गरिबीको रेखामुनि बाँच्न विवस थिए ।
- नेपाली समाजमा लामो कालदेखि राज्य र शासक वर्गले अपनाउँदै आएको एकाधिकारपूर्ण नीतिका कारणले लैंगिक विभेद, जातीय विभेद, भाषिक विभेद, सांस्कृतिक विभेद, धार्मिक विभेद र क्षेत्रीय विभेदहरू विकसित भइरहेका थिए ।

वास्तवमा, २०४६ सालको परिवर्तनपछि समाजलाई रूपान्तरण गर्ने काममा तुरुन्त लाग्नु पर्ने थियो । तर, प्रथम निर्वाचनबाट बहुमत ल्याएर सत्तामा जाने शक्तिले त्यो काम गर्न सकेन । त्यसले आफ्नो असक्षमता, अयोग्यता र अनिच्छालाई मात्र जाहेर गरेन, अकर्मण्यता समेत प्रकट गऱ्यो । त्यो शक्ति आफै त्यसबेला अवरोध बन्न पुग्यो । त्यसपछि बनेका सरकारहरूले पनि परिवर्तन र पुनर्संरचनाको विषयलाई आवश्यक गम्भिरताका साथ लिने काम गरेनन् । फलस्वरूप समस्या चर्को बन्दै गयो र विद्यमान सामाजिक द्वन्द्वहरूले कटुता र शत्रुताको रूप मात्र लिएन, नेकपा (माओवादी) को सक्रियतामा सशस्त्र संघर्षको रूपमा अहिले सिंगो देश नै हिंसा र रक्तपातमय बन्न पुगको छ । यो आत्मविध्वंसक हिंसा र प्रतिहिंसाबाट जनता र राष्ट्रलाई मुक्त गर्न समाजलाई दिगो शान्ति तथा विकासको लागि पुनर्संरचना नगरी अब हुँदै नहुने स्थिति देखा परेको छ ।

> **"यो आत्मविध्वंसक हिंसा र प्रतिहिंसाबाट जनता र राष्ट्रलाई मुक्त गर्न समाजलाई दिगो शान्ति तथा विकासको लागि पुनर्संरचना नगरी अब हुँदै नहुने स्थिति देखा परेको छ ।"**

**क) राज्य संरचनामा सुधारका निम्ति हामीले निम्न काम गर्नु पर्दछः**

१) एकीकरण पछि शासन गर्ने निरंकुश शासकहरूले मुलुकको राज्य संरचनालाई एकपछि अर्को केन्द्रिकरण गर्दै राज्य यन्त्रलाई आफ्नो बपौती जस्तो मात्र बनाए । तर, अब केन्द्रिकृत राज्य संरचनालाई बदल्नु पर्छ र सम्पूर्ण जनताको साझा राज्यका रूपमा रूपान्तरण गर्ने प्रक्रियाको थालनी गर्नु पर्छ ।

२) विगतमा केन्द्रिकृत गरिएका सबै अधिकारहरू शक्ति हस्तान्तरण (डिभोलुसन) को प्रक्रियाद्वारा आम जनतामा हस्तान्तरण गर्नु पर्छ, उनीहरूलाई नै शासन र शक्तिका स्रोतका रूपमा स्थापित गर्नु पर्छ र जनताबाट प्राप्त गर्ने र जनतामा नै पुऱ्याउने पद्धति र प्रक्रियाद्वारा प्रजातान्त्रिक नेपाल राज्यको पुनर्संरचना गर्नु पर्छ ।

३) हिजो केन्द्रिकृत शासन प्रणालीलाई बलियो बनाउने गरी पंचायत कालमा आएर मुलुकलाई पाँच विकास क्षेत्र, १४ अंचल, ७५ जिल्ला र करिब चार हजार गा.वि.स र केही नगरपालिकाका रूपमा विभाजित गर्ने काम भयो । अबको अवस्थामा मुलुकलाई करिब १० वटा क्षेत्रमा विभाजन गर्नु पर्छ । क्षेत्रमा केन्द्रका अधिकारहरू हस्तान्तरित गर्नु पर्छ र क्षेत्रीय जन सरकारको अवधारणालाई विकास गर्नु पर्छ ।

४) ७५ वटा जिल्लाहरूको यो जिल्लागत संरचनालाई करिब ४० जिल्लामा ल्याई मुलुकको सामाजिक, आर्थिक र सांस्कृतिक विकासको प्रक्रियालाई ध्यानमा रखेर पुनः संरचना गर्न सकिन्छ । त्यसरी नै, गा.वि.सहरूको संख्या पनि घटाउनु पर्छ । नगरपालिकाहरूलाई भने देशको सामाजिक आर्थिक विकासलाई तीव्र पार्दै लाने क्रममा अझ विस्तार गर्दै जानु पर्छ र गाउँ र नगर

बीचको भिन्नतालाई सांगुरो पार्दै लानु पर्दछ ।

५) राष्ट्रिय स्तरमा प्रतिनिधि सभा र राष्ट्रिय सभा (जातीय सभा) तथा स्थानीय स्तरमा क्षेत्रीय सभा, जिल्ला सभा, नगर सभा र गाउँ सभा बनाउन सकिन्छ । यी स्थानीय निकायहरूलाई अर्को शब्दमा क्षेत्र पालिका, जिल्ला पालिका, नगरपालिका, र गाउँ पालिकाका रूपमा नामांकित गरेर विकास गर्न पनि सकिन्छ ।

६) स्थानीय निकायहरू जति बलिया बन्दै जान्छन्, मुलुकमा प्रजातान्त्रिक प्रणाली त्यति नै बलियो र संस्थागत बन्दै जान्छ । त्यसैले स्थानीय निकायहरूलाई राजनीतिक, आर्थिक, सांस्कृतिक, सामाजिक, वातावरणीय र अन्य सबै प्रकारका हक अधिकारले पूर्णस्वशासनको अधिकार सुम्पिनु पर्छ ।

७) स्थानीय निकायमा समानुपातिक प्रतिनिधित्व प्रणालीका आधारमा निर्वाचन गर्ने परिपाटीको विकास गरी सम्बन्धित क्षेत्रमा रहेका सबै वर्ग, तह, जात र समुदायका जनतालाई प्रतिनिधित्व गराउने व्यवस्था हुनु पर्छ ।

८) कामको प्रकृति अनुरूप राष्ट्रिय निकायहरूलाई प्रतिष्ठित र सच्चा जनप्रतिनिधि संस्थाका रूपमा खडा गर्न समानुपातिक प्रतिनिधित्व र प्रत्यक्ष निर्वाचनको प्रणाली दुवै तरिकालाई समन्वयात्मक रूपले उपयोग गर्नु पर्छ । व्यवस्थापिकाबाट कार्यकारिणीको निर्माण नगरी सोझै प्रत्यक्ष निर्वाचनबाट नै कार्यपालिका र व्यवस्थापिका दुवैको निर्वाचन गर्ने प्रणालीको विकास गर्नु पर्छ ।

९) देशको राष्ट्रिय सेना र प्रहरीलाई कार्यकारीको अभिन्न अंगका रूपमा सोझै निर्वाचित सरकार मातहत रहनेगरी विद्यमान संरचनामा आवश्यक सुधार गर्नु पर्छ । र, न्याय प्रशासन र प्रणालीलाई पनि नयाँ परिस्थिति अनुरूप ढाल्नु पर्दछ ।

१०) हाम्रो राज्य संरचना नेपाली समाजमा भएका सबै धर्म, आस्था र विश्वासहरूको साझा हुनु पर्छ र राज्यलाई धर्मनिरपेक्ष घोषणा गरिनु पर्छ ।

**ख) सामाजिक संरचनामा सुधारका निम्ति निम्न कदमहरू चाल्न जरुरी छः**

१) ठोस मापदण्डका आधारमा हिमाल, पहाड र तराईका सबै जातिहरूको सूची प्रकाशित गरी सूचीकृत सबै जातिका जनतालाई आफ्नो राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकासका निम्ति समान अवसर प्रदान गर्नु पर्छ ।

२) सबै जातिका जनतालाई राजकीय संरचनामा सहभागी बनाउने ध्येयले राष्ट्रिय सभालाई जातिहरूको सभाका रूपमा रूपान्तरित गर्नु पर्छ । विभिन्न जातिका जनतालाई उनीहरूको संख्याका आधारमा सबै क्षेत्रहरूबाट पालैपालो प्रतिनिधित्व हुने गरी सिट विभाजन गरिनु पर्छ ।

३) क्षेत्रीय, जिल्ला र गाउँ तथा नगर तहमा कूल जनसंख्यामा एक प्रतिशत भन्दा कम रहेका जातिहरूलाई सम्बन्धित तहमा उनीहरूको जनसंख्याको अनुपातमा सिट छुट्याउनु पर्छ र सम्बन्धित जातिका जनता बीचबाट निर्वाचन गरिनु पर्छ ।

५) तत्काल सबै स्थानीय निकायहरूमा महिलाहरूलाई एक तिहाई संख्यामा प्रतिनिधित्व गराउनु पर्छ र त्यसलाई क्रमशः बढाउँदै लाने वातावरण सृजना गर्नु पर्छ । राष्ट्रिय स्तरका निकायमा पनि कम्तिमा २० प्रतिशत महिला प्रतिनिधित्व गराउनु पर्छ र त्यसलाई बढाउँदै लानु पर्छ ।

६) राज्यले त्रिभाषिक नीति लिनु पर्छ । स्थानीय तहमा जुन भाषा बहुल छ त्यही भाषाको प्रयोग गर्ने, राष्ट्रिय स्तरमा सम्पर्क भाषाको रूपमा नेपालीको प्रयोग गर्ने र अन्तर्राष्ट्रिय सम्पर्क भाषाका रूपमा अंग्रेजी भाषाको प्रयोग गर्ने नीति लिनु पर्छ ।

७) कूल जनसंख्यामा एक प्रतिशत भन्दा कम संख्यामा रहेका जातिहरूलाई र अछुत समुदायका जनतालाई विशेष रूपमा  र अन्य जनजातिहरूलाई राज्यले शिक्षा, स्वास्थ्य, राष्ट्र सेवा र अन्य सेवा क्षेत्रमा विशेष सहुलियत र सुविधा दिने प्रबन्ध हुनु पर्छ ।

८) नेपाली समाजमा रहेको पितृसत्तात्मक शोषण, उत्पीडन तथा कुप्रथा, अन्धविश्वास र रुढीग्रस्त अवधारणाहरू हटाउन प्रगतिशील जनसंस्कृतिलाई प्रवर्द्धन गर्न राज्यले सबैलाई प्रोत्साहन दिनु पर्छ ।

९) भौगोलिक विकटताले उत्पन्न गरेका विषमताहरूलाई आधुनिक यातायात, संचार  र सेवा प्रणालीहरूको विकास गर्दै न्यूनीकरण गर्दै जाने र पूर्व-पश्चिम, उत्तर-दक्षिण, पहाड-तराईमा रहेका विभिन्न जातिका जनता बीच एउटा साझा राष्ट्रिय भावनाको विकास गर्नु पर्छ ।

**ग) आर्थिक पुनर्संरचना**

१) राज्य र निजी क्षेत्र दुवैको भूमिका र योगदानको उचित सन्तुलनका साथ मिश्रित अर्थ व्यवस्थालाई अघि बढाउनु जरुरी छ ।

२) कृषि अर्थतन्त्र भित्र ठूलो भागलाई अर्ध-सामन्ती उत्पादन सम्बन्धले बाँधेकोले त्यो उत्पादन सम्बन्धका साङलाहरू चुँडाल्नु पर्छ, किसानहरूलाई ती परम्परागत बन्धनबाट मुक्त पारी प्रचलित भूमि सम्बन्धलाई पुनः संरचना गर्नु पर्छ ।

३) भूमि सम्बन्धमा पुनः संरचना गर्ने भनेको भूमिसुधार नै हो । तर अब परम्परागत अर्थको भूमिसुधार हुन सक्दैन । यहाँ भूमिसुधार भनेको भूमिको पुनर्वितरण मात्र हो र हुनु पर्ने छ ।

४) नेपालको कृषि क्षेत्रलाई समग्र रूपमा नै

**"स्थानीय निकायहरू जति बलिया बन्दै जान्छन्, मुलुकमा प्रजातान्त्रिक प्रणाली त्यति नै बलियो र संस्थागत बन्दै जान्छ ।"**

पुनः संरचना गर्न कृषकहरूलाई अनुसन्धान सेवाका साथै प्राविधक, विभिन्न किटनाशक औषधि, प्रशोधित मल र बजार सेवासमेत उपलब्ध गराउन पर्दछ। मुलुकको कृषिमा क्रान्तिकारी रूपान्तरण ल्याउन, नगदे कृषिबालीहरूलाई प्रशोधन गर्ने र प्रशोधित उत्पादनलाई बजारसम्म पुऱ्याउने काममा राज्यलेसमेत भूमिका खेल्नु पर्छ र निजी तथा सहकारी क्षेत्रलाई कृषि उद्योगहरू खोल्न प्रोत्साहित गर्नुपर्छ ।

५) विश्व व्यापार संगठनमा स्वयं पनि प्रवेश गरिसकेकोले अब नेपाल पनि खुल्ला विश्व बजारको अभिन्न अंग बनेको छ। हाम्रा तुलनात्मक फाइदाका क्षेत्रहरूको विस्तृत अध्ययन गरी ती क्षेत्रलाई विशेष प्रोत्साहनका साथ अघि बढाउँदै राष्ट्रिय औद्योगिकरणको प्रक्रियालाई तीव्र पारिनु पर्छ।

६) सन २००६ देखि दक्षिण एशिया क्षेत्रका सबै देशहरू नै "स्वतन्त्र व्यापार क्षेत्र"का रूपमा अघि बढ्ने नीतिमा पुगिसकेका छन्, उक्त कुरालाई पनि ध्यानमा राखेर हामीले हाम्रो औद्योगिकरणको मार्ग पहिल्याउनु पर्नेछ।

७) हामीले हाम्रो आर्थिक पुनर्संरचना र विकासका तत्कालीन र दीर्घकालीन नीतिहरू लिनु पर्छ। तुलनात्मक फाइदाका क्षेत्रहरूलाई द्रुत गतिले विकास गर्न अन्तर्राष्ट्रिय लगानीलाई पनि व्यापकरूपले आकर्षित गर्नुपर्छ।

८) प्रजातान्त्रिक नेपाल विश्व समुदायसंग खुला हुनेछ, सीमानालाई विश्वको लगानीका निम्ति र व्यापारका निम्ति खुला गर्नेछ।

९) ग्रामीण कृषि अर्थतन्त्रमा रहेका भूमिहीन, गरिब र सुकुम्बासी किसान जनताको हितका निम्ति तथा देशमा गरिबीको रेखामुनि रहेको जनतालाई विभिन्न प्रकारका आय-आर्जनका काममा लगाइने छ र उनीहरूको आयमा अभिवृद्धि गर्दै गरिबी उन्मूलन गर्ने दिशामा कदम अघि बढाउने छ।

१०) विभिन्न पिछडिएका जनजातिहरू, साना जातिहरू, अछुत बनाइएका समुदायहरू र अन्य विपन्न तहका जनता र महिलाहरूका निम्ति पनि विशेष कार्यक्रम लागू गरिनेछ।

११) राष्ट्रिय अर्थतन्त्रको तत्कालीन र दीर्घकालीन विकासका निम्ति तदनुरूपको राष्ट्रिय दृष्टिकोण निर्माण गर्नैपर्छ।

१२) जलस्रोतको विकास, जैविक विविधताको संरक्षण र मानव संसाधनको विकासलाई विशेष जोड दिएर यिनै प्राथमिकताका आधारमा बचत र लगानीलाई परिचालित गर्नुपर्छ।

(जिफन्टको आयोजनामा भदौ २९-३०, २०६१मा सम्पन्न 'प्रजातन्त्र र शान्ति' विषयको राष्ट्रिय सेमिनारमा छलफलका लागि प्रस्तुत कार्यपत्रको संक्षेपीकरण)

# बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रः युरोपेली अनुभव

**– मोनिका एन्डरसेन,** अन्तरराष्ट्रिय सचिव - समाजवादी वाम पार्टी, नर्वे



युरोपमा राजतन्त्र भएका मुलुकहरूमा 'निरंकुश राजतन्त्रबाट संवैधानिक राजतन्त्र' तिर ऐतिहासिक परिवर्तन भएको छ। शताब्दीऔं पहिले युरोपेली देशहरूमा पनि शाही परिवार सर्वशक्तिमान थिए। 'म नै राज्य हुँ' भन्ने फ्रान्सको राजा लुडविग चौधौंको बारेमा यहाँहरूले सुन्नु भएको हुनु पर्छ। यो पन्ध्रौं शताब्दी तिरको कुरा हो। तर, जागरणको युग र फ्रान्सेली क्रान्ति पछिको नयाँ विचारले सम्पूर्ण पश्चिमी विश्वको जनतालाई उत्साहित पाऱ्यो। र, विभिन्न संस्थाहरू बीच शक्ति-साझेदारीको सिद्धान्त सामान्य बन्न पुग्यो। यसैको कारण युरोपभरीका राजसंस्थाले 'शक्ति' गुमाए।

अहिले युरोपमा वैधानिक रूपमा 'वंशानुगत आधारको शक्ति भएका' कोही छैनन्, त्यसैले युरोपभरीका शाही परिवार 'औपचारिक व्यक्तित्व' को रूपमा फेरिएका छन्। जनता जस्तै भएका छन्।

नर्वे संवैधानिक रातन्त्रतात्मक देश हो। हाम्रा राजा राष्ट्र प्रमुख हुन् र औपचारिक रूपमा सरकारको नियुक्ति उनैले गर्छन्, यद्यपि यो केवल औपचारिकता हो। नर्वेको राजनीतिक प्रणालीमा संसदीय शासनको सिद्धान्त कायम गरिएको छ। यसको अर्थ हो, व्यवहारमा नर्वेको संसदको कार्यपालिकाको रूपमा सरकारले अधिकारको प्रयोग गर्छ। यसको अर्थ के पनि हो भने, सरकार नै संसदप्रति उत्तरदायी हुन्छ, त्यसले विश्वास गरुञ्जेल टिक्छ। यद्यपि, संसदीय शासनको सिद्धान्त हाम्रो देशको संविधानमा लेखिएको छैन। र, हाम्रो पार्टीले यसलाई 'प्रजातान्त्रिक समस्या' ठान्दछ।

नर्वेको समाजवादी वाम पार्टी गणतन्त्रवादी-समाजवादी पार्टी हो। हाम्रा सांसदहरूले हरेक संसदीय बैठकमा संविधान संशोधन गर्ने र नर्वेलाई गणतन्त्र बनाउने प्रस्ताव राख्दै आएका छन्। आज भोलि नर्वेको औपचारिक राष्ट्र प्रमुखको रूपमा राजा रहँदा खासै समस्या भने परेको छैन। तर, हाम्रो पार्टीको सिद्धान्तले के भन्छ भने 'राष्ट्रले आफ्नो प्रमुख चुन्न पाउनु पर्छ, प्रमुख बन्ने वंशानुगत अधिकार कसैमा पनि हुनुहुन्न।' पार्टीले केमा पनि जोड दिएको छ भने संसदीय आधारभूत नियम र सूचनाको हकको सिद्धान्त जस्ता विषय वैधानिक रूपमा नर्वेको संविधानको अंग बन्नु पर्छ - जुन आजभोलि बनेको छैन, व्यवहारको रूपमा अपनाइँदै आइएको छ। हाम्रो पार्टीले संविधानमा लेखिएको 'राजा' भन्ने शब्दलाई "सरकार' भन्ने शब्दबाट फेर्नु पर्छ भन्ने विचार राखेको छ। यद्यपि, राजतन्त्र हजारौं वर्षदेखि नर्वेमा जारी छ र त्यसैले यस्तो परिवर्तन गर्ने पक्षमा जनतालाई मनाउन त्यति सजिलो छैन। यसको कारण के हो भने हामीद्वारा प्रस्तावित परिवर्तनको खासै 'अर्थ' रहेको जनता ठान्दैनन्। संविधान संशोधनको प्रस्ताव ४ वर्षे कार्यकालमा संसदको पहिलो तीन वर्षभित्र दर्ता गर्नु पर्छ, जुन अर्को अवधिको संसदको पहिलो तीन वर्ष नभई छलफलमा लगिंदैन। यस बीच हुने चुनाव मार्फत जनताले प्रस्ताव उपर आफ्नो मत जाहेर गर्छन्।

बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र साथसाथै जान सक्छ । संविधानको भाषा सोही अनुरूप परिवर्तन नगरे पनि संसदीय अभ्यास अनुरूप नर्वेमा वास्तविक अधिकार राजाको हातमा छैन । संविधानमा "राजाको" भनिएको सबै अधिकार व्यवहारमा सरकारले प्रयोग गर्छ । यही कारणले समाजवादी वाम पार्टीले 'जे लेखिएको छ, त्यही गर्ने गरी' संविधान फेर्ने प्रस्ताव अघि सारेको हो । र, मैले माथि उल्लेख गरे झैं 'देशमा राष्ट्र प्रमुखको रूपमा निर्वाचित राष्ट्रपति हुनु पर्छ, वंशानुगत रूपमा अधिकार प्रयोग गर्ने राजा वा रानी होइन' भन्ने पार्टीको धारणा रहेको छ ।

राजासँग वास्तविक अधिकार नरहे पनि हरेक शुक्रवार मन्त्रीमण्डलको अध्यक्षता भने उनी नै गर्छन्, जुन राजदरवारमा हुने गर्छ (यसको अर्थ हो राजाले दरवार बाहिर राजनीतिक प्रकृतिको कुनै पनि काम गर्नै हुँदैन!) ।

नर्वेको संविधानको एउटा महत्वपूर्ण सिद्धान्त भनेको शक्ति-पृथकीकरण हो । राज्यको अधिकार स्वतन्त्र रूपमा काम गर्ने थुप्रै भागमा विभाजित छ, जसले एक आपसमा नियन्त्रण र सन्तुलनको रूपमा काम गर्छन् । यो सिद्धान्तको उद्देश्य भनेको एकै ठाउँमा शक्ति केन्द्रिकृत गरी अधिकारको दुरूपयोग हुनबाट जोगाउनु हो । सन् १८१४ मा व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकाको अधिकार संसद, राजा र अदालत बीच बाँडियो । यो शक्तिको बाँडफाँड संवैधानिक रूपमा आजसम्म पनि कायमै छ तर, वास्तविक अर्थमा यो शक्तिको विभाजन संसद, सरकार र अदलतको बीचमा रहेको छ । सन् १८१४ को विधानबाट नर्वेका राजाको अधिकार खोसियो र १८८४ मा नर्वेको संसदमा पार्टीहरूको प्रवेश पछि राजाले थप अधिकार गुमाए । पार्टीहरूको कुरा गर्दा उदारवादी (लिवरल) र दक्षिणपन्थी (कन्जरभेटिज) पार्टीहरू औपचारिक रूपमा १८८४ मा स्थापित भएका हुन् भने लेबोर पार्टी १८८७ मा स्थापित गरिएको हो । यो पार्टीले १९०३ सम्म एक सीट पनि संसदमा जित्न सकेन । समाजवादी वाम पार्टी नर्वेको लेबोर पार्टीबाटै जन्मिएको हो - यसको अर्कै लामो कथा छ ।

राज्यको रूपमा नर्वे धेरै वर्षसम्म पहिले डेनिस र त्यसपछि स्वीडिस राजाको मातहतमा रह्यो । सन् १८१४ मा नर्वेको संविधान बनेको भए तापनि सन् १९०५ सम्म नर्वेको आफ्नै राजा थिएनन् । आफ्नै संविधान भएकोले नर्वेको आन्तरिक नीति आफ्नै संविधान अनुरूप र वैदेशिक नीति स्वीडेनको जे थियो त्यही हुन्थ्यो । १९०५ मा नर्वेको सरकारले स्वीडेनसँगको सम्बन्ध भंग गरिदियो । दुई देश बीच झण्डै झण्डै युद्ध हुने स्थिति उत्पन्न भयो । त्यसपछि नर्वेको सरकारले डेनमार्कको राजकुमारलाई नर्वेको राजा बन्न आमन्त्रण गर्‍यो । चाखलाग्दो कुरा त के रह्यो भने डेनिस राजकुमारले 'नर्वे गणतन्त्र बन्ने कि राजतन्त्रात्मक मुलुक हुने' भन्नेमा आफैले निर्णय गर्न जनतालाई आग्रह गरे । असी प्रतिशत जनताले राजतन्त्रको पक्षमा मत हाले । अहिले हाम्रो पार्टी -समाजवादी वाम पार्टीले पनि 'नर्वे संवैधानिक राजतन्त्रतात्मक कि संवैधानिक गणतन्त्रात्मक मुलुक बन्ने' भन्नेमा त्यसै गरी जनताको समर्थन प्राप्त गर्न चाहेको छ ।

नर्वेको आधिकारिक राज्य धर्म क्रिश्चियन मानिएको छ र राजा चर्चको पनि प्रमुख हुन् । समाजवादी वाम पार्टी राज्यको खास धर्म किट्नु गलत हो भन्ने ठान्दछ, त्यसैले संसदमा धर्म-कर्मको विषयलाई निजी विषय बनाउनु पर्छ भन्ने संशोधन हामीले प्रस्ताव गरेका छौं । हामीलाई लाग्छ देशभित्र सबै धर्म स्वतन्त्र हुनु पर्छ र कुनै खास धर्मलाई माथि राखेर अरुलाई व्यवहार गर्नु हुन्न । कुनै धर्मलाई राज्य-धर्म घोषणा गर्दा सार्वजनिक स्कूलमा त्यही धार्मिक विश्वासको आधारमा शिक्षा दिइन्छ । धेरै अल्पसंख्यक जाति रहेको नर्वे जस्तो देशमा यो 'समस्या' हो भन्ने हामीलाई लागेको छ ।

नर्वेमा अब महिलाहरू राजगद्दीको उत्तराधिकारी हुन सक्छन् । तर, त्यो अधिकार सन् १९९० मा कानुनको परिवर्तन नहुँदा सम्म थिएन । यो परिवर्तन पनि कानुन परिवर्तन भएको मिति पछि मात्र लागू हुने भएकोले दिदी भन्दा दुई वर्ष कान्छो भए पनि युवराज राजगद्दीका उत्तराधिकारी तोकिएका छन् । राजगद्दी सम्बन्धी यस्तै कानुनी परिवर्तन स्वीडेनमा पनि नर्वेभन्दा केही वर्ष पहिले मात्र भएको थियो । तर, स्वीडेनमा चाहिँ कानुन परिवर्तन हुनासाथ लागू भएकोले उत्तराधिकारी तोकिएका कान्छा युवराजको सट्टा जेठी राजकुमारीलाई उत्तराधिकारी तोकिएको छ ।

अन्त्यमा, देशमा संवैधानिक राजतन्त्र कि संवैधानिक गणतन्त्रको शासन हुने भन्ने कुरा जनताकै इच्छामा छोडिनु पर्छ । यदि हामीले जनताको इच्छा विपरित शासन गर्न खोज्यौं भने संवैधानिक गणतन्त्र होस् कि संवैधानिक राजतन्त्र, साम्यवादी शासन होस् कि बजार अर्थतन्त्रमा आधारित उदारतावादी शासन व्यवस्था- त्यसले दुखदायी परिणति भोग्नु पर्नेछ ।

- जिफन्ट/एलआइएफ 'प्रजातन्त्र र शान्ति' विषयक राष्ट्रिय सेमिनार' ( भदौ २९-३०, २०६१) मा प्रस्तुत कार्यपत्रको संक्षेपीकरण

**"नर्वेमा अब महिलाहरू राजगद्दीको उत्तराधिकारी हुन सक्छन् । तर, त्यो अधिकार सन् १९९० मा कानुनको परिवर्तन नहुँदा सम्म थिएन । यो परिवर्तन पनि कानुन परिवर्तन भएको मिति पछि मात्र लागू हुने भएकोले दिदी भन्दा दुई वर्ष कान्छो भए पनि युवराज राजगद्दीका उत्तराधिकारी तोकिएका छन् ।"**



# महिलाहरूको लामो संघर्ष र प्राप्त उपलब्धिहरू

– उल्ला एण्डरसन
केन्द्रीय सदस्य, स्वीडिस वाम पार्टी

विश्वभर हाम्रो सामाजिक संरचना उस्तै प्रकारको छ, जसमा महिलाहरूलाई पुरुषको तुलनामा कम आँकिन्छ र उनीहरूलाई पुरुषको मातहत राखिन्छ। यो कुरा विश्वका फरक-फरक ठाउँमा फरक रूपमा अभिव्यक्त हुने गरेको पाइन्छ।

स्वीडेनको महिला आन्दोलनको इतिहास अध्ययन गर्दा यसलाई तीन चरणमा बाँडेर हेर्न सकिन्छ। सन् १८७५ देखि १९२१ को अवधिलाई आन्दोलनको पहिलो चरणका रूपमा लिन सकिन्छ। यस अवधिमा समान मताधिकार, उच्च शिक्षा, न्यायिक र नागरिक अधिकारमा समानता र विवाहित र अविवाहित महिला बीच समान हकका विषयहरू प्रमुख रूपमा उठाइएका थिए। यस आन्दोलनको नेतृत्व उदारवादी पार्टीले गरेको थियो। समाजवादी विचार बोक्ने पार्टीहरूको सोच भने "पुँजीवादको अन्त्य र वर्गविहिन समाजका पक्षमा हुने आन्दोलनबाट महिला-पुरुष बीच समानता स्वतः कायम हुन्छ र श्रमिक वर्गको मुक्ति आन्दोलनले महिलालाई पनि मुक्ति दिन्छ" भन्ने थियो। तर, संयोगवस पार्टीभित्र श्रमिक महिलाहरूको चर्को दवावको कारण उनीहरूले आफ्नो त्यो सोचलाई समयमा नै परिवर्तन गर्न सके।

सन् १९१९ मा स्वीडेनमा महिला र पुरुष दुवैले समान मताधिकार प्राप्त गरे। १९२१ को निर्वाचनमा महिलाहरू पहिलो पटक संसदमा निर्वाचित भए। त्यस वेला स्थानीय निकायमा ३.५ प्रतिशत महिला निर्वाचित भएका थिए भने उच्च शिक्षामा महिला सहभागिता बृद्धि हुनुका साथै महिलाका पक्षमा केही थप कानुनहरू पनि बने।

महिला आन्दोलनको दोस्रो चरणका रूपमा सन् १९६५ देखि १९८० को समयलाई लिइन्छ। यो आन्दोलन "आठ जनाको समूह" ले शुरु गरेका थिए। ती आठै जना महिलाहरू समाजवादी र कम्युनिस्ट विचारका थिए। उनीहरूमध्ये बहुमत सदस्य राजनीतिक रूपमा सक्रिय भए पनि उनीहरू सचिवको रूपमा पुरुषहरूले गर्ने निर्णय प्रक्रियाको सहयोगी मात्र बन्नु पर्दा आजित भइसकेका थिए। यो संगठन हरेक ठूला शहर र गाउँका कुनाकुनासम्म फैलिएको थियो तर, तहगत रूपमा कोही 'ठूला–साना' थिएनन्। आन्दोलनको क्रममा उनीहरूले जुलुस, प्रदर्शन, बैठक, अध्ययन समूह, लेख-रचनाका साथै थुप्रै महिला सांगितिक समूहहरू निर्माण गरी गतिविधि अगाडि बढाउन थाले।

यस अवधिमा महिला र पुरुष बीच कानुनी र रोजगारी सम्बन्धी समान अधिकारका विषय प्रमुख मुद्दा बन्यो। समान कामको समान पारिश्रमिक, गर्भपतनको अधिकार, शिशु-स्याहारको व्यवस्था, पुरुषहरूका लागि समेत परिवार नियोजनको साधनको उपलब्धता र सुरक्षित मातृत्वको ग्यारेण्टी जस्ता मागहरू यस चरणका प्रमुख माग थिए। उनीहरू परिवारमा महिलामाथि हुने दोहोरो शोषणका विरुद्ध लडे। कतिपयले त विवाह महिलाहरूको लागि दासता हो भन्ने तर्क समेत अगाडि सारे। तर, समाजवादीहरू यो तर्कसँग सहमत थिएनन्। तुलनात्मक रूपमा श्रमजीवी महिलाहरू मध्यम तथा बुर्जुवा महिलाहरू जति शोषित थिएनन्। यसमा उनीहरूको तर्क थियो "श्रमप्रतिको सम्मान र उत्पादनमा महिला सहभागिता यसको मूल कारण हो"। महिला विरुद्धको हिंसा, विरामी केटाकेटीको हेरचाहको उचित व्यवस्था, महिलाहरूको यौन स्वतन्त्रता, अश्लिल चित्र माथि रोक र अन्य यस्तै मागहरू पनि यस चरणमा प्रशस्त उठाइए। जेण्डर समान समाज निर्माणको प्रक्रियामा "निजी विषय पनि राजनीतिक विषय हो" भन्ने कुरा यसै आन्दोलनको क्रममा स्थापित हुन पुग्यो।

> **"महिलाहरूको यौन स्वतन्त्रता, अश्लिल चित्र माथि रोक र अन्य यस्तै मागहरू पनि यस चरणमा प्रशस्त उठाइए। जेण्डर समान समाज निर्माणको प्रक्रियामा "निजी विषय पनि राजनीतिक विषय हो" भन्ने कुरा यसै आन्दोलनको क्रममा स्थापित हुन पुग्यो।"**

यस आन्दोलनको उपलब्धी स्वरूप एक लाख भन्दा बढी शिशुस्याहार केन्द्रहरू खोलिए, श्रम बजारमा महिला सहभागिता बृद्धि भई १९५० मा रहेको ३६ प्रतिशतबाट १९७० मा ६८ प्रतिशत पुग्यो। गर्भपतनको स्वतन्त्रता र सुरक्षित मातृत्वको अधिकार प्राप्त गरे। महिला पुरुष दुवैका लागि अभिभावक बीमाको व्यवस्था गरियो। बच्चा जन्मेको पहिलो महिनामा आमा-बाबु दुवैले पारिश्रमिक सहितको बिदा पाउने व्यवस्था भयो। यो बिदाको अवधि अहिले ४८० दिन पुगेको छ, जसमध्ये पहिलो दुई महिना आमाले र त्यसपछिको दुई महिना बाबुले अनिवार्य रूपमा लिनु पर्दछ। र त्यसपछि, बाँकी अवधिको बिदा बाबु वा आमामध्ये आवश्यकता अनुसार लिन सकिन्छ। आन्दोलनकै कारण महिलाको पारिश्रमिक पुरुषको तुलनामा झण्डै ९० प्रतिशतसम्म वृद्धि भएको थियो।

महिला आन्दोलनको यही समयमा महिलावादी विचारको आगमन भयो। महिला सम्बन्धी अध्ययन, जेण्डर, पितृसत्तात्मक सोच जस्ता अवधारणाहरू विकसित भयो। पितृसत्तात्मक अवधारणाले "पुरुष र शक्ति संरचना बीच सम्बन्ध छ, त्यसैले समाजमा पुरुष प्रधानता सम्भव भएको हो" भन्ने कुरा अगाडि आयो। यही सोचका कारण पितृसत्ता विरोधि धेरै पुरुषहरूले महिला आन्दोलनमा साथ दिन थाले। अन्ततः "वर्गीय विभेद र लिंगीय विभेद दुवै विषयलाई आन्दोलनमा साथसाथ उठाउनु पर्दछ" भन्ने नयाँ सिद्धान्तको प्रतिपादन भयो।

१९९० पछि आन्दोलनले नयाँ आयाम लियो र तेस्रो चरणमा प्रवेश गर्‍यो। संजाल (नेटवर्क), पत्रपत्रिका र पुस्तकहरू आन्दोलनको महत्वपूर्ण पाटो मात्र होइन, अभिन्न अंग बने। धेरै युवा महिलाहरू आम-सञ्चारको माध्यमबाट आन्दोलनमा सहभागी हुन थाले। पहिला संसदमा रहेको ३८ प्रतिशत महिला सहभागिता १९९१ को निर्वाचनमा ३३ प्रतिशतमा झर्‍यो। यसपछि महिलाहरूले १९९४ को निर्वाचन हुनु अगाडि नै राजनीतिमा महिलाको समान सहभागिताको लागि "महिला पार्टी" बनाउनु पर्छ भन्ने कुरा चुनौतीका साथ उठाए। यस चुनौतीपूर्ण पहलका

कारण संसदमा महिला सहभागिता ४० प्रतिशत भन्दामाथि पुग्यो । त्यस घटनापछि स्वीडेनको सामाजिक-जनवादी पार्टी र वाम पार्टीले महिलाका लागि कोटा छुट्याउदै संसददेखि स्थानीय तहसम्मको निर्वाचनमा महिला र पुरुषको अनुपात ५०/५० प्रतिशत उम्मेदवार उठाउने निर्णय गरे । यसपछिका दिनमा पार्टीभित्र जहिले पनि पुरुषका निर्णय लागू हुने प्रचलन बन्द भएको छ ।

तर, अझै पनि महत्वपूर्ण ठानिएका पदहरू पुरुषले लिने क्रम जारी छ । संसदभित्रका कार्यकारी कमिटीका अध्यक्षमा झण्डै ७० प्रतिशत पुरुष छन् । सरकारमा ४८ प्रतिशत मन्त्री महिला छन्, तर अर्थमन्त्री र प्रधानमन्त्री दुवै पुरुष छन् । राष्ट्रिय संसद र जिल्ला तहमा ४८ प्रतिशत र स्थानीय निकायमा ४२ प्रतिशत महिला छन् । न्याय क्षेत्र र विभिन्न क्षेत्रका बोर्डमा महिला र पुरुषको लागि छुट्टै कोटाको व्यवस्था गरिएको छ । यसले शक्ति केन्द्रमा रहेकालाई जेण्डर सचेत बनाएको छ ।

यस अवधिमा महिलाहरूले प्रशस्त राजनीतिक शक्ति प्राप्त गरे, तर निजी क्षेत्रका प्रायः सबै महत्वपूर्ण ठाउँमा पुरुष मात्र छन् । ठूला ३०० वटा निजी कम्पनीको बोर्डमा १४ प्रतिशत मात्र महिला छन् भने २०० वटा ठूला कम्पनीका अध्यक्षमध्ये चारजना मात्र महिला छन् । निजी क्षेत्रको बोर्डको प्रमुख पदमा ८१ प्रतिशत र सार्वजनिक क्षेत्रमा ४५ प्रतिशत पुरुष छन् । त्यस्तै, आमसंचार क्षेत्रमा पनि आन्दोलनको पक्षमा संवेदनशील र महत्वपूर्ण रहने स्थानहरूमा पुरुषहरूको बाहुल्यता रहेको छ । महिलाहरू मूलरूपमा सार्वजनिक क्षेत्रमा काम गर्दछन्, जहाँ सिंगो श्रमिकको ७४ प्रतिशत महिला छन् भने निजी क्षेत्रमा उनीहरूको सहभागिता ३७ प्रतिशत मात्र रहेको छ ।

त्यसैले सार्वजनिक क्षेत्र महिलाको लागि असाध्यै महत्वपूर्ण क्षेत्र बनेको छ । यस क्षेत्रमा कम्पनीले नै शिशुस्याहार केन्द्रहरूको व्यवस्था गरिदिएकोले उनीहरूलाई यहाँ काम गर्न सजिलो भएको छ । यो खास गरी धनीहरू अक्सर पुरुषहरूबाट उठाइएको कर र सहयोगलाई गरीब वर्ग, अक्सर महिलाहरू नै यसमा पर्दछन्, पुनर्वितरणबाट सम्भव भएको हो ।

स्विडेन दुनियाँको त्यो भाग हो, जहाँ महिला र पुरुष बीच धेरै कुरामा समानता छ, तर, अझै पनि हरेक क्षेत्रमा समानता भने भएको छैन । "विमेन पावर एक्जामिनेसन" अर्थात महिलाको अधिकारको परीक्षण नामक एउटा ठूलो अध्ययनको निष्कर्ष अनुसार महिला आन्दोलन अहिलेकै गति, तरिका र सम्भावनाका आधारमा मात्र अगाडि बढ्ने हो भने हरेक क्षेत्रमा समानता प्राप्त गर्न अर्को १५० वर्ष लाग्न सक्छ । तर पनि, महिला अधिकारको लागि हाम्रो लडाई जारी रहनेछ ।

("शान्ति र प्रजातन्त्र" विषयक सेमिनारमा प्रस्तुत कार्यपत्रको विन्दा पाण्डेद्वारा गरिएको संक्षेपीकरण)

## स्वीडेनमा महिला समानताका पक्षमा भएको उपलब्धिपूर्ण वर्षहरू

| | |
|---|---|
| १८४५ | पैतृक सम्पत्तिमाथि महिला र पुरुषको समान अधिकार |
| १८६४ | श्रीमती माथि हुने कुटपिट विरुद्ध कानुनी व्यवस्था |
| १८७३ | महिलाले केही अपवाद बाहेक सबै विषयको डिग्री पाउन सक्ने व्यवस्था |
| १९०१ | महिलाले पारिश्रमिक विना चार हप्ताको सुत्केरी विदा पाउने व्यवस्था |
| १९१९ | महिलाहरूलाई नगरपालिका तहमा मत हाल्ने र निर्वाचित हुने अधिकार प्राप्त |
| १९२१ | महिलाहरूलाई राष्ट्रिय निर्वाचनमा मत हाल्ने र निर्वाचित हुने अधिकार प्राप्त |
| | विवाहित महिलालाई श्रीमान सरह कानुनी अधिकार प्राप्त |
| १९२२ | पहिलो पटक संसदमा पाँच जना महिला निर्वाचित |
| १९२५ | सरकारी सेवामा महिलालाई पुरुष सरह प्रवेशको कानुनी अधिकार |
| १९२७ | महिलाका लागि पनि सरकारी क्षेत्रका उच्च माध्यमिक विद्यालयहरू खुल्ला |
| १९३१ | मातृत्व संरक्षण वीमाको शुरुवात् |
| १९३५ | महिला र पुरुषको लागि पेन्सनको समान अधिकार |
| १९३९ | गर्भवति भएको वा सुत्केरी भएको र विवाह गरेको कारणले रोजगारीबाट हटाउन नपाइने कानुन |
| १९४७ | पहिलो पटक महिला "मन्त्री परिषद सदस्य" मा चयन |
| | शिशु स्याहार भत्ताको व्यवस्था, समान कामको समान ज्यालाको कानूनी व्यवस्था |
| १९५० | आमा बाबु दुवैलाई बच्चाको अभिभावकको रूपमा कानुनी मान्यता |
| १९५५ | महिला श्रमिकको लागि पारिश्रमिकसहित तिन महिना सुत्केरी विदाको व्यवस्था |
| १९६० | पाँच वर्षभित्र महिला पुरुष बिचमा रहेको पारिश्रमिकको विभेदको अन्त गर्नेक वारेमा उद्यमी र यूनियनहरू सहमती |
| १९६९ | नयाँ पाठ्यक्रमसहितको अनिवार्य शिक्षा लागू, समान अवसर सृजनामा विशेष जोड |
| १९७४ | शिशु जन्मदा आमावाबु मध्ये अभिभावक भत्ता रोज्न पाउने व्यवस्था |
| १९८० | रोजगारीको क्षेत्रमा लिंग विभेद विरुद्ध कानुन |
| १९८२ | सबै किसिमका दुराचार र महिला विरुद्ध हुने कुटपिट सार्वजनिक अपराध घोषणा |
| | विवाहपछि नाम परिवर्तन गर्नुपर्ने प्रावधानमा परिवर्तन गरी आफुले चाहेको नाम रोज्न पाउने व्यवस्था |
| | अश्लिल फोटो प्रदर्शनीमा रोक, महिलाको सार्वजनिक संगठनको स्थापना |
| १९८३ | सेनासहित रोजगारीका सबै क्षेत्रमा महिलाको प्रवेश खुल्ला |
| १९९२ | समान अवसर सम्बन्धी नयाँ कानुन |
| १९९४ | जेण्डर विभेदित तथ्यांक सरकारी तथ्यांकको अनिवार्य पाटो बनाइनु पर्ने व्यवस्था |
| १९९५ | आमा र वावु दुवैले कम्तिमा एक/एक महिना अभिभावक विदा लिनै पर्ने व्यवस्था |
| १९९७ | पहिलो महिला विसप (क्रिष्चियन पुजारी) |
| १९९८ | महिला हिंसा विरुद्ध कानुन |
| १९९९ | शरीर किनबेचमाथि प्रतिबन्ध |
| २००१ | समान अवसर सम्बन्धी अझै कडा कानुनको व्यवस्था |
| २००२ | सुत्केरी विदा ४८० दिन, त्यसमध्ये आमा र बाबुका लागि दुई-दुई महिना अनिवार्यको व्यवस्था |
| २००४ | सरकारी कार्यालयका लागि जेण्डर समानता सम्बन्धी रणनीति पारित र कार्यान्वयनको थालनी |



शंकर पोखरेल
केन्द्रीय सदस्य,
नेकपा (एमाले)

## भदौ सोह्रको
# सभ्यता माथि

"यहाँसम्म कि राज्यको सुरक्षाको जिम्मा लिएर बसेको युनिफाइड कमाण्ड र त्यसलाई नेतृत्व गरिरहेको सरकार समेत आम नागरिक जस्तै रमिते मात्र देखियो ।"

भदौ १६ गतेका दिन नेपालको राजधानी बिहानैदेखि कालो धुवाँको मुस्लोमा परिणत भयो । इराकका अतिवादीहरूद्वारा निर्दोष १२ नेपाली युवाहरू मारिएको घटनाको विरोधमा सडकमा उत्रिएको जमात हेर्दाहेर्दै आफैं पनि अर्को अतिवादको सहयोगी वन्न पुग्यो । नेपाली सत्ता-राजनीतिको केन्द्र मात्र होइन, नेपाली सभ्यता र संस्कृतिको केन्द्र समेत रहेको राजधानी काठमाडौंको सिंगो उपत्यका नै दिउँसो बाह्र बज्दा नबज्दै असभ्य कालो बादलले सम्पूर्ण रूपले छोपिन पुग्यो । सडकमा बढ्दै गएको अराजक क्रियाकलापप्रति असहमत रहेको जमात किंकर्तव्यविमुढ बनेर रमिता हेर्न विवस देखियो । जो त्यस भिडको नेतृत्व गरिरहेका व्यक्तिहरूको दानवीय प्रवृत्तिप्रति असहमत रह्यो, ऊ पनि प्रतिक्रियाहीन ढंगले आ-आफ्नो घरको कौसी र छतमा चढेर उड्दै गरेको कालो धुवाँको मुस्लोमा आफूलाई विलिन गराउन विवस देखियो । बिहानदेखि शुरु भएको प्रतिसोधरूपी असभ्यताको डढेलो हेर्दाहेर्दै चार-पाँच घन्टाको बीचमै सबैतिर फैलियो ।

त्यस दिन अधिकांश मेनपावर कम्पनीका अफिस र सम्पर्क कार्यालयहरू तोडफोड र आगजनीको शिकार भए । मेन पावर कम्पनीमाथि आक्रोश पोख्ने क्रममा उत्तेजक भिडले वैदेशीक रोजगार तालिम केन्द्र र सुरक्षागार्डका अफिसहरूलाई समेत बाँकी राखेन । उक्त दिन ईराकी अतिवादको विरोध गर्ने नाममा त्यस्तो अतिवादकै विरुद्धमा रहेका नेपाली मुसलमानहरू समेत अराजक भिडको प्रहारको निशाना वनाइए । मस्जिदमा आक्रमण भएको समाचारको फैलावटसँगै विभिन्न टोल र बस्तीमा रहेका मुस्लिम समुदाय र त्यस समुदायका हुन् कि भन्ने आशंकाको भरमा समेत अनेकौं व्यापारिक केन्द्रहरू र मुस्लिम राष्ट्रसँग सम्बन्धित एअर लायन्सहरू तथा विभिन्न व्यापारिक प्रतिष्ठानहरूमा समेत तोडफोड र आगजनी गरियो । यसरी निर्दोष नेपालीको हत्या भएको सम्वेदनशीलतालाई उपयोग गर्दै हिन्दु अतिवादलाई जाग्रित गर्ने कुप्रयास गरियो । मानिसहरूको ध्यान वास्तविक समस्या भन्दा अन्यत्रै मोड्ने उद्देश्यका साथ योजनाबद्ध रूपमा नै नेपाली संस्कृतिकै धरोहर बन्न पुगेका मस्जिदहरूमा निर्लज्ज आक्रमण भयो । त्यसपछि त लुटपाटको अन्तहिन श्रृंखला नै शुरु भयो । उद्दण्डता र अराजकताको यो रौद्ररूपबाट उत्साहित भएको दक्षिणपंथी अतिवादीहरूले नेपालका संचार माध्यमका दुई प्रमुख केन्द्रहरूमा आक्रमण गरेर आफ्नो जंगलीपनको नमूना प्रदर्शन गरे । राजधानीको यस प्रकारको कुसंस्कृतिको देखासिकी गर्दै देशका अन्य कतिपय भागहरूमा समेत यस्तै प्रकारका अनेकौ ध्वंसात्मक काम र क्रियाकलापहरू संचालन गरिए ।

एक प्रकारले भन्ने हो भने भदौ १६ गतेका दिन नेपाली सभ्य समाज नै हतप्रभ बन्ने गरी विवेकशून्य भिडद्वारा ताण्डव नृत्य मंचन गरियो । अझ भन्ने हो भने त्यसको आडमा अतिवादी तत्वहरूले सभ्य समाजलाई वदनाम गर्ने कुकृत्य गर्न सफल भए । उक्त दिन अन्धो बनेर सडकमा उत्रिएको जमातले कुन संस्थाले के काम गर्दछ भन्ने कुराको लेखा-जोखा गर्न पनि सकेन । आफूलाई कसले, कुन प्रयोजनका लागि दुरूपयोग गरिरहेको छ भन्ने पनि बुझ्न चाहेन । उक्त दिन यति कालो दिन बन्न पुग्यो कि विवेक शून्य भिडले जे माथि प्रहार गर्न चाह्यो, ती नष्ट भए । जे कुरालाई उसले चलाउनु आवश्यक ठानेन ती यथावत रहे ।

त्यो कालो घटनाले नेपालका सबै प्रकारका संस्थागत शक्तिहरूको सामर्थ्यमाथि नै गंभीर प्रश्न चिन्ह खडा गरी दिएको छ । यहाँसम्म कि राज्यको सुरक्षाको जिम्मा लिएर बसेको युनिफाइड कमाण्ड र त्यसलाई नेतृत्व गरिरहेको सरकार समेत आम नागरिक जस्तै रमिते मात्र देखियो । राजधानी जलिरहेको अवस्थामा दिउँसो २ वजेसम्म सरकार नामको कुनै पनि चिज कहीं कतै देखिएन । दुइ बजेको कर्फ्युको आदेश पछि मात्र कालो दिनको नेतृत्व गरिरहेकाहरूले विश्राम लिए । जब असभ्यताले रौद्ररूप प्रदर्शन गरेर विश्राम लियो, त्यसपछि मात्र एकपछि अर्को गर्दै सभ्य समाज, संस्थागत शक्ति, सुरक्षा निकाय र सरकार आ-आफ्नो भूमिकामा प्रकट हुन थाले । यसरी आधुनिक नेपालको इतिहासमा उल्का झैं आएको बिर्सनै नसकिने कालो दिनको अन्त्य पनि उल्का झैं भयो ।



# कालो दिन
# थेको कलंक

भदौ १६ लाई इराकमा निर्दोष नेपाली मारिएको घटनाको प्रतिक्रियात्मक दुर्घटना मात्र ठान्नु हुँदैन र त्यो वास्तविकता पनि होइन । त्यस दिनको घटना निर्दोष नेपालीको पासविक हत्यासँग सम्बन्धित हुँदाहुँदै पनि प्रतिक्रियालाई यस हदसम्म पासविक वनाउने कुरामा अन्य धेरै कुराको योग मिसिएको छ । उक्त दिन जुन प्रकारका जस्तो प्रकृतिका कार्वाही भए त्यसमा निश्चित प्रकारका आग्रह र स्वार्थहरूको प्रयोग समेत भएको थियो । भदौ १६ गतेका दिन त्यस प्रकारको गंभीर परिस्थिति सृजना हुनमा निम्न कुराको समेत योगदान रहेको छ -

१. इराकमा अपहरणमा परेका नेपालीहरूको फाइलटेप जस्ताको तस्तै प्रशारण गरिनु हुँदैनथ्यो । त्यसले अपहरणमा परेका व्यक्तिहरूको सुरक्षा र हत्यापश्चात उत्पन्न गर्नसक्ने प्रतिक्रियालाई हेक्का राखिनु पर्दथ्यो । अपहरणमा परेकाहरूले नेपाली भाषामा बोलेका कुराहरूलाई प्रशारणमा ल्याउने कुराले त्यसको अर्थ विभिन्न संचार माध्यम मार्फत अतिवादीहरूका बीचमा पुग्ने अवस्था सृजना भयो र अपहरणमा परेका नेपालीहरूको जीवन सुरक्षामा थप जोखिम बढ्न गयो । त्यसरी नै, अपहरणमा परेका नेपालीहरूको भनाइका कारणले पनि आम नेपालीहरूमा मेनपावर कम्पनीहरूप्रति आक्रोश उत्पन्न गरिदियो ।

२. मेनपावर कम्पनीहरूले निकै पहिलेदेखि निकै ठूलो संख्यामा युवाहरूलाई ठग्ने र शोषण गर्ने काम गर्दै आएका थिए । प्रमाणको अभावमा ठगिएकाहरूको आवाजको सुनुवाई पनि कतैतिरबाट हुन सकिरहेको थिएन । पछिल्लो समयमा त कतिपय मेनपावर कम्पनीले गुप्त रूपमा विभिन्न शक्ति केन्द्रको आडमा सरकारको अनुमति बिना नै गैरकानुनी रूपमा इराकमा मानव तस्करी गरिरहेका थिए । इराकको अपहरण र हत्याको घटनाले त्यसलाई बाहिर ल्याउने काम गर्‍यो । घटनाको समयमा हजारौंको संख्यामा युवाहरू विदेश जानका लागि राजधानीका लज र होटेलहरूमा बसेर मेनपावार कम्पनी मार्फत टिकट र भिसाको प्रतिक्षा गरिरहेका थिए । इराकमा नेपालीको अपहरण र हत्याको समाचारले उनीहरूलाई वैदेशिक रोजागारका जोखिम र मेनपावर कम्पनीको ठगिका बारेमा सम्वेदनशील बन्न बाध्य बनायो । लुम्बिनी ओभरसिज र श्रममन्त्रालय बीचको चिठ्ठा विवादले पनि वैदेशिक रोजगारमा जान चाहने युवाहरूलाई मेनपावार कम्पनीहरूप्रति आक्रोशित बनाएकै थियो । यस्तै पृष्ठभूमिमा नै मेन पावर कम्पनीहरूप्रति युवा र नागरिक समाजमा असन्तुष्टि र आक्रोश बढेको थियो । इराकमा अपहरणमा परेका नेपालीहरूको विभत्स हत्याको समाचारले त्यो आक्रोश बदलाको कार्वाहीका रूपमा फैलिन पुग्यो ।



३. इराकमा नेपाली युवाहरूको अपहरण र उनीहरूको मुक्ति तथा हत्या पश्चातको घटनामा सरकारको सम्वेदनशीलता र पहलकदमी पनि कमजोर देखियो । सरकारले अपहरणको घटना हत्याको तहसम्म पुग्न सक्छ भन्ने नै ठानेन । विदेशमा नेपालीहरू अपहरणमा परेको घटनाको सम्वेदनशीलतालाई ध्यानमा राखेर सरकारका तर्फबाट खेल्नुपर्ने भूमिका अलिक बढी प्रभावकारी भइ दिएको भए स्थिति सरकारको नियन्त्रणमा रहन सक्दथ्यो । बरु उल्टै सुरक्षामा खुकुलो ल्याइदिएर स्थितिलाई विस्फोटक बनाउने कुरामा सरकार आफै सहयोगी बन्न पुग्यो । अराजक भिडले जथाभावी तोडफोड गर्न थाले पछिको अवस्थामा सुरक्षा निकायमा देखिएको उदासिनता असामान्य अवस्थाको रह्यो । तोडफोडमा संलग्न कतिपय व्यक्तिहरू सुरक्षा फौजको निष्कृयताका बारेमा पूर्व जानकार समेत रहेको देखियो । यतिसम्म कि, घटनास्थलमा पुगेको सुरक्षा निकायले वा सुरक्षा निकायको आफ्नै आँगन अघि भएको विध्वंसमा समेत सुरक्षा निकाय पूर्णतः उदासिन देखियो । एक प्रकारले भन्ने हो भने १६ गतेका दिन सुरक्षाका निकाय एउटा व्यापक योजना अन्तरगत नै निष्कृय बनाइएको देखिन्थ्यो । सुरक्षा निकायको सामर्थ्य भन्दा इच्छा शक्ति र पहल कदमीको ठूलो अभाव त्यस दिन देखिएको थियो ।

४. सरकारले इराकमा प्रतिनिधि मण्डल पठाएको भए हत्यालाई रोक्न सकिन्थ्यो भन्ने धारणाले पनि सरकारप्रति सर्वसाधारणलाई असन्तुष्ट बनायो । हत्या पश्चात शुरुमै सरकारले राष्ट्रिय शोक र क्षतिपूर्तिको घोषणा गर्ने काम गरेको भए पनि आक्रोश एकहदसम्म कम हुन सक्थ्यो ।

> **"भदौ १६ लाई इराकमा निर्दोष नेपाली मारिएको घटनाको प्रतिक्रियात्मक दुर्घटना मात्र ठान्नु हुँदैन र त्यो वास्तविकता पनि होइन ।"**

बरु सरकारले उक्त घटनाको सम्वेदनशीलतालाई राजनीतिक दलहरूले उपयोग गर्न सक्छन् भन्ने कुरामा शंका गऱ्यो र तदनुरूपको सुरक्षा रणनीति तयार गर्न पुग्यो । तर, सरकारले अघिल्लै दिन अपराधिक तत्वहरूबाट मस्जिद माथि आक्रमण गर्न खोजिएको घटनालाई गंभीरतापूर्वक लिएन । इराक घटनाको अतिवादीहरू र अपराधिक तत्वहरूबाट समेत दुरूपयोग हुन सक्छ भन्ने कुरामा ध्यान पुगेको भए सरकार पनि यति धेरै किंकर्तव्यविमुढ बन्नु पर्ने थिएन । घटनाप्रति गृहप्रशासनको गलत बुझाइका कारणले नै सरकारले १६ गतेका दिन बिहान प्रतिक्रिया व्यक्त गर्न दिने नीति लियो । जुन नीतिको फाइदा उठाउँदै अतिवादीहरूले योजनाबद्ध रूपमा विभिन्न ठाउँमा आक्रमण गर्ने मौका प्राप्त गरे ।

५. नेपाली समाजमा विद्यमान राजनीतिक द्वन्द्व र प्रत्येक घटनालाई आफ्नो स्वार्थका लागि उपयोग गर्न खोज्ने मानसिकताले पनि स्थितिलाई भड्काउने कुरामा निकै योगदान पुऱ्यायो । सडक आन्दोलनमा रहेका राजनीतिक दलहरूले बिहानको अराजक प्रदर्शन र तोडफोडलाई सरकारका विरुद्धमा प्रयोग गर्ने निकै कोसिस गरे । जब त्यो भिडले उनीहरूमाथि नै प्रहार गर्न खोज्यो त्यस पछि मात्र उनीहरू भिडबाट पछि हट्न पुगेका थिए । राजावादी दक्षिणपंथी तत्वहरूले उक्त घटनालाई सरकार हटाउने अवसरका रूपमा प्रयोग गर्न सकिन्छ भन्ने ठाने र तदनुरूप स्थितिलाई विस्फोटक बनाउन कोसिस गरे । सरकारी पक्षले पनि शुरुमा मेनपावरहरू माथि अलिअलि दवाव परे ठिकै हुन्थ्यो भन्ने चाहना राख्यो । नागरिक समाजमा पनि मेनपावर कम्पनीहरू माथिको प्रहारलाई स्वभाविकै ठान्ने मानसिकता रह्यो । संचार क्षेत्र, मुस्लिम समुदाय र एअरलाइन्सहरू माथि आक्रमण नभएको भए सायद धेरैले भदौ सोह्रको कालो दिनलाई सामान्य घटनाका रूपमा लिने अवस्था बन्थ्यो । सरकारमा रहेका व्यक्तिहरू पनि शुरुमा यस्तै कुराहरूबाट प्रभावित रहे । पछि त उनीहरूले चाहेर पनि स्थितिलाई नियन्त्रणमा लिन सकेनन् ।

६. मेनपावर कम्पनी माथिको बढ्दो असन्तुष्टिलाई मेनपावर कम्पनीहरूले शुरुमै महसुस गरेका थिए । इराकमा मानव तस्करीमा संलग्न भएका दरवारिया संरक्षण प्राप्त मेनपावर कम्पनीहरूले सरकार र नागरिक समाजको एकै पटक कार्वाही र प्रहार खेप्नुपर्ने सम्भावनालाई आंकलन गरेर नै उनीहरूले असन्तुष्टिलाई साम्प्रदायिक स्वरूप दिने प्रयत्न गरेका थिए । कतिपय मेनपावर कम्पनीहरूले विगतको आफ्नो ठगिलाई लुकाउने अवसरका रूपमा समेत घटनालाई उपयोग गर्ने कोसिस गरे । त्यसदिन आफैले मान्छे पठाएर आफ्नै कार्यालय तोड्फोड गर्ने र आगो लगाउने काम पनि कतिपय मेनपावर कम्पनीहरूका संचालकहरूबाट भएको बताइन्छ । हत्याको समाचार आएकै दिन ठमेलको अपराधिक समूहलाई प्रयोग गरेर रत्नपार्कको मस्जिदमा आक्रमण गर्ने काम त्यही योजना अन्तरगत भएको थियो । मस्जिदमा हमला भएको समाचारसँगै त्यसलाई साम्प्रदायिक स्वरूप दिने कुरामा हिन्दु अतिवादी र दक्षिणपंथी राजावादी तत्वहरू पनि सक्रिय रहे । त्यही षडयन्त्रको परिणाम स्वरूप नै भदौ सोह्रको घटना त्यति गंभीर र असम्वेदनशील देखियो । असन्तुष्टिलाई अन्यत्रै विकेन्द्रित गर्न चाहने र घटनालाई साम्प्रदायिक स्वरूप दिन चाहने तत्वले नै सुरक्षा निकायलाई समेत निष्कृय बनाउने काम गरे । सरकारले समयमै यस कुराको हेक्का नै पाउन सकेन ।

७. यो पृष्ठभूमिमा भदौ सोह्रको विध्वंस शुरु भयो । तर, पछि जब अपराधिक तत्वले सुरक्षा निकायको निष्कृयताको जानकारी प्राप्त गऱ्यो त्यस पछि भने उक्त विध्वंसात्मक अभियानमा लुटेरा समूह प्रवेश गरे । यसरी विस्फोटक बनेको परिस्थितिलाई उपयोग गरेर दक्षिणपंथी तत्वहरूले कान्तिपुर लगायतका संचारका माध्यमहरूमा आक्रमण गर्ने काम गरे । संचार माथिको आक्रमणका लागि उक्त दिनको समाचार संकलनमा सक्रिय पत्रकारहरूको प्रमाणबाट आफूलाई समस्या हुने अपराधिक तत्वहरूको वुझाइले पनि अतिवादी तत्वहरूको मिसनलाई सार्थक बनाउनमा सहयोग पुऱ्यायो ।

भदौ सोह्र गतेको कालो दिनले नेपाली समाजको सहनशील चरित्र माथि गंभीर प्रश्न खडा गरिदिएको छ । अन्तरराष्ट्रिय समुदाय र विशेष गरी नेपाली श्रमिकहरूको रोजगारीको गन्तव्य बनेको अरव जगतमा नेपाल प्रतिको सकारात्मक छविमा उक्त घटनाले गंभीर असर पारेको छ । तर पनि क्षति जति सुकै पीडादायक भए पनि राष्ट्र र जनताले वेहोर्नु नै पर्दछ । उक्त दिनको कालो अध्यायलाई भविष्यमा नदोहरिने गरी विस्मृतिमा पुऱ्याउनै पर्छ । यसका लागि आगामी दिनमा सिंगो नेपाली समाजले संवेनशील विषयहरूमा आफूलाई अझ बढी गंभीर र जवाफदेही बनाउनु पर्दछ । यति गंभीर घटना पछि पनि हामीले पाठ सिक्न नसक्ने हो भने भविष्यमा पनि यस्तो दुःखद कालो दिन लगातार दोहरिन सक्छ ।



श्रद्धाञ्जलि

# जेबी राई

## हामीसँगै हुनुहुन्छ

**– ओम कोइराला**

२०६१ साल साउन २१ गते दिनको ११ बजेको थियो । हामी 'नेपाल ट्रेड यूनियन महासंघ कोशी अञ्चल कमिटी' को बैठकमा थियौं । हामीसँग महासंघका अध्यक्ष मुकुन्द नेउपाने र महासचिव विनोद श्रेष्ठ हुनुहुन्थ्यो । त्यहीं थाहा भयो - 'जेबी राईको आजै राति दुई बजे काठमाडौं शिक्षण अस्पताल महाराजगंजमा देहान्त भएछ ।' हामीले त्यहीं एक मिनेट मौन धारण गरेर समवेदना व्यक्त गऱ्यौं । त्यही बेला काठमाडौं आर्यघाटमा वहाँको दाह संस्कार भइरहेको थियो । एमाले महासचिव माधव नेपाल, जिफन्ट उपाध्यक्ष विष्णु रिमाल र एमाले स्थायी कमिटी सदस्य अशोक राई आर्यघाटमा उपस्थित हुनुहुन्थ्यो ।

अब जेबी राईबारे केही कुरा राख्ने जमर्को गरिरहेको छु । कोशी अञ्चल भोजपुर जिल्ला वाइरङ गाविसमा २०११ साल जन्मिएका जेबी राई त्यहीं सामान्य माध्यमिक शिक्षा हासिल गरेर कामको खोजीमा तराइतिर झर्नुभयो । विराटनगरमा आफूले चिनेका साथीभाइसँग बस्दै रघुपति जुटमीलमा २०२८ सालदेखि सामान्य गाउँले केटो भएरै काम गर्नुभयो । त्यो बेला यूनियन गतिविधि पनि खुल्ला थिएन । त्यसैले होला जेबीको पनि गतिविधि थिएन, खालि रघुपति जुटमिलको स्पीनिङ विभागको कामदारको रूपमा मात्रै कार्यरत रहनुभयो । उहाँमा राजनीतिबारेमा केही पनि जानकारी थिएन ।

त्यहीं रहँदा-रहँदै त्यसबेलाका मजदुर नेता बमबहादुर खड्कासँगको सम्बन्धले विस्तारै यूनियन गतिविधितिर राईलाई डोऱ्यायो । २०३५ सालको विद्यार्थी आन्दोलनबाट विकसित भएको आन्दोलन मजदुर क्षेत्रमा पनि फैलियो । जनमत संग्रहको घोषणा भयो । पार्टीमाथि

लगाएको प्रतिबन्ध फुक्का भएको बेला मजदुर यूनियनले पनि खुल्ला गतिविधि गर्‍यो । त्यसैको परिणाम २०३६ सालदेखि नै जेबी राई यूनियन गतिविधिमा सामेल हुनुभयो । त्यसैवेलादेखि मोरङको मजदुर आन्दोलनमा सक्रिय हुनुभयो ।

२०३८ सालमा रघुपति जुटमीलको आन्दोलनको नेतृत्व जेबी राईद्वारा गरिएको थियो । आन्दोलनमा सरकारले मजदुरमाथि अन्धाधुन्ध गोली चलाएको थियो, गोली काण्डमा एक जना कामदारको गोली लागी मृत्यु भएको थियो । त्यहाँ काम गर्ने धेरै मजदुर नेताहरू निष्कासनमा परे, जेबी पनि निष्कासित हुनुभयो ।

त्यसपछि कोशी पुस्तक पसलमा काम गर्दै मजदुरहरूलाई संगठित गर्ने काममा निरन्तर लागिरहनुभयो । त्यो बेला वहाँ पार्टीको भूमिगत काममा पनि त्यत्तिकै सक्रिय हुनुहुन्थ्यो ।

**२०४७ सालमा हेटौंडामा भएको 'नेस्वमयू' को पहिलो सम्मेलनले राईलाई केन्द्रीय अध्यक्ष बनायो ।** वहाँले केन्द्रीय अध्यक्ष भएर काम गरेको बेला महासंघको सबैभन्दा ठूलो र शक्तिशाली संगठन नेस्वमयू नै थियो ।

त्यसपछि **नेपाल ट्रेड यूनियन महासंघको पहिलो राष्ट्रिय महाधिवेशनले वहाँलाई पूर्वाञ्चल उपाध्यक्षमा निर्वाचित गरेको थियो ।** २०४७ सालदेखि जेबी राईले पूर्णकालीन भएर काम गर्नुभयो । त्यहीबेला तत्कालीन नेकपा मालेको जिल्ला कमिटीको सदस्य हुनु भएको थियो । पार्टीको निर्णय अनुसार २०४५ सालमा शीला कार्कीसँग भूमिगत विवाह गर्नुभएको थियो । वहाँका दुई छोरी एक छोरा छन् ।

जेबी राई आज हाम्रो साथमा हुनुहुन्न । तर पनि वहाँले हामीलाई "मजदुरको हक अधिकारका लागि लडिरहनु र सधैं मजदुर वर्गको हित रक्षाका लागि, अगाडिको पंक्तिमा उभिएर निरन्तर लागिरहनु हाम्रो कर्तव्य र जिम्मेवारी हो ।" भनेर प्रेरणा दिनुभएको छ । यसलाई मजदुर वर्गले कहिले बिर्सनु हुँदैन, बिर्सने छैन ।

शीला भाउजुले जेबीका बारेमा भन्नुभयो- "वहाँ कहिले रिसाउनु भएन । मलाई प्रत्येक काममा सघाउनु हुन्थ्यो । घरको काम पनि फुर्सद भएको समयमा बराबरी गर्थ्यौं । वहाँले कहिले खाना नमिठो भन्नु भएन । कहिल्यै सारो बोलेर कसैलाई भन्नु भएन, नानीहरूलाई पनि कहिले सारो गरी गाली गर्नु भएन । वहाँले जहिले पनि मजदुर बारेमा कुरा गर्नुभयो । यतिसम्म कि, कहिले सपनामा पनि वहाँ कामदारकै बारेमा, मजदुरकै बारेमा कुरा गर्नु हुन्थ्यो ।'

जेबी राईले कोशी अञ्चलको मजदुर आन्दोलनमा दिएको योगदानलाई यहाँका मजदुरले कहिले बिर्सदैनन् । सरल स्वभाव, सादा जीवन राईका विशेषता नै हुन् । वहाँलाई जहिलेदेखि मैले जानें, कहिले पनि निराश भएको देखिन । जस्तोसुकै परिस्थितिमा पनि स्वाभाविक ढंगबाट प्रस्तुत हुने स्वभाव भएको मानिस कहिल्यै कसैसँग रिसाउनु भएन, आत्तिनु पनि भएन । मलाई यस्तै दुईटा घटनाहरू अहिले पनि संझना आइरहेका छन् । विराटनगर-जोगवनी बीचमा पर्ने शाह उद्योग व्यवसायमा त्यहाँको नेस्वमयूका अध्यक्ष जीवन घतानीलाई व्यवस्थापकले निष्कासन गरेपछि त्यहाँका मजदुरहरूले गेट जाम गरे, हड्ताल गरे । प्रशासनले दमन गर्‍यो । त्यो बेला मजदुरहरू आत्तिए तर जेबी राईले अलिकति पनि विचलित नभई, अलिकति पनि नहडबडाई मजदुरहरूलाई नेतृत्व दिएकाले आखिर त्यसलाई सफलतामा टुंग्याइएको थियो ।

त्यस्तै अर्को एउटा घटना थियो- क्वालिटी फेसन भन्ने एउटा गार्मेन्टका मालिकले मजदुरले थाहा नै नपाई पेअफ गरेछ । पछि कसैले उचालेर जेबी राईले गरेको भनेर लगाए छन् । जब कि त्यो कुरा जेबी राईलाई थाहा पनि रहेनछ । तर, त्यहाँका कामदार पूरै जम्मा भएर जिफन्ट अफिस विराटनगरमा आए । धेरै जना भएकाले बाहिर बसेर कुरा गरौं भन्दा ती कामदारहरू अनावश्यक रूपमा जेबीतिर खनिए- तथानाम मुख छोड्न थाले, हात उज्याउन थाले, कसैले ठेल्ने सेमत प्रयास गरे । दुई घन्टा भन्दा बढी उनीहरूको बीचमा बसेको जेबी राई अलिकति पनि नहड्बडाई, अलिकति पनि सारो नबोलीकनै हाँसी-हाँसी उनीहरूसँग कुरा गर्नुभयो । अन्तिममा केही नलागेर फेरि भोलि आउने भन्दै हिंडे । जेबी र हामी अफिसभित्र गयौं । यस्तै हो यी मजदुरहरू, कागले कान लग्यो भन्दा कागका पछाडि दगुरी रहन्छन्, कहिले आफ्नो कान छाम्ने होलान् भन्दै हामी त्यो दिन हिंडेका थियौं ।

यो धैर्य, दृढता वहाँका सबैभन्दा मुख्य विशेषता थिए । जेबी राईबाट सबैले सिक्नै पर्ने यस्ता धेरै कुराहरू छन् । निष्कपट, निश्छल हुनुहुन्थ्यो वहाँ । आन्दोलनमा कहिले थाक्नु भएन, कहिले पछाडि फर्कनु भएन । प्रत्येक ठाउँमा मजदुर वर्गकै बारेमा, उनीहरूका समस्याका बारेमा, उनीहरूका बालबच्चाका बारेमा सधैं चिन्तित हुनुहुन्थ्यो । लेखकहरूलाई मजदुरका बारेमा लेख्नका लागि भन्नुहुन्थ्यो । महासंघको दोस्रो अधिवेशनमा पनि वहाँ पूर्वाञ्चलको जिम्मेवार नै हुनुभएको थियो । पछि नेकपा एमालेको नेपालगंजको छैटौं महाधिवेशन पछाडि एमालेमा विभाजन भयो । पार्टीको त्यो विभाजनले महासंघ भित्र ठूलो असर नगरे पनि जेबी राई महासंघबाट बाहिरिनु भयो । त्यसपछि वहाँ कहिले पनि महासंघको सम्पर्कमा आउनु भएन । त्यो बेला आफू यहाँबाट निस्किएर गएको कुराले वहाँलाई कतिको पिरल्यो, त्यो चाहिँ थाहा भएन । तर पनि हामीले हाम्रो आन्दोलनको इतिहासमा नराम्रो कुरा भएको भनेर गम्भीर शिक्षा लिन सकिन्छ ।

२०६२१ असोज ११

## जे.बी. राई सहयोग कोषको स्थापना

गत भदौ १४ गते मजदुर नेता स्व. जेबी राईको सम्झनामा मनमोहन मजदुर भवनको सभाकक्षमा श्रद्धाञ्जलि सभा सम्पन्न भयो । सभामा जिफन्टका अध्यक्ष मुकुन्द न्यौपानेले स्व. जेबी राईको परिवारको सहयोगमा जिफन्टले रु. २५ हजारको सहयोग कोष स्थापना गरेको घोषणा गर्नुभयो । साथै वहाँले सहयोग कोषमा सहयोग रकम जम्मा गर्न जिफन्टका सदस्य यूनियनहरूलाई आव्हान पनि गर्नुभयो ।

मुकुन्द न्यौपानेले भन्नुभयो- "स्व. जेबी राई दृढ मजदुर नेता हुनुहुन्थ्यो । वहाँले मजदुरहरूको हक-हितको लागि आफ्नो पूरै जीवन अर्पण गर्नुभयो । साधारण मजदुर भएर जुट मीलमा काम गरेपछि मजदुरहरूको सुखदुःखमा साथ दिंदै, मजदुर हक-हितको निम्ति संघर्ष गर्दै, मजदुरहरूलाई संगठित गर्दै



महासंघको उपाध्यक्ष सम्म भएर ट्रेड यूनियन आन्दोलनलाई उँचा उठाउनु भयो । वहाँको कतिपय कमजोरी पक्षका बाबजुद वहाँमा राम्रा पक्ष धेरै छन्, जुन हामीले सिक्नै पर्छ । हामी ट्रेड यूनियन आन्दोलनमा लागेकाहरूले वहाँलाई सधैं सम्झनु पर्छ ।"

कार्यक्रममा महासंघका पूर्वाचल संयोजक ओम कोइरालाले पनि श्रद्धाञ्जलि मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा महासंघका उपाध्यक्ष विष्णु रिमाल, महासचिव विनोद श्रेष्ठ लगायत स्व. जेबी राईका श्रीमती शीला राई र छोरा-छोरीको समेत उपस्थिति रहेको थियो ।



मुकुन्द न्यौपाने

# वर्तमान राजनीतिमा अराजक प्रवृत्ति

नेपालका राजनीतिक पार्टीहरूले नेपाली समाजको बनावट, वर्गहरूको अवस्था, जातीय बनावट र तिनीहरूको अन्तर सम्बन्ध र भिन्नताको बारेमा गहिरो अध्ययन गरेनन् । पुस्तकमा आधारित ज्ञानको प्रयोग तथा चरम महत्वाकांक्षाको भोकले गर्दा नेताहरूको कार्यशैलीले जन शैलीको रूप लिन सकेन र त्यो मनोगत इच्छा-आकांक्षामा आधारित भयो । मनोकांक्षामा मै आधारित कार्यक्रमहरू बने । नेताहरू आलोचनाबाट पन्छिँदै गए । अरुको कुरा सुन्ने र सिक्ने बानी उनीहरूमा परेन । जसको परिणाम तीस वर्षे पंचायती कालभरि नै पार्टीले पर्याप्त जन समर्थन जुटाउन पनि सकेनन् । नेपाली कांग्रेसले उग्रध्वंस बाटो समात्यो र कम्युनिस्टहरूको एउटा समूहले पनि झापा आन्दोलनको नाममा चरम हिंसाको बाटो पक्र्यो । तर, ती दुवै बाटाहरू नेपाली समाजको समस्या समाधान गर्न सफल भएनन् र जनताले त्यसलाई स्वीकारेनन् । लामो कालको अनुभव, जनताका गुनासाहरू र पटक-पटक खाएको धक्काले गर्दा अन्ततः देशका सबै राजनीतिक पार्टीहरू शान्तिपूर्ण आन्दोलनद्वारा मुलुकको राजनीतिक परिवर्तनको दिशामा अघि बढे । पंचायती व्यवस्था विरुद्ध एकमत भए । जसले ०४६ सालको जनआन्दोलनको जन्म भयो र सफलतामा पुग्यो । यो राजनीतिक पार्टीहरूभित्र आएको सुझबुझ र नेताहरूको जनभावना अनुकूलको पाइला थियो । द्वन्द्ववादको एउटा नियम छ "एउटा प्रवृत्तिले अर्को प्रवृत्तिलाई ढाकछोप गर्छ ।"

०४८ सालको निर्वाचन पछि नेपाली कांग्रेसको सरकार बन्यो । सत्तामा पुगेपछि नेपाली कांग्रेसभित्र छोपिएका प्रवृत्तिहरू (जुन पंचायती निरंकुशताको प्रवृत्तिबाट ढाकिएका थिए) धमाधम उजागर भए । सर्वसत्तावादको भूतले कांग्रेसलाई सतायो र विपक्ष माथिको दमन चर्को रूपमा भयो । पार्टीलाई बलियो बनाउन सत्ताको दुरुपयोग गरियो, कर्मचारीतन्त्रमा नराम्रो गरी पार्टीकरणको प्रक्रिया शुरु भयो । नेपाली कांग्रेसको यो रवैयाले बौद्धिक र चेतनशील समुदाय मात्र हैन आम जनतामा समेत भर्खर उदीयमान व्यवस्थाप्रति विकर्षण पैदा गऱ्यो ।


कांग्रेसको कुशासनको विरोधमा प्रतिपक्षले पनि संघर्षका सही तरिकाहरू अपनाउन सकेन । सत्ताका गलत क्रियाकलापलाई सच्याएर मुलुकलाई रचनात्मक दिशातर्फ अघि बढाउन पहल गर्नु पर्ने ठाउँमा ध्वंसात्मक विरोधको बाटो प्रतिपक्षले अपनाउँदा धनजनको क्षतितर्फ मुलुक उन्मुख भयो । सडकमा टायर बाल्ने, बार भत्काउने, संरचनाहरू ध्वस्त गर्ने, यातायातका साधन तोडफोड गर्ने र अन्त्यमा बन्द र हडताल गर्ने रूपहरूलाई आन्दोलनका उत्तम रूप ठहर गरियो । यसले गर्दा सत्ता वा प्रतिपक्ष दुवैप्रति जनतामा निराशा बढ्यो । आन्दोलनका यस्ता रूपहरू न त जनताको चाहना अनुरूप हुन्छन्, न आवश्यकता अनुरूप । जनता कहिल्यै पनि ध्वंसको पक्षमा हुँदैनन् । जनताले खोज्ने भनेको रचनात्मक र सिर्जनात्मक आन्दोलन हो, शान्ति हो, शान्तिपूर्ण आन्दोलन हो । तर, नेपालका राजनीतिक पार्टीहरूले जनताको यो भावनालाई आत्मसात गर्न नसक्दा चाहिँ सत्तामा पुगेर हो वा बाहिर बस्दा कुनै न कुनै रूपमा असामाजिक तत्वको चाहनालाई पूरा गरे । जसको परिणाम राजनीतिक मूल्यमान्यतामा ह्रास आउँदै गयो र स्वच्छ राजनीतिक संस्कृतिको ठाउँ चरम अराजकताले लियो । यही राजनीतिक अराजकताको पृष्ठभूमिमा जनताको असन्तुष्टिलाई प्रयोग गर्दै माओवादीहरू जन्मिए ।

आज माओवादी जनयुद्ध शुरु भएको ९ वर्ष पूरा हुँदैछ र यो युद्धको नाउँमा दशौं हजार मानिसले आफ्नो ज्यान गुमाइ सकेका छन् । माओवादीले अपनाएको कार्यशैलीलाई हेर्ने हो भने त्यो अत्यन्त जनभावना विपरित छ । जनतालाई हप्काउने देखि लिएर कुटपीट गर्ने, कसैले पोलेकै भरमा सुराकीको आरोपमा बिना प्रमाण हत्या गर्ने, अपहरण गर्ने, गाउँ निकाला गर्ने, चरम अमानवीय यातना दिने जस्ता कुराहरू माओवादीका सहज क्रियाकलाप भित्र पर्दछन् । माओवादीका यस्ता क्रियाकलाप कुनै पनि मार्क्सवाद-लेनिनवाद वा भनौं माओकै जननीतिको व्याख्याका विपरित छन् । माओवादीको यस्तो क्रियाकलापको सर्वत्र निन्दा र आलोचना भएको छ र आम जनताबाट असन्तुष्टि जाहेर समेत भएको छ । तर पनि माओवादीहरू आफ्नो कार्यशैलीलाई सीमित पार्नुका साटो ठूलो दायरा तिर फैलाउने प्रयत्नमा देखिन्छन् । गाउँका जमिन्दार, धनी किसानलाई सताउने उनीहरूको कार्यशैली क्रमशः मध्यम किसान र आफूलाई समर्थन नगर्ने गरीब किसान सम्म पुग्यो । त्यो आज विस्तार हुँदै शहरमा प्रवेश गरेको छ । हडताल र बन्दको स्वरूपमा आएको छ । पहिले माओवादीको निशाना शिक्षा क्षेत्र थियो । "महँगो शिक्षाको विरुद्धमा हाम्रो आन्दोलन" भन्ने नारा अगाडि सार्थे तर उनीहरूको आन्दोलनको तरिकाले शिक्षालाई सस्तो बनाएन झनै महँगो पाऱ्यो । किनकि, एकातिर विद्यार्थीको पढाइ चौपट भयो, अर्कोतिर नपढेका अवधिको फिस सित्तैमा तिर्नु पऱ्यो । पढाइ बन्द भएर मारमा परेका लाखौं विद्यार्थी आज यही गुनासो गर्छन् । माओवादीले जनइच्छा बुझ्नको साटो आफूलाई निरन्तर सैनिकीकरणतर्फ अघि बढाए, जसको परिणाम उनीहरू जनसंस्कृतिको मूल्यमान्यताबाट टाढा पुगे । उनीहरू अब आम श्रमिकका दैनिक जीवनलाई अप्ठ्यारो पार्ने खालका आन्दोलनका स्वरूपतर्फ लम्कन थालेका छन् । उनीहरूको हालैको उद्योगधन्दा बन्दको अभियान र काठमाडौं नाकाबन्दीले यिनै कुरातर्फ संकेत गर्छ ।

> **"उनीहरूको आन्दोलनको तरिकाले शिक्षालाई सस्तो बनाएन झनै महँगो पाऱ्यो । किनकि, एकातिर विद्यार्थीको पढाइ चौपट भयो, अर्कोतिर नपढेका अवधिको फिस सित्तैमा तिर्नु पऱ्यो ।"**

के माओवादी निकट ट्रेड युनियनको हालैको उद्योग बन्द श्रमिकको हितमा थियो ? यो आम श्रमिकहरूकै भावनाबाट जाँचिने कुरा हो । यसमा श्रमिकको मत पाइने छैन । अनि, यो अलोकप्रिय काम माओवादी निकटको ट्रेड युनियनले किन गऱ्यो ? उनीहरूमाथि उनीहरूको पार्टीले पारेको बाध्यता हो वा उनीहरूको आफ्नो शक्ति विस्तारको रणनीतिको हो, यो उनीहरूले जान्ने कुरा हो । गरिबीको रेखामुनि ४५ प्रतिशत भन्दा बढी मान्छेहरू रहेको देशमा निरन्तरको हडताल, तोडफोड र आगजनी अनि बन्द जस्ता कुराले जनतालाई खुसी पार्छ र पार्टीको पक्षमा जनमत सृजना हुन्छ भनेर ठान्नु राजनीतिको मर्मलाई नबुझ्नु हो । यसले कुनै पनि तहका जनताको भविष्य सुन्दर र सुनिश्चित गर्दैन । "जनतामाथि भरोसा गर" भन्ने सिद्धान्तलाई तिलाञ्जलि दिएर मुलुकलाई सैनिकीकरण तर्फ धकेलेर अफगानिस्तान बनाउने हो भने त्यो बाटो ठिकै होला, नत्र भने माओवादी पक्षले हालका गतिविधिमा सुधार ल्याउनु र जनताको शान्तिको चाहनालाई आत्मसात गर्नु जरुरी छ । यसैगरी, १४ वर्षदेखि कुनै न कुनै रूपमा सत्ता संचालनमा हिस्सेदारी कायम गरेका बहुदलीय प्रजातन्त्रका पक्षधर पार्टीहरूले पनि आफ्ना गतिविधिलाई सच्याउनु जरुरी छ । दोष जति राजा र माओवादीका टाउकामा हालेर आफूलाई चोखो देखाउने र सत्तामा हुँदा एउटा रूप, प्रतिपक्षमा हुँदा अर्को रूपको चरित्र सधैं प्रदर्शन गर्ने हो भने न त मुलुकले शान्ति पाउँछ न विकास । त्यसैकारण वर्तमान समयको माग के हो भने सबैले आ-आफ्नो ठाउँबाट गम्भीर दायित्व निर्वाह गर्ने र वर्तमान संकटबाट देशलाई मुक्त गर्न फराकिलो भएर अघि बढ्नु जरुरी छ ।

# नेपालमा श्रमशक्तिको अवस्था



रुद्र गौतम

द्रुत गतिमा जनसंख्या वृद्धि हुने देश मध्ये नेपाल पनि एक हो । वि.सं. २०२८ सालदेखि २०५८ सालसम्म सरदर दुई प्रतिशत भन्दा बढीले जनसंख्या बढी रहेको छ। त्यसैगरी विगत तीन दशकको तथ्याङ्कलाई हेर्दा प्रत्येक काम गर्ने उमेर समूहका व्यक्तिले एक जना काम नगर्ने उमेर समूहलाई पाल्नु पर्ने अवस्था छ।

**श्रमशक्ति र रोजगारी**

श्रमशक्ति भन्नाले निश्चित उमेरभन्दा माथिका जनसंख्यालाई जनाउँदछ र यसलाई आर्थिक रूपले सक्रिय जनसंख्या भन्ने गरिएको छ । यस समूहमा लाभदायक रोजगारी प्राप्त तथा वेरोजगार सबै पर्दछन्। नेपालका सबैजसो जनगणनाले दश वर्ष र सोभन्दा माथिका जनसंख्यालाई आर्थिक रूपले सक्रिय जनसंख्या मानेको छ। तर, अन्तरराष्ट्रिय प्रचलन अनुसार १५ वर्ष र सो भन्दा माथिकालाई मात्र यस समूहमा लिने गरिन्छ।

जनसंख्याको उच्चवृद्धिदरका कारण नेपालको श्रम बजारमा प्रत्येक वर्ष लगभग तीन लाख श्रमशक्ति थपिने कुरा नवौं योजना (२०५४-५९) ले स्वीकारेको थियो। एकातिर यो संख्या प्रत्येक वर्ष वृद्धि भइरहेको छ भने अर्कोतिर अधिकांश महिलाहरू काममा व्यस्त हुने र सो कामलाई आर्थिक क्रियाकलाप नमानिनु, विद्यालयप्रतिको आकर्षणमा वृद्धि, नयाँ रोजगारीका अवसरहरूको अभाव र नेपाली श्रमशक्तिमा प्रतिस्पर्धात्मक सीपको अभावका कारण लाभप्रद रोजगारमा जान र स्वरोजगार हुनबाट वञ्चित आदि कारणले गर्दा श्रम शक्तिको तुलनामा रोजगारीको स्तर धेरै कम छ।

नेपालको श्रमशक्तिको स्थिति र रोजगारको अवस्थाले नेपाल निकै पिछडिएको मुलुक भएको प्रष्टिन्छ। रोजगार श्रमशक्तिको लगभग तीन चौथाइ अनौपचारिक क्षेत्रमा कार्यरत छन्, जहाँ शोषण तथा अन्याय अत्याचार व्याप्त छ । तर पनि बढ्दो श्रमशक्ति र रोजगारीका अवसरको सीमितताले मर्नुभन्दा जुनसुकै सर्तमा र अवस्थामा भए पनि काम गर्नु वेस ठानेर काम गरिरहेका छन्। हुन त संगठित क्षेत्रका मजदुरहरूको अवस्था पनि दयनीय छ तर पनि अनौपचारिक क्षेत्रको तुलनामा धेरै सुव्यवस्थित छ र युनियन गतिविधिले गर्दा अझ बढी सुरक्षित छन् । तथापि, अनौपचारिक क्षेत्रमा सधैं त्रासको वातावरण भएको हुनाले ट्रेड युनियनहरूले आफ्ना गतिविधिहरू शहरी क्षेत्रका मजदुरहरूका साथै ग्रामीण क्षेत्रका मजदुरहरूमा केन्द्रित गर्दै उनीहरूलाई हक, अधिकार र कर्तव्यप्रति सचेत गरी शोषणबाट बचाउने तर्फ केन्द्रित हुनु जरुरी छ।

**नेपालमा श्रमशक्ति र रोजगारीको स्थिति**

| वर्ष (१) | कूल जनसंख्या (२) | वार्षिक वृद्धि दर (३) | श्रमशक्ति (१५ वर्ष र सोभन्दा माथिको जनसंख्या) (४) | कुल जनसंख्यामा श्रमशक्तिको प्रतिशत (५) | लाभप्रद रोजगार जनसंख्या (६) | कुल श्रमशक्तिमा लाभप्रद रोजगारको प्रतिशत (७) |
|---|---|---|---|---|---|---|
| २०२८ | ११५५५९८३ | - | ६८८१४०५ | ५९.५ | ४१९७९६२ | ६१.० |
| २०३८ | १५०२२८३९ | २.७ | ८८१०८६७ | ५८.६ | ५८७८१८८ | ६६.७ |
| २०४८ | १८४९१०९७ | २.१ | १०६५०३२६ | ५७.६ | ६८०७७५१ | ६३.९ |
| २०५८ | २३१५१४२३ | २.४ | १४०३९७०५ | ६०.४ | ९९५५६७१ | ७०.९ |
| २०५६ | १९१०४००० | २.३ | ११२३२००० | ५८.८ | ९२७३००० | ८२.६ |

राष्ट्रिय श्रमशक्ति सर्वेक्षण २०५६

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना

१. नेपालमा प्रत्येक १०/१० वर्षमा जनगणना गर्ने गरिएको छ र कोलम (१) ले जनगणना सम्पन्न भएका वर्षहरू जनाउँछ। २०५६ सालमा केन्द्रीय तथ्याङ्क विभागले पहिलो पटक राष्ट्रिय श्रमशक्ति सर्वेक्षण गरेको थियो।

२. उक्त सालमा भएका जनगणना र सर्वेक्षणले रिपोर्ट गरेको नेपाल अधिराज्यको कुल जनसंख्या।

३. जनसंख्याको परिवर्तन दिनदिनै भए तापनि यसलाई वार्षिक हिसाबले नाप्ने गरिन्छ। यसलाई नाप्ने विभिन्न तरिकाहरूमध्ये ज्यामितीय वृद्धिदर बढी प्रचलनमा पाइन्छ। यस प्रणाली अनुसार पहिलो वर्षमा वृद्धि भएको जनसंख्याले अर्को वर्ष थप वृद्धि गर्दछ र सो प्रक्रिया हरेक वर्ष हुने गर्दछ भन्ने मान्यतामा आधारित भएकोले बढी वैज्ञानिक मानिन्छ। जनसंख्याको वृद्धिदर सधैं दुई प्रतिशत भन्दा माथि छ।

४. कूल जनसंख्यामा १५ वर्षभन्दा माथिको जनसंख्या जुन क्रमशः बढ्दै गएको छ।

५. कूल जनसंख्या (२) मा जम्मा श्रमशक्तिको (४) को प्रतिशत। यसलाई (४/२) १०० गरेर निकालिन्छ। तथ्याङ्कले २०४८ सम्म श्रमशक्तिको प्रतिशत घट्दो क्रममा भए पनि त्यसपछि बढ्न थालेको संकेत दिन्छ।

६. १५ वर्ष र सोभन्दा माथिको श्रमशक्तिमध्ये लाभप्रद रोजगारीमा लागेको जनसंख्या। जनसंख्याको वृद्धि सँगसँगै यो पनि बढ्दै गएको छ।


७. कूल श्रमशक्ति अर्थात् १५ वर्ष र सोभन्दा माथिको जनसंख्यामध्ये लाभप्रद रोजगारीमा लागेका जनसंख्याको प्रतिशत। यसलाई (६/४) १०० गरेर हिसाब गरिन्छ। अघिल्लो तीन वटा जनगणनामा खासै परिवर्तन नदेखिए तापनि २०५० को जनगणनाले केही प्रगति भएको देखाउँछ। तर, २०५६ को श्रमशक्ति सर्वेक्षणले निकै राम्रो अवस्था देखाएको छ तर यो फरक लाभप्रद रोजगारीको परिभाषामा भएको भिन्नताले पनि देखिएको हुनसक्छ।



देवराज दाहाल
सह-प्राध्यापक, त्रिविवि

# राज्य सम्बन्धी मार्क्सवादी सिद्धान्त

मार्क्सवादी सिद्धान्तको राज्य सम्बन्धी दृष्टिकोण फरक-फरक छ । **मार्क्सवादी-लेनिनवादी**हरू राज्य जनतालाई शोषण र थिचोमिचो गर्ने शक्तिशाली वर्गको हतियार हो भन्दछन् । मार्क्स र एन्गेल्सले आधुनिक राज्य वुर्जुवाहरूको आफ्नो मामलाहरूको व्यवस्था गर्ने समिति हो भनेका छन् । उनीहरूका अनुसार यो पूँजीवादी उत्पादनको प्रक्रियासँग गाँसिएकोले पूँजीपतिहरूको हितको रक्षा गर्नका लागि सामाजिक व्यवस्था, व्यक्तिगत सम्पत्ति र उत्पादन प्रक्रिया बढाउने कार्य गर्दछ । मार्क्सवादीहरूका अनुसार अर्थतन्त्रले राजनीति र राज्यका संरचनाहरूको निर्धारण गर्दछ । तर राज्यले पूँजीपतिहरू मध्ये कसै एकको पक्ष नलिइकन उनीहरूको स्वार्थहरूलाई सन्तुलन गर्दै सापेक्षिक स्वायत्तता कायम गर्दछ ।




मार्क्स

मार्क्सले प्रजातान्त्रिक रूपमा स्वचालित समाजको कल्पना गर्दै शोषण र अलगावको अन्त्यका लागि पूँजीवाद, निजी सम्पत्ति र राज्यको समाप्तिका लागि सर्वहारा क्रान्तिमा जोड दिएका छन् । उनले परिकल्पना गरेको समाजमा वस्तु र सेवाको उत्पादन नाफाको लागि होइन बरु सामाजिक उपयोगिताको लागि गरिने भनिएको छ । एन्गेल्सले पनि आफ्नो पुस्तक '**परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति**' मा राज्य समाजबाटै निर्माण भए तापनि यसबाट पन्छिरहेको छ भनेका छन् । उत्पादनका साधनहरूमा निजी स्वामित्व भएको कारणले गर्दा राज्यको उद्भवले श्रममा पुरुष र महिला बीच भेदभाव, मजदुरको शोषण र अविकासको सृजना भएको हो । राज्यको वर्गीय चरित्रबाट मुक्ति पाउन क्रान्ति गर्नु पर्दछ भनी लेनिनले आफ्नो पुस्तक '**राज्य र क्रान्ति**' मा भनेका छन् । यस्तो क्रान्तिबाट राज्यलाई कब्जा गरी शोषणरहित समाजवादी समाजको सृजना गर्न सकिन्छ । तर सोभियत संघ, युगोस्लाविया, भियतनाम र क्युबाको अनुभवले के देखाएको छ भने साम्यवादी दलहरूले सत्ता कब्जा गर्ने वित्तिकै दलभित्र "नयाँ वर्गको" सृजना भयो, वर्गीय चेतनामा ह्रास आयो र राज्य-केन्द्रित सोचाइको वृद्धि भयो । कतिपय दलहरूले त समाजको संगठित हुने शक्तिलाई नै समाप्त पारि दिए ।



थियोडोर योडोर्नो

१९३० मा मार्क्सवादी समालोचकहरूले "**फ्र्याँकफर्ट स्कूलको**" स्थापना गरे । यसका नेतृत्वकर्ता **थियोडोर योडोर्नो, हर्वट मारकस, म्याक्स होरखाइमर र योर्गन ह्यावरमास** हुन् । उनीहरूले राज्यले किन आफ्नो ऐतिहासिक दायित्व वहन गर्न सकेन, त्यसको व्याख्या गरेका छन् । कामदार वर्ग कसरी उपभोक्ताको संस्कृतिमा फस्दछन्, विवेकहीन मनोरन्जनमा आकर्षित हुन्छन्, संचारले कसरी उनीहरूको विचार परिवर्तन गर्दछ र वर्गीय चरित्रका साथै क्रान्तिको आवश्यकता समेत बिर्सन्छन् भन्ने विश्लेषण समेत गरेका छन् । उनीहरूको उद्देश्य ठालुहरूले जनताको चेतनाको स्तर "सांस्कृतिक संस्थाहरू" बाट समाप्त पार्दै यथास्थिति कायम गर्नु भएकाले त्यसबाट जनतालाई मुक्त गर्नु रहेको छ । यसलाई समर्थन गर्दै अर्का जर्मन दार्शनिक मार्टिन हाइडेगर भन्छन्, "मानवजगत संकटमा फस्नुको कारण विश्वलाई हेर्ने संकीर्ण प्राविधिक दृष्टिकोण लिनु र मानवीय अस्तित्वको प्रश्न छाड्नु हो ।" मानवीय सभ्यताको विकासका लागि व्यापक दृष्टिकोण र विचारधाराको आवश्यकता रहेको छ ।



योर्गन ह्यावरमास

### मार्क्सवाद सम्बन्धी आधुनिक दृष्टिकोण

राज्य सम्बन्धी मार्क्सवादी विचारकहरूमध्ये आधुनिक धारणा राख्ने विद्वान **राल्फ मिलिव्यान्ड** हुन् । उनको विचारमा "पूँजीवादी समाजको राज्य व्यवस्था पूँजीवादी नै हो ।" यस्तो राज्यले सामाजिक सम्बन्धमा वर्गीय भूमिका नै खेल्दछ । अतः राज्य पूँजीपतिहरूको हतियार हो, यो समाजभन्दा माथि उठ्न सक्दैन । जसको उत्पादनका साधनमा नियन्त्रण हुन्छ, उसको राजनीतिमा पकड हुन्छ । पूँजीपतिहरूको सहमतिबाट समाजको रूपान्तरण साम्यवाद विरोधी विचारधारामा हुन्छ । अतः जनसुकै दल सत्तामा भए तापनि ठालु वर्गले राज्यका संरचनाहरू र



राल्फ मिलिव्यान्ड

प्रजातान्त्रिक संविधान मजदुरहरूको बाहुल्यता हुँदाहुँदै पनि आफ्नो स्वार्थमा लगाउँछन् । उनको विचारमा पूँजीवादी समाजको संरक्षणमा राज्य प्रतिबद्ध भएर लागेको हुन्छ । अतः निर्वाचनमा बहुलवादी प्रतिस्पर्धा एउटा मिथ्यानाम हो, किनभने ठालुहरूले बौद्धिक, सूचनामूलक, बाणिज्य, राजनीतिक र सामाजिक पूँजीमा एकाधिकार कायम गरेका हुन्छन् । त्यसैले शासनमा उनीहरूको प्रभुत्व संख्यात्मक रूपले धेरै हुन्छ । अतः जनस्तरबाट वर्ग संघर्ष गरेमा राज्यको रूपान्तरण पूँजीवादबाट समाजवादमा हुन्छ ।

अर्का मार्क्सवादी विद्वान हुन् **निकोस पौलान्टाज** । उनको विचारमा आधुनिक पूँजीवादका तीन पक्ष छन् - राज्य, विचारधारा र अर्थतन्त्र । यी हरेक एक अर्काभन्दा भिन्न र स्वायत्त छन् । राजनीतिक अभ्यास र वर्गीय सम्बन्धहरूको माध्यमबाट शासक वर्गको अभ्युदय हुन्छ । उनको विचारमा राज्यले यी वर्गहरूमा एकता ल्याउँछ र पूँजीवादलाई मजबूत बनाउँछ । कर्मचारी र सामाजिक संरचनाको माध्यमबाट राज्यको सम्बन्ध पूँजीपति वर्गसँग गहिरो हुन्छ । तर, पूँजीवादी राज्यले अर्थतन्त्रलाई राजनीतिबाट अलग गर्दछ र राज्यलाई सापेक्ष रूपमा पूँजीपतिहरू भन्दा माथि उठ्न सहयोग पुऱ्याउँछ । यही क्षमताले गर्दा राज्य पूँजीपतिहरूको सामूहिक स्वार्थ प्रवर्द्धन गर्न सक्षम हुन्छ । ठालुहरूको वर्गीय गठबन्धनले मजदुरहरूको एकता र आन्दोलनलाई कमजोर पार्दछ ।

**इडवार्ड वर्नस्टाइन** र **कार्ल काउत्स्की**को विचारमा पनि पूँजीवाद भित्र सुधारको सम्भावना भएकोले यसको अन्त्य हुँदैन । सानासाना उद्योगहरूको स्थापना, राज्यले अपनाउने लोक कल्याणकारी कार्यक्रमहरू, शिक्षा र स्वास्थ्यमा सुधारका योजनाहरूले वर्ग संघर्षलाई मत्थर बनाइ दिएको तथ्य उनीहरू अघि सार्दछन् ।

अर्का आधुनिक मार्क्सवादी विद्वान **क्लाउज अफे** हुन् । उनी भन्छन्, "राज्य पूँजीवादी अन्तरविरोधमा जकडिएको हुनाले आफ्नो वैधानिकता कायम राख्ने सन्दर्भमा यसले मजदुरवर्गको मागहरूको मध्यस्थता गरिरहन्छ । एकातिर यसले पूँजी संग्रह गरिरहनु पर्दछ र स्रोतमाथि आधिपत्य जमाइरहनु पर्दछ भने अर्कोतिर संकट समाधानका लागि यसले विभिन्न नीतिहरू अख्तियार गर्नु पर्दछ - जस्तै, बजारको सुधार गर्ने, पूँजीपति र श्रमिकहरूलाई अनुदान दिएर उनीहरू बीच विनिमय कायम गराइरहने, आफ्नो बैधानिकता कायम गर्ने र वर्गीय स्वार्थहरू बीच मध्यस्थता गर्ने ।"

कर उठाउने, उत्पादन र पूँजी बढाउने र लगानी गर्ने कुराहरूमा राज्यको संस्थागत स्वार्थ हुन्छ । यसले पूँजीपतिहरूको एक पक्षको मात्र वकालत गर्दैन । पूँजीवादी राज्यमा राजकीय सत्ताको निर्क्यौल दुई किसिमबाट हुन्छ : पहिलो, प्रजातान्त्रिक र प्रतिनिधित्वमूलक सरकारको चयन निर्वाचन र कानुनी माध्यमबाट, र दोस्रो, पूँजीको संग्रहको प्रक्रियाद्वारा । राज्यमा कर्मचारीको नियन्त्रण, नागरिकको दैनिकजीवनको संस्थागतकरण र व्यवस्थाद्वारा जनताको जीवनको औपनिवेशिकीकरणले गर्दा संसद भन्दा बाहिर नागरिक समाजको तहमा सामाजिक आन्दोलन चर्केर गएको छ । यसले राज्यको सीमालाई पनि चुनौती दिएको छ र समाजलाई राजनीतिकरण गर्दै लगेको छ । अफेको विचारमा परम्परागत वामपन्थी, मजदुर संगठनहरू र सामाजिक आन्दोलनका पक्षधरहरू बीच गठबन्धन भएमा राज्यको प्रजातान्त्रिकरण गर्न र सामाजिक द्वन्द्व समाधान गर्न सहज हुन्छ ।

मार्क्सवादी विचारमा आधुनिकता थप्ने अर्का मार्क्सवादी विचारक **एन्टेनियो ग्राम्स्की** हुन् । उनको विचारमा विभिन्न समूहहरू बीच समाजमा विद्यमान थिचोमिचो र यसको प्रतिरोध हुँदा राज्य र विचारधाराको जन्म भएको हो । शासक वर्गले सेना, पुलिस र कर्मचारीको बलले मात्र होइन वर्गीय विचार अनुसार शासन गर्दछ र ती विचारबाट विचारधाराको जन्म हुन्छ । संचार, विद्यालय, राजनीतिक दलहरू र धर्मद्वारा जनतालाई शिक्षा दिइन्छ र राज्यले समाजमाथि आफ्नो प्रभुत्व कायम गर्दछ । यी प्रभुत्ववादी विचारहरूको प्रतिवाद र सामना गरेर मात्र समाजवादी रूपान्तरण गर्न सकिन्छ ।

- जिफण्ट-एफ ई एस् कार्यशाला

(२०६१ साउन २-३ गते) मा प्रस्तुत कार्यपत्रबाट



निकोस पौलान्टाज


कार्ल काउत्स्की


क्लाउज अफे


एन्टेनियो ग्राम्स्की

# छत्तीस सयमा बेचिएका सार्कीमानको कथा



**नाम : सार्कीमान तामाङ**
जन्म : २०१८ साल पुस ४ गते ।
बाबुको नाम : सेते तामाङ
आमाको नाम : तर्काई तामाङ

**नाम कसले राखेको ?**

बाले राख्नु भएको । दाइ खसेकोले मलाई केही नहोस् भनेर परम्परा अनुसार तल्लो जातको नाम राख्ने चलन अनुसार राखेको ।

**परिवारको पेशा ?**

कृषि पेशा, कृषि मजदुर । बाबु डोको बुन्ने, हलो जुवा तान्ने, हामी कृषि बनि गर्ने गर्थ्यौं ।

**तपाईंहरू दाइभाइ कति ?**

हाम्रा आमाले पाएका सन्तान १२ जना, ७ जना मरे र हामी ५ जना बाँकी छौं । छोरा दुई जना र बैनी ५ जनामा हाल बाँचेकोमा म जेठो हुँ ।

**कति वर्षसम्म ज्याला मजदुरी गर्नु भयो ?**

मैले ६ वर्षको हुँदादेखि काम गरें । ८ वर्षको उमेर देखि कृषिमा ज्याला गर्न थालें । शुरुको ज्याला थियो ५० पैसा, तर पैसा हैन पिठो दिने गर्थे । एक मानु पिठो - एक दिनको ज्याला पाउँथें । मेरा सबै दाजुभाइ-बहिनीहरू ज्यालाबाट जिविका चलाउँथें ।

**बुवाको पुर्ख्यौली सम्पत्ति थिएन ?**

थोरै थियो, त्यो ऋणमा बन्दकीमा पर्‍यो । त्यति मात्र होइन, भाँडाकुँडा, झिटी-झाम्टी सबै साहुले उठायो । केही बाख्रा र गाई थियो त्यो सबै साहुले कुदाएर लग्यो । त्यसपछि हामीसँग सानो छाप्रो मात्र बाँकी रह्यो । म जन्मंदा एउटा सानो कटेरोमा जन्मेको थिएँ । त्यहाँ गाइबाख्रा सबै एकै ठाउँमा थिए ।

**अनि जिविका कसरी चल्यो त ?**

घरमा धेरै कष्ट भएपछि १२ वर्षमा घरबाट हिंडे । बाबुसँग सल्लाह गरेर तिहार ताका म पैसा कमाउन जान्छु भनेर हिंडें । घरबाट हिंडेरै भक्तपुर आइपुगें र भक्तपुरबाट काठमाडौंको पुरानो बसपार्कमा आइपुगें । बसपार्कमा एक जना मान्छे भेटियो । त्यसले काम गर्छस् भनेर सोध्यो । मैले काम खोज्न हिंडेको बताएपछि एउटा गल्लीको मिठाइ पसलमा लग्यो र त्यहीं काम गर्न थालें । रातभरि पिठो मुछ्नु पर्थ्यो । दिनभरि सफा गर्ने पानी ओसार्नु पर्ने । ३ बजेदेखि ४ बजेसम्म मात्र सुत्न पाइन्थ्यो । एक महिना जेनतेन धानें । एक महिना पछि थाम्न गाह्रो भयो र साहुसँग पैसा मागें । उसले तेरो पैसा लगिसक्यो भन्यो । तिहारमा पैसा कमाएर ल्याउँछु भनेर घरबाट हिंडेको मान्छे । म छांगाबाट खसें । कसले लग्यो भन्दाखरि तँलाई जसले राखिदियो त्यसैले भन्यो । मैले भाग्ने सुर कसें । पछाडि हेरें एउटा पर्खाल रहेछ । पछि थाहा पाएँ, वीर अस्पतालको कम्पाउण्ड रहेछ । त्यहींबाट हाम फालेर भागें । मेरो एक महिनाको कमाइ त्यही पसले र दलालले खाए ।

**त्यो पसल अहिले चिन्नु हुन्छ त?**

त्यो बेला त्यहाँ दुई वटा मिठाइ पसल थिए । अहिले चार वटा छन् । ती मध्ये कुन भन्ने ठम्याउन मलाई गाह्रो परिरहेछ ।

**मान्छे चिन्नु हुन्न ?**

म बेला-बेला गएर हेर्छु, अहिले त्यहाँ छोराहरूलाई राखेको छ । बुढोलाई भेटें भने चिन्छु । म हामफालेको ठाउँको पसल पहिचान गर्दैछु ।

**त्यहाँबाट भागेपछि कहाँ जानुभो ?**

त्यहाँबाट भागेपछि रातभरि भौंतारिएँ र राति भागेकोले कहाँ पुगें भन्न सक्तिन । अहिले हेर्दा असनको सानो पाटीको चेपमा रात बिताएँ कि जस्तो लाग्छ । बिहान उज्यालो भएपछि बजारको चोकमा उभिरहेको थिएँ । एकजना मान्छे आएर सोध्यो- काम गर्न जाने ? मैले हुन्छ भनेपछि मलाई उसले दिनभरि हिंडाएर लग्यो, ठूलो पहाड चढायो । जंगलै जंगल लग्यो । पछि म चितलाङ भन्ने ठाउँमा पुगेछु । बेलुका कुलेखानी पुर्‍यौं र भोलिपल्टदेखि बाटो खन्ने काममा लागें ।

**त्यहाँ केको लागि लगेको रहेछ ?**

कुलेखानीको जलविद्युत आयोजना निर्माण गर्नको लागि गाडी जाने बाटो खन्न लागेका रहेछन् । ठेकेदारले बाटो खन्न हामी जस्ता केटा खोज्न आफ्नो दलाल खटाएको रहेछ । म त्यही बाटो खन्ने काममा लागें ।

**कति पैसा पाउनु हुन्थ्यो ?**

मलाई दिनको दश रुपिया दिने सर्तमा लगेको थियो । तर, एक महिना काम गरेपछि ठेकेदारले जुवा खेलेर पैसा हार्‍यो भनेर हामीलाई एक पैसा दिएन । काग तिहारको दिन थियो । भाइटिकामा बहिनीको हातको टिका लगाउन पैसा लिएर घर जाने धोको थियो । ठेकेदारले यसो भनेपछि म रुन थालें । मेरै गाउँतिरको नाङ्लेभारे नजिकका दुई जना थिए, तिनीहरू पनि रोए । ठेकेदार सबै खाली गरेर भाग्यो । हामी त्यसपछि चामल पोको पारेर हिंड्यौं । मैले चार माना चामल बोकें । दिनभरि त्यही कांचो चामल र पानी खाएर बेलुका रत्नपार्क पुग्यौं ।

**त्यसपछि कता जानु भो ?**

मसँग रहेको ३ माना चामल रत्नपार्कमा "मधिसे" लाई बेचें । तीन मोहर दियो । अरु साथीले पनि आफूसँग भएको चामल बेचेर सबै घरतिर लाग्यौं । म खाली हात भाइटिकाको दिन घर पुगें । बेलुका राति घर पुगें । बहिनी दाइ आउँछ भनेर भोकै टिका लगाउन बसेकी रहिछ । मलाई त्यो बेला सबैभन्दा पीडा महसुस भयो । बहिनीलाई टिका लगाएपछि के दिने, मलाई छटपटि भयो । बाउले "तैंले खरि खाँदैनस् छोरा" भनेर ५० पैसा हातमा दिनुभो र त्यही पैसा दिएँ । मैले बल्लतल्ल बाँचेर आइपुगें भनेपछि आमा रुनु भयो, तर बाबुले भने गाली गरे ।

**घर फर्किएपछि के भयो ?**

गाउँमा कुरा काटेर बसि खान दिएनन् । सेतेको छोरो कमाउन गएको गमाएर फर्कियो । छोरोले कमाएर ल्याउलान्, खाउँला भन्थ्यो, विचरा जील परेछ । गाउँमा यस्तो कुरा चल्न थाल्यो । मलाई जहाँ गयो, त्यहीं गिज्याउन थाले । गोठालादेखि लिएर हलीसम्मले गिज्याउन थालेपछि म खप्न नसकेर घरबाट फेरि हिंडें ।

> **"मलाई दिनको दश रुपिया दिने सर्तमा लगेको थियो । तर, एक महिना काम गरेपछि ठेकेदारले जुवा खेलेर पैसा हार्‍यो भनेर हामीलाई एक पैसा दिएन ।"**

**कहाँ जानु भो ?**

काठमाडौं महाबौद्धमा पुगें, त्यहाँ नाम्लो बोकेर मान्छेहरू भारी खोजेर बस्दा रहेछन् । म पनि एउटा नाम्लो महाबौद्धमा किनेर काँधमा राखेर घुम्न थालें । दुई-तीन दिन एक्लो जस्तो महसुस भयो नरमाइलो लाग्यो । तर, दुई तीन दिन पछि मलाई पनि साहुले बोलाउन थाल्यो । साथीहरूसँग पनि परिचय भयो र भारी बोक्ने काम पाउन थालेपछि बानी पर्दै गयो । रमाइलो पनि लाग्न थाल्यो ।

**यसरी भारी कति बोक्नु भो ?**

मैले ०३२-३३ सालमा एक वर्ष महाबौद्धमा र ०३५ सालमा ६ महिना ठिमीमा गएर भारी बोकें ।

**डेढ वर्ष भारी बोक्दा कति कमाउनु भो ?**

महिनामा खाएर दुई सय जति बचाउँथें । सय-दुई सय बचत भयो कि घर पुगिहाल्थे । बाको दुःख देखेर पनि म यसरी भारी बोक्न अभ्यस्त भएँ ।

**त्यसपछिको जिन्दगी कस्तो रह्यो ?**

म ०३१ सालमा भारतमा बेचिए छु । कास्मिरको सिमलाभन्दा माथिको पहाडमा बाटो खन्ने काम चलेको रहेछ । मलाई सिन्धुपाल्चोककै एउटा दलालले आइसीमा बेचेछ । त्यो दलालबाट अर्कोले नौ सय आइसीमा बेचेछ र सिमला पुग्दा म छत्तीस सयमा बेचिएछु । त्यो कुरा मैले मलाई किन्ने अन्तिम मान्छेबाट थाहा पाएँ । सिमलाको त्यो विकट पहाडमा म हजारौं मान्छेसँग कैदी जस्तो भएर ढुंगा फोड्ने काममा लागें । त्यहाँ हजारौं नेपाली थिए, कति त यस्ता मान्छे थिए जसलाई आफ्नो गाउँको नाउँ पनि याद थिएन । त्यो ठाउँलाई 'सिपिदी' भन्दो रहेछ, हिमालको छेउ, विकट भएकोले त्यहाँबाट उम्किन सक्ने ठाउँ पाइँदो रहेनछ ।

**तपाई कसरी फुत्कनु भो ?**

मलाई किन्ने ठेकदारले मेरो एक जना साथीलाई हिमालमा दाउरा खोज्न पठायो । त्यो लडेर मऱ्यो । यसले हामीलाई आक्रोशित पाऱ्यो । ठेकदारले यो कुरो कतै नगर्नु भन्यो । हामीले उजुरी गर्छौं भनेपछि हामी तीन जनालाई 'घर जाउ' म तिमीहरूको पैसा मिनाहा गरिदिन्छु' भन्यो । त्यही मौकामा हामी त्यहाँबाट उम्कियौं ।

**ट्रेकिङमा चाहिँ कहिलेदेखि लाग्नु भो ?**

महाबौद्धमा भारी बोक्दा-बोक्दै एक जना सेर्पा आएर ट्रेकिङ जाने हो भनेर सोध्यो । मलाई ट्रेकिङ भन्ने थाहा थिएन । 'ट्रेकिङ भन्ने बुझिन । के को ट्रेडिङ हो' भनेर सोधें । उसले भन्यो, 'पूर्व जानु पर्छ । दिनमा १८ रूपैयाँ पाउँछस्, पहाड चढ्नु पर्छ ।' म धरान पुगें । कंचनजंघा हिमाल जाने अमेरिकन टिम रहेछ । मलाई बेस क्याम्पसम्म भारी बोकाएर लगे । मैले पहिलो पटक १८ दिनको ३५० जति पाएँ । त्यहाँदेखि म निरन्तर ट्रेकिङमा भारी बोक्न थालें ।

**हालसम्म कति वटा हिमाल पुग्नु भो ?**

हालसम्म म ट्रेकिङ क्षेत्रका सबै हिमालमा पुगें र २२००० फुट (७००० मिटर) अग्लो मकालु हिमाल पनि चढें । बेस क्याम्पबाट तीन क्याम्प माथिसम्म पुगें । मकालु - टुको शिखरमा पनि पुगेको छु ।

**ट्रेड यूनियनमा कसरी आउनु भो ?**

म ट्रेकिङ जाने साथीहरूसँगै एउटा कोठामा पुगें । त्यहाँ नुरु वाङ्छु सेर्पा र पदम राइले मजदुरको विषयमा कुरा गरे । मजदुरको संगठन बनाउने कुरा गरे । ०४० सालमा एउटा ठूलो भेला गर्ने, त्यसको लागि पैसा उठाउने, मालिकलाई थाहा नदिने कुरा गरे । पछि हामी काठमाडौंबाट बाहिर गयौं । त्यो माताातीर्थ रहेछ । त्यहीं हाम्रो भेला भयो र ट्रेकिङ मजदुर संघ गठन भयो । त्यसवेलादेखि म त्यसमा निरन्तर रहें । दुई-दुई वर्षमा सम्मेलन हुन्थ्यो । म पैसा उठाउने साथीहरूलाई ल्याउने लाने गर्थें । विस्तारै भूमिगत साथीहरूसँग पनि सम्पर्क हुन थाल्यो । मलाई ट्रेकिङमा सार्की तामाङ भन्दा पनि वीर भनेर चिन्ने गर्छन् । मैले एक पटक वीर नेपालीले भारी बोक्छन् भनेको थिएँ, साथीहरूले त्यही दिन देखि वीर भनेर बोलाउन थाले ।

**नेतृत्व तहमा कहिलेदेखि पुग्नु भो ?**

बहुदल आएपछि०४८ सालमा बालाजु औद्योगिक क्षेत्रमा महासंघको प्रथम महाधिवेशन भयो । त्यहाँ मनमोहन अधिकारी, सीपी मैनाली र मुकुन्द न्यौपानेको भाषण सुनें । त्यही बेलादेखि म अझ सक्रिय भएर स्वागतम ट्रेकिङ कम्पनीको प्रतिष्ठानको अध्यक्ष बनें ।

०५२ सालमा केन्द्रीय कमिटीमा पुगें । ०५२ सालमै महासंघको दोस्रो राष्ट्रिय महाधिवेशनको प्रतिनिधि भएँ । ०५५ सालमा केन्द्रीय कमिटीको कोषाध्यक्ष भएँ र हाल ०५९ सालदेखि म यूनिट्राभको अध्यक्ष छु ।

**सांगठनिक जीवन र अगाडिको जीवन भिन्नता के पाउनु भएको छ ?**

संगठनमा लाग्नु भन्दा अगाडि म लाटो जस्तो थिएँ । जीवनको बारेमा केही थाहा थिएन । आज जीवनका धेरै कुरा थाहा नभए पनि मजदुरको पीडाको बारेमा धेरै कुरा जानेको छु ।

**तपाईंको जीवनमा सबैभन्दा दुःखको दिनको कुनै सम्झना छ?**

मेरो जीवनका व्यथाहरू यति छन् कमरेड, म भक्कानिन्छु, भन्न गाह्रो पर्छ । पीडाका कथाहरू कति हो कति छन् । त्यसमा पनि म ठगिएर रित्तै घर फर्केपछिको वर्षको कुरा हो, जेठको दिन थियो । गाउँमा ठूलो अनिकाल थियो । बारी हुनेका पनि मकै पाकेका थिएनन् । हाम्रो त खेतबारी नै साहूले लगिसकेको थियो । हाम्रो घरमा भोकमरीले सतायो । बाबुआमा दिनभरि चाहारेर बेलुका खाली हात फर्कन्थे । हामी बाबुको बाटो हेरेर दलान कुरेर बस्थ्यौं । खाली हात देखर निराश हुन्थ्यौं र रुन्थ्यौं । केही नलगालेपछि बाले पाखातिरबाट गन्धेझार खोजेर ल्याउनु हुन्थ्यो । त्यही उसिनेर पानी फ्याँकेर छिमेकीले दिएको तिलको छोप मिसाएर पनि हामीले खायौं । त्यो खाँदा हाम्रो अनुहारतिर हेरेर आमा आँसु झार्न थाल्नु हुन्थ्यो । म अहिले पनि ती दिनहरू झल्झली सम्झने गर्छु ।

**किन बिहा गर्नु भएन ?**

मेरो जीवनको कठिन काल २१ वर्ष मै बुवा बित्नु भो । मेरा भाइ-बहिनीको जिम्मा मेरो काँधमा आयो । भाइ-बहिनीले दुःख पाउँछन् भनेर बिहा गरिन ।

**बिहा गर्दा त्यस्तो हुन्थ्यो र ?**

मलाई लाग्यो, मेरो कमाइले बिहा गरेपछि मलाई नै खर्च पुग्दैन । त्यसैले भाइ-बहिनीलाई पार लगाउने मेरो दायित्व पनि भएकोले बिहा गरिन ।

**अहिले भाइबहिनी पार भए त?**

सबैले आफ्नो गरि खान्छन् । मैले भारी बोकेर भए पनि उनीहरूलाई केही मद्दत गरें ।

**अब बिहा गर्न केले रोक्यो त ?**

म हाल ४३ वर्षको भएँ, अब के गर्ने सोचेको छैन ।

**प्रस्तुति - मुकुन्द न्यौपाने**

> **"म ०३१ सालमा भारतमा बेचिए छु । कास्मिरको सिमलाभन्दा माथिको पहाडमा बाटो खन्ने काम चलेको रहेछ । मलाई सिन्धुपाल्चोककै एउटा दलालले आइसीमा बेचेछ ।"**



# पितृसत्ता विरोधी आन्दोलनमा पुरुषको भूमिका

**– काले लार्सन**, केन्द्रीय सदस्य, लेफ्ट पार्टी-स्वीडेन

प्रसमाजमा परम्परागत रूपमा महिला विरुद्ध थुप्रै विभेद हुँदै आएका छन् । उक्त विभेद विरुद्धको आन्दोलनमा पुरुषले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । यहाँ महिला अधिकार र समानताको लागि हुने महिलावादी आन्दोलनमा पुरुषको भूमिकाको बारेमा केही कुराहरू उल्लेख गर्न चाहेको छु ।

महिलावादको आधारभूत कुरा भनेकै परम्परागत रूपमा पुरुषलाई महिलालाई भन्दा बढी अधिकार दिइने संस्कारगत पक्षलाई अनुभूत गर्नु र त्यो विभेदपूर्ण परम्परा विरुद्ध परिवर्तनका पक्षमा क्रियाशील हुनु हो ।

व्यक्ति वा फरक-फरक समूह बीच रहेको जेण्डर असमानतालाई बुझेर मात्र पुग्दैन, महिलाले पुरुषमा आश्रित हुनु पर्ने मूल कारण नै जेण्डर विभेद हो भन्ने कुरालाई मनन गर्नु पर्छ, जेण्डर समानताका लागि हुने आन्दोलनमा संलग्न हुनेले प्रतिबद्ध हुनुपर्दछ । विभेदपूर्ण स्थितिलाई परिवर्तन गर्नु पर्छ भन्नु असाध्यै राम्रो र स्वागत योग्य कुरा हो, तर यसलाई हरेकले सार्वजनिक र निजी जीवनमा पनि लागू गरेर देखाउनु पर्दछ । त्यसैले, महिला अधिकारको बारेमा असाध्यै राम्रो बोल्ने पुरुष वक्ताहरूको बोलाइमा पनि के होसियार हुनुपर्दछ भने उक्त बोलाइ वास्तविक परिवर्तनमा केन्द्रित छ वा लोकप्रियताका सस्ता शब्द आडम्वर मात्र हुन् ?

पुरुषहरू महिलावादी हुनका लागि केही आधारभूत कुराहरूमा ध्यान दिनु पर्दछ, जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

- महिला अधिकारको कुरा गर्दा पुरुषहरूले विषय वस्तुलाई आफ्नो काबुमा राख्ने र अरु समयमा जस्तै यस विषयमा पनि पुरुषहरू नै बढी समय बोल्ने र विषयलाई प्रभावित पार्ने सम्भावना रहन्छ ।
- आफूसँग भएको अधिकार सजिलैसँग कसैले पनि हस्तान्तरण गर्दैन, पुरुषले पनि आफुसँग रहेको अधिकार सहज रूपमा महिलालाई दिनेवाला छैन । त्यसैले महिला अधिकारको विषयमा जबसम्म द्वन्द्व हुँदैन, तबसम्म वास्तविक जीवनमा परिवर्तन आउन सक्दैन ।
- आफ्नो शक्तिलाई सुनिश्चित गर्न पुरुषले फरक र कहिलेकाहीं चलाखीपूर्ण तरिका प्रयोग गर्न सक्दछन् । यस बारेमा नर्वेजियन समाजवादी महिला नेता बेरितले महिला दबाउने पुरुषका पाँच वटा प्रमुख तरिका व्याख्या गरेकी छन्- (१) महिलाको कुरालाई वेवास्ता गरिदिने, (२) हरेक कुरालाई हाँसोमा उडाउने, (३) सूचना आफ्नो नियन्त्रणमा राख्ने, (४) जे सुकै गरे पनि जितिने होइन भन्ने र (५) जे गरे पनि दोष र आरोप महिलामाथि थोपर्ने । यी कुनै पनि तरिका प्रयोग हुन सक्दछन् । उदाहरणका लागि दमन र विभेदका कुरा गर्दा कहिलेकाहीं महिलाद्वारा हुन सक्ने केही विभेदका उदाहरणहरू पेस गर्ने वा विषयलाई अन्तै मोड्ने काम पनि हुन सक्छ ।
- समाजमा चल्दै आएको जेण्डर सम्बन्धलाई कायम राख्न पुरुषहरू एक-अर्कालाई साथ, सहयोग दिन सक्दछन् । अरु पुरुषलाई साक्षीको रूपमा प्रस्तुत गर्ने र इच्छाइएको महिलालाई बोल्न लगाई सम्भावित प्रश्नबाट टाढा रहँदै स्थापित जेण्डर प्रणालीलाई कायम राख्न भरथेग गर्न सक्दछन् ।
- पुरुषलाई कहिलेकाहीं लाग्न सक्छ कि महिलाको विषय भनेको महिलाको सरोकारको कुरा हो र यसमा हाम्रो कुनै सरोकार छैन । त्यसो हुँदा यी विषयहरूले महत्व पाउँदैनन् र पाखा लाग्न सक्दछन् ।

यस्ता कुराले जेण्डर विषय र व्यवहारमा चाहेको परिवर्तन गर्न मद्दत पुग्दैन । यसले बरु उल्टो वास्तविक रूपमा परिवर्तनलाई पन्छाउन सहयोग गर्दछ । समाजमा पुरुषको जुन आधिपत्य कायम छ, त्यसलाई अझै सुनिश्चित गर्दछ । यस्ता विषयहरूमा छलफल गर्दै र तोड्दै जानु पर्दछ । प्रायः यस्ता कुरामा पुरुषहरू आफैं सचेत हुने र त्यसलाई हटाउने भन्दा पनि यस्ता कुरा देखी उनीहरू विरोधमा समेत उत्रन्छन् ।

महिला आन्दोलनमा पुरुषको भूमिका कस्तो हुन सक्छ ? मेरो विचारमा निम्न बुँदामा ध्यान दिनु पर्दछ -

> **"महिला अधिकारको बारेमा असाध्यै राम्रो बोल्ने पुरुष वक्ताहरूको बोलाइमा पनि के होसियार हुनुपर्दछ भने उक्त बोलाइ वास्तविक परिवर्तनमा केन्द्रित छ वा लोकप्रियताका सस्ता शब्द आडम्वर मात्र हुन् ?"**

- महिलाहरूले निजी र सार्वजनिक जीवनमा अनुभूत गरेका कुराहरूलाई गम्भिरतापूर्वक सुन्ने र यसलाई राजनीतिक विश्लेषणको आधार मानेर पार्टी कामको प्रस्थान विन्दु बनाउने, सहयोग गर्ने ।
- जेण्डर सीमाहरू तोडेर अगाडि बढ्न आँट गर्ने महिलालाई सबै किसिमका आवश्यक सहयोग र प्रोत्साहन दिने ।
- परिवर्तनका लागि महिलाहरूले जे रणनीति तयार गरेका हुन्छन्, त्यसमा प्रश्न खडा गर्नुभन्दा बिना सर्त स्वीकार गर्दै कार्यान्वयन प्रक्रियामा सहयोग गर्न सक्दछौं ।
- नेतृत्वमा महिला सहभागिता वृद्धिका लागि प्रोत्साहन गर्न सक्दछौं । उदाहरणका लागि कुनै पनि खाली स्थानमा पदपूर्ति गर्दा सम्भव भएसम्म महिलालाई नै पहिलो प्राथमिकता दिने र महिला नभएमा मात्र आफूले स्वीकार गर्ने संस्कारको विकास गर्ने ।
- सार्वजनिक वा निजी जीवनमा जेण्डर असमानता कायम रहनुमा आफ्नो तर्फबाट केही कमी भयो कि भनी आफैलाई समयसमयमा स्व-मूल्यांकन गर्दै पुरुष भएकै कारण समाजले आफूलाई दिएको विशेष अधिकार र भूमिकालाई क्रमशः अस्वीकार गर्दै जाने । उदाहरणका लागि “घरेलु काममा कसरी आधा दायित्व पूरा गर्ने र बैठक-भेलामा आफूले कम समय बोलेर महिलालाई बढी समय बोल्न प्रोत्साहन गर्ने भन्ने विषयमा ध्यान पुऱ्याउने ।
- सार्वजनिक, निजी र राजनीतिक जीवनमा “विशेषअधिकारवाला” किसिमको व्यवहार छ भने परिवर्तन गर्न र अरु पुरुष सहकर्मीहरूमा पनि यस्तो देखिएमा उनीहरूलाई पनि सुझाव दिंदै सुधार गर्न सहयोग गर्ने ।
- महिलावादी सिद्धान्तको बारेमा थप अध्ययन गर्ने, सिक्ने र यी कुरालाई महिला आन्दोलनमा लागू गर्न सहयोग पुऱ्याउने जस्ता तरिकाबाट महिला आन्दोलनमा सहभागी हुने ।

संक्षेपमा महिला अधिकारको आन्दोलनमा पुरुष सहभागिताको लागि पुरुषहरूले आफ्नो भूमिकाको मूल्यांकन गर्दै महिलाहरूले बनाएको रणनीतिको कार्यान्वयनमा बिना सर्त सहयोग गर्न सक्नुपर्दछ । यसो गर्दा पुरुषले उपभोग गर्दै आएको अधिकारमा अवश्य पनि कटौती हुनेछ । तर, त्यसको बदलामा हाम्रो आन्दोलनमा महिला सहभागिता र जेण्डर समानता बढ्ने छ । र, हाम्रो समाज हामीले भन्ने गरेको र चाहेको जस्तै जेण्डर समान हुनेछ, जसका लागि हामी लामो लडाई लडिरहेका छौं ।

(मूल अंग्रेजीबाट विन्दा पाण्डेको अनुवाद)


विजया दशमी तथा शुभ-दीपावली २०६१ को

उपलक्ष्यमा सम्पूर्ण उद्योग व्यापसायी

तथा श्रमिक वर्गमा

हार्दिक मंगलमय शुभ-कामना

व्यक्त गर्दछौं ।

रिलायन्स स्पीनिङ मिल्स (लि.) परिवार

खनार, सुनसरी



अग्निशिखा

# शरीर जल्यो, आन्दोलन जलेन

यसो भन्ने को थिए ? - 'मलाई थाहा छैन किन, म सधैं नरम हृदयको छु । जब म कुनै दुःखी र करुणा जाग्ने मान्छेलाई देख्छु, मेरो मन खिन्न हुन्छ र त्यस दिन, दिनभरि म उदास हुन्छु। मेरो विचारमा, सम्पूर्णरूपमा गरीब हुनुको अर्थ मलाई राम्रै थाहा भएको कारण यस्तो भएको हुन सक्छ ।'

यसो भन्ने को थिए ? - 'यदि दुवै मानव हुन् भने किन गरीब मान्छे धनी मान्छेको दास बन्नै पर्छ ? नकुहिएका, शुद्ध हृदयका युवाहरू किन कुहिएका धनीहरूको पाइतालाको धुलो बन्नु पर्छ ? के समाजको यथार्थ यही हो ? धनी र गरीबको नियम यही हो ?'

यसो भन्ने को थिए ? - 'म यो युगलाई घृणा गर्छु, जहाँ मान्छे वस्तु बनेको छ, जहाँ मान्छेको वैयक्तिकता र आधारभूत आकांक्षालाई तिरस्कार गरिन्छ, जहाँ आशाका हाँगाहरू छिमलिन्छन् । म यो मनुष्य जातिलाई घृणा गर्छु, जो आफ्नो अस्तित्वको खातिर आफूलाई वस्तुको रूपमा गिराउन चाहन्छ ।'

यी अभिव्यक्ति पढ्दा लाग्छ - यसो भन्ने व्यक्ति पक्कै पनि पाको उमेरको हुनुपर्छ। तर, उनी बीस/बाइस वर्षका थिए । र, उनको नाम थियो - छन् ते-इल । जसको सम्झनामा आज पनि लाखौं दक्षिण कोरियाली श्रमिकहरू आफ्नो शिर झुकाउँछन् र श्रद्धाञ्जलिस्वरूप उनको स्मारकमा फूल चढाउँछन् । यसर्थ कि, छन् ते-इललाई उनीहरू श्रमिक आन्दोलनमा पहिलो पुस्ताका जन्मदाता मान्छन् ।



छन् ते-इलको जन्म २६ अगस्ट १९४८ मा तेगुमा भएको थियो। उनका बाबु गार्मेन्ट कारखानामा सिलाइको काम गर्थे । र, निराशामा प्रायः रक्सी पिउने गर्थे । विवाह अघि, ते-इलकी आमालाई जापानी सैनिकहरूले दास बनाएका थिए। १५ अगस्ट १९४५ मा जापानको आधिपत्यबाट कोरिया मुक्त भएपछि उनी छुटेकी थिइन् । मुलुक मुक्त भए पनि ते-इलको परिवारको लागि उनीहरूको आँगनमा कहिल्यै मुक्तिको घाम झुल्केन ।

गरिबीको कारण, चार कक्षामा पुग्दा नै ते-इलले पढाइ छोडे। उनी र उनका भाइ खऱ्याक-खुत्रुक सामान बेच्न थाले । ते-इलले अखवार पनि बेचे । तर, यसबाट परिवारको गुजारा टर्दैनथ्यो । कैयन दिन उनीहरू भोकै रहन्थे । थोक विक्रेतालाई बुझाउनु पर्ने पैसा घर खर्चमा सकिन थाल्यो। तेह्र वर्षका केटा ते-इल घरबाट भागेर राजधानी सउल पुगे । जुत्तामा पालिस लगाउने काम गर्न थाले । उनी कामको खोजीमा पुसान पुगे र फेरि सउलमा फर्किए ।

पछि, घरमा फर्केर उनले बाबुको काममा सघाउन थाले । उनी रात्री सहशिक्षालयमा निम्न माध्यमिक कक्षामा पढ्न थाले। ते-इलमा अध्ययनको भोक अत्यन्त थियो। बाबुले उनलाई पढाइ छोडेर काममा मात्र लाग्न दवाव दिन थाले। बाबुको भनाइ थियो- 'तँ सोह्र वर्षको भइसकिस् र अझै निम्न माध्यमिकको पहिलो कक्षामा नै छस् । पढेर सफल होइन्छ भन्ने तैंले ठान्याछस् ? यो समाजमा पढेरै सांसद र मन्त्री बनिन्छ भन्ने ठान्याछस् ? पैसा हुनु पर्छ, पैसा । पैसा छ भने बीस/तीस वर्षको उमेरमा पनि पढ्न सकिन्छ ।'

ते-इलले बाबुको आदेश पालन गरेनन् । सउलमा पढ्न पाइने आसले घर छोडेर हिंडे । सउलमा भौंतारिएर घर फर्किए । बाबुको कुटाइ खाए । आमा पनि पिटिन थालिन् । कामको खोजीमा आमा घर छोडेर हिंडिन् । बाबुले घरका सबै सामान बेचेर सके । सानी बहिनीलाई बोकेर, आमाको खोजीमा ते-इल फेरि सउलतर्फ लागे । पिठ्युँमा रहेकी बिमार बहिनीको भोक समेत टार्न नसकेको कारण, सडकका अनाथलाई बटुल्ने बसमा बहिनीलाई, आमालाई खोजेर ल्याउने बहानामा, छोडेर हिंडे उनी, गहभरि आँसुका साथ .... । गरीब ते-इलको केटौले जीवन यस्तै थियो ।

'... हामीलाई मानवको रूपमा व्यवहार पाउने प्रत्येक अधिकार छ तर आजसम्म हामी मेशिनको रूपमा बाँचेका छौं, हाम्रो शोषण गर्ने रोजगारदाताप्रति एकपटक पनि विरोध जाहेर गरेका छैनौं । त्यसैले यो हाम्रो भेला, मूर्खहरूको भेला हो । आफ्नो अवस्थाप्रति हामी पूर्ण सचेत हुनु पर्छ । मूर्खहरूको रूपमा नरहने उपाय यही मात्र हो' - 'मूर्खहरूको समाज' नामको संस्था गठन गर्ने सन्दर्भमा ते-इलले भनेका थिए । यसको लागि सहभागिता जनाउन जब बरिष्ठ श्रमिकहरूलाई आग्रह गरियो तब उनीहरूको भनाइ थियो- 'मूर्खले मात्र मजदुर आन्दोलनको कुरा सोच्न सक्छ ।' उनीहरूमा अविश्वास थियो । र, यस सम्बन्धमा ते-इलको जवाफ थियो- 'मर्नु अगाडि हामी मूर्ख हौं कि होइनौं भन्ने कम्तीमा पत्ता त लगाऔं, प्रयास त गरौं ।'

सउल स्थित पीसमार्केटको गार्मेन्ट कारखानामा 'कटर' को रोजगारी पाएका ते-इल श्रमिकहरूको दयनीय अवस्थाप्रति अत्यन्त द्रवित थिए । उनले सपथ खाएका थिए- 'म कुनै पनि अन्यायसँग सम्झौता गर्ने छैन, न मौन नै रहनेछु ।' संस्था 'मूर्खहरूको समाज' लाई एक वर्ष पछि 'सामडोङ मैत्री संगठन' मा फेरियो । छन् ते-इल त्यसका अध्यक्ष भए। उनकै प्रयासमा पीसमार्केटका श्रमिकहरूको दयनीय अवस्थाबारे अखवारमा छापियो । पीसमार्केटप्रतिको मौनता तोडियो ।

गार्मेन्ट उद्योगको कार्य-अवस्था सुधार्न छन् ते-इलले श्रम मन्त्रालयमा ज्ञापनपत्र दिए । ज्ञापनपत्रमा ध्यान नदिएपछि प्रदर्शनको योजना बनाए। अर्को वर्ष राष्ट्रपति पदको निर्वाचन हुनेवाला थियो र मजदुरहरूको यो मुद्दा जोडदाररूपमा उठ्नेवाला थियो । श्रम निरिक्षकले उनीहरूलाई लोभ्याए-फकाए, श्रम दिवसको दिन पुरस्कृत गर्ने वाचा गरे भने अर्कोतर्फ गुप्तचर संस्थाका मान्छेहरू उनीहरूमाथि निगरानी राख्न थाले । ज्ञापनपत्रमा श्रममन्त्रालयले कुनै ध्यान नदिएपछि संसदमा श्रममन्त्रालयको रिपोर्ट पेश हुने दिन त्यसै मन्त्रालय

अगाडि प्रदर्शन गर्ने योजना बनाइयो । उनीहरूलाई फेरि आश्वासन दिइयो, प्रदर्शन रोक्न लगाइयो । तर, संसदमा रिपोर्ट पेश गर्ने काम सकिएपछि ते-इलहरूलाई भनियो- 'अब जे गर्छौ, गर ।'

यस धोखाबाट आक्रोशित ते-इलहरूले पीसमार्केटमा नै प्रदर्शनको आयोजना गर्ने निर्णय लिए । पीसमार्केट कर्पोरेशनका बोर्ड सदस्यहरूले केही दिनको समय दिन अनुनय गरे । प्रदर्शन फेरि रोकियो । तर, दिइएको म्याद सम्ममा बोर्डले कुनै कदम चालेन । ते-इलहरूलाई पटक-पटकको धोखा असह्य भइसकेको थियो । १३ नोभेम्बरको दिन सांकेतिक रूपमा श्रम मानदण्ड कानुन जलाउने निधो भयो । उनीहरू प्लेकार्ड बनाउन थाले । एउटा प्लेकार्डमा लेखिएको थियो- 'हामीलाई हप्ताको एक पटक घाम देऊ!' त्यस दिन पीसमार्केटमा बढी संख्यामा सुरक्षा गार्ड थिए, प्रहरीका गस्ती गाडी थिए र गुप्तचरहरू थिए ।

दिउँसो साढे एक बजे पाँच सय जति मजदुरहरूले प्लेकार्ड सहित प्रदर्शन गरे । सुरक्षा गार्ड र प्रहरी तथा गुप्तचरहरूसँग घम्साघम्सी भयो । ते-इलले एक जना साथीलाई डाकेर भने- 'हामी मध्ये कोही मर्नु पर्ने जस्तो लाग्छ । मरेको जस्तो गरौं, तब ती कुजातहरू चेत्नेछन् ।' कुरा नबुझेर साथी अल्मलिए । ते-इलले आफ्नो जीउमा पेट्रोल खन्याए र आगो सल्काए । व्हारव्हार्ती बलेको जीउसँगै उनी कुदेका थिए र चिच्याएका थिए :

'श्रम मानदण्ड कानुन पालन गर !'
'हामी मेशिन होइनौं । !'
'आइतवारको दिन हामीलाई छुट्टी दे !'
'श्रमिकहरूको शोषण नगर !'
'श्रमिकहरू मेशिन होइनन् !'

ते-इलको जलिरहेको शरीरलाई ज्याकेटले छोपेर आगो निभाइयो र अस्पतालमा पुऱ्याइयो । तर, नराम्रोसँग जलेका उनको मृत्यु त्यसै दिन राति १० बजे पछि भयो । जीवनको अन्तिम घडीमा उनले साथीहरूलाई भनेका थिए- 'मेरो मृत्यु बेकार नहोस् ।' बाइस वर्षको कलिलो उमेरमा नै आफ्नो मृत्यु निम्त्याउने ते-इलको यो आत्मदाहले कोरियाली समाजलाई राम्रैसँग झस्कायो, मजदुर आन्दोलनको सूत्रपात गऱ्यो । तब त एक अखबारले लेखेको थियो- यदि कोरियाली युद्धले १९५० को दशक र अप्रिल १९, १९६० को छात्र-क्रान्तिले १९६० को दशकको प्रतिनिधित्व गर्दछ भने छन् ते-इलको मृत्यु १९७० को दशकको सबैभन्दा सांकेतिक घटना हो ।'

अक्टोवर ४, २००४

NTUC/GEFONT BOARD

## ज्वाइन्ट बोर्ड

# एकल यूनियन अभियान
# उठेका कदमहरू



**उमेश उपाध्याय**

मजदुर हितका एजेण्डामा आधारित भएर देशको यूनियन आन्दोलनको एउटै एकल छाता निर्माण गर्ने कुरा जिफण्टको तेस्रो राष्ट्रिय अधिवेशनबाटै अघि बढाइएको हो । 'एक यूनियन, एक आवाज' को नारा तथा एकीकृत यूनियन आन्दोलनको नाराले विगत चार वर्षमा राम्रै गति पाएको छ ।

तेस्रो राष्ट्रिय अधिवेशन लगत्तै नेपाल ट्रेड यूनियन कांग्रेससँग यस सम्बन्धमा वार्ता भएर एउटा उच्चस्तरीय कार्यदल बन्यो । त्यस कार्यदलले झण्डै चार वर्षसम्म संयुक्त गतिविधिका लागि आवश्यक वातावरण तयार गऱ्यो । यसै क्रममा डेनिस ट्रेड यूनियन आन्दोलन एलओ-एफटीएफ काउन्सिलले एकता प्रक्रियालाई बल पुऱ्याउन सहयोग गर्ने मनसाय देखायो । त्यसपछि संयुक्त परियोजना तयार गरियो ।

डेनमार्कको एलओ-एफटीएफ काउन्सिलसँग सहकार्यमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य परियोजना सञ्चालन गर्ने टुंगो सन् २००३ मा नै लाग्यो । त्यसपछि परियोजनाको कार्यालयको रूपमा संयुक्त सचिवालय खोल्ने निर्णय गरियो । संयुक्त सचिवालय खोल्नु अघि नै एनटीयूसी जिफन्ट बोर्ड स्थापना गर्ने र कार्यदल विघटन गर्ने सोच बनाइयो । बोर्डको सचिवालयले परियोजनाको कार्यालयको रूपमा समेत काम गर्ने तय भयो ।

परियोजना सल्लाहकार, राष्ट्रिय संयोजकहरू र बोर्डको छलफल पश्चात परियोजनाको कार्य योजना तय गरियो । त्यस अनुसार २००४ मा केही महत्वपूर्ण कार्यहरू भएका छन्, जसले एकल यूनियन अभियानमा महत्वपूर्ण कोशेढुंगाहरू उभ्याएका छन् ।

१. **प्रशिक्षक सम्मेलन** – जुन २६-२७ मा काठमाडौंमा सम्पन्न गरिएको यो दुई दिने प्रशिक्षक सम्मेलनमा देशभरिका छानिएका ४०/४० जना जिफन्ट र एनटीयूसीका अगुवा प्रशिक्षक नेता/कार्यकर्ताहरू सहभागी भई ट्रेड यूनियन शिक्षा र एकल यूनियन अभियान बारे विचारको आदान-प्रदान गरे ।

२. **प्रशिक्षक प्रशिक्षण मोडुल तालिम** – जुलाई २०-२४ को अवधिमा संचालित यस प्रशिक्षण कार्यक्रममा दुवै महासंघका दक्ष, कुशल र अनुभवी १०/१० जना प्रशिक्षकहरूलाई तालिम दिइयो । अन्तरराष्ट्रिय स्रोत व्यक्तिबाट तालिम भयो ।

३. **व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रशिक्षक तालिम** – जुलाई २६-३० मा संचालित यस तालिममा पनि प्रशिक्षक प्रशिक्षण मोडुल तालिमका २० जना प्रशिक्षक नै सहभागी गराइए । यस तालिममा बैंकको व्यवसायजन्य सुरक्षा, स्वास्थ्य तथा वातावरण केन्द्रबाट आएकी अन्तरराष्ट्रिय स्रोत व्यक्तिले तालिम दिइन् ।

४. **व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्मेलन र पाठ्य सामग्री निर्माण कार्यशालाहरू** – अगस्ट महिना र सेप्टेम्बर महिनामा राष्ट्रिय स्तरमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्मेलनहरू सम्पन्न गरिए । (हेर्नुस् टेबल)

५. **स्थानीय तहमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य तालिम** –

स्थानीय तहमा यो तीन वर्षे अवधिमा ४०० प्रतिष्ठान/कार्यदलहरूमा २८०० यूनियन कार्यकर्ताहरूलाई पहिलो चरणमा दुई दिने र उनीहरूलाई नै दोस्रो चरणमा ५ दिने व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य तालिम दिइने योजना छ । हाल ३० वटा प्रतिष्ठान कार्यथलोमा निर्माण, यातायात, होटल, कपडा र उत्पादनशील उद्योग क्षेत्रमा पहिलो चरणको दुई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्मेलन सम्पन्न गरिसकिएको छ ।

यी सबै गतिविधिहरू र कार्यक्रमहरूको मूलभूत केन्द्रविन्दु एकल यूनियन अभियान नै रहेको छ । यी कार्यक्रमहरूका क्रममा दुवैतर्फका विभिन्न तहका नेता-कार्यकर्ताहरू बीच अन्तरक्रिया र समन्वयद्वारा दूरीलाई कम गर्दै निकटता बढाउँदै लैजाने काममा ठूलो सफलता मिलेको अनुभव गरिएको छ ।

# कामको अधिकार : ट्रेड यूनियनको माग




"भदौ १ गतेबाट देशका १२ वटा उद्योगहरू बन्द गरिनेछन् । बन्द नगरेमा उद्योगमा भौतिक कार्वाही गरिने छ ।" साउन १८, २०६१ मा श्रमिक वर्गलाई आश्चर्यमा पार्ने माओवादीको समाचार प्रकाशित भएको थियो ।

माओवादीहरूको माग उद्योगसँग सम्बन्धित थिएनन् न त मजदुरहरूको प्रत्यक्ष सरोकारको विषय नै थियो । तर पनि भदौ १ गतेदेखि होटल सोल्टी, सूर्य टोबाको लगायतका १२ वटा उद्योगहरू बन्द भए । बन्दका कारण प्रत्यक्ष अप्रत्यक्ष हजारौं मजदुरहरूको रोजीरोटीमा असर पार्‍यो ।

उद्योगबन्दको समाचार प्रकाशमा आएदेखि नै नेपाल ट्रेड यूनियन महासंघले 'मजदुरको कामको अधिकारलाई ग्यारेन्टी गर' भन्ने कुरालाई अगाडि सार्‍यो । कामको अधिकार कसैबाट हनन हुनु हुँदैन । यसै कुरालाई ध्यानमा राखेर जिफन्टले उद्योग बाणिज्य महासंघ, सहयोगी ट्रेड यूनियनहरू, नागरिक समाज र सरकारसँग प्रत्यक्ष सम्पर्क गर्‍यो । बन्द घोषणा गर्ने पक्षलाई समेत विभिन्न माध्यम मार्फत बन्द फिर्ताका लागि आग्रह गर्‍यो ।

साउन २७ गते, जिफन्टसँग आबद्ध यूनियन र एनटीयूसीसँग आबद्ध यूनियनले संयुक्त पत्रकार सम्मेलन गरी होटल संचालन गर्ने घोषणा गर्‍यो । भदौ १ गतेदेखि १२ वटा उद्योगहरू बन्द भएकोमा उद्योग बाणिज्य महासंघ र सबै ट्रेड यूनियनहरूको भदौ ४ गते, जिफन्टले बन्द उद्योगका सम्बन्धमा कामको अधिकारको ग्यारेन्टीको लागि श्रममन्त्री र राष्ट्रिय मानवअधिकार आयोगमा ४ बुँदाको ज्ञापनपत्र प्रस्तुत गर्‍यो ।

भदौ ८ गते, जिफन्ट र एनटीयूसीको संयुक्त आयोजनामा उद्योग बन्द नगर्न र नाकाबन्दी फिर्ता गर्न राजधानीमा जुलुस प्रदर्शन भयो । भोलिपल्ट काठमाडौंको नाकाबन्दी माओवादीले फिर्ता लिए । तर पनि उद्योगहरू खुलेन । माओवादीले भदौ २५ गतेदेखि थप ३५ वटा उद्योगहरू बन्द गर्ने समाचार प्रकाशित गरेपछि भदौ २२ गते उपप्रधानमन्त्रीको कार्यालयमा उपप्रधानमन्त्री, लगायत विभिन्न मन्त्रीहरू उद्योग बाणिज्य महासंघ र ट्रेड यूनियन प्रतिनिधिहरूको बीच समस्याका सम्बन्धमा छलफलमा भयो ।

भदौ २७ गते, उद्योग बन्दको चुनौती सामना गर्न जिफन्टका महासचिव विनोद श्रेष्ठ लगायत तीन वटै ट्रेड यूनियनका महासचिवहरू रहेको एउटा कार्यदलको गठन भएको थियो । भदौ २८ गते जिफन्टसँग आबद्ध १७ वटा सदस्य यूनियनहरूले असोज १ गतेदेखि बन्द उद्योगहरू खुला गर्ने घोषणा गरे । यसै गरी तीन वटै ट्रेड यूनियन महासंघहरूले पनि असोज १ गतेसम्म पनि बन्द उद्योगहरू खुला नभएमा भदौ ३१ गते श्रमिकहरूको विरोध प्रदर्शन गर्ने र असोज १ गतेदेखि मजदुरहरूले उद्योगहरू आफै खोलेर संचालन गर्ने घोषणा गरे । यसै बीच ट्रेड यूनियनका प्रतिनिधिहरू, उद्योग बाणिज्य महासंघमा गई उद्योग खुलाउन उद्योगपतिहरूलाई पनि आग्रह गरे । विरोध प्रदर्शन गर्ने र उद्योगपतिहरूलाई उद्योग खोल्न दवाव दिएपछि भदौ ३० गते उद्योगपति, सरकार र माओवादी बीच अप्रत्यक्ष सहमतिको आधारमा फिर्ता लिने सहमति भयो र भदौ ३१ गते देखि सबै उद्योगहरू संचालित भए ।

## डेनिस ट्रेड यूनियन प्रतिनिधि मण्डलको अध्ययन भ्रमण



नेपाल ट्रेड यूनियन महासंघको निमन्त्रणामा गत भदौ १५ गतेदेखि २३ गतेसम्म डेनमार्कको महिला ट्रेड यूनियन, केएडीको १० सदस्यीय प्रतिनिधि मण्डलले नेपालको सद्भावना भ्रमण गरेको थियो ।

नेपालमा छँदा उक्त भ्रमण टोलीले नेपाली श्रमिक महिलाहरूको स्थिति बुझ्न विभिन्न कारखाना तथा श्रमिक बस्तीहरूको भ्रमण र अवलोकन गर्नुका साथै जिफन्ट केन्द्रीय महिला मजदुर विभागसँग आपसी सहयोग आदानप्रदान गर्नेबारे विस्तृत छलफल पनि गरेको थियो ।

भ्रमण टोलीले पोखरामा गएर त्यहाँ स्थित विभिन्न उद्योगहरूको अवलोकन गर्नुका साथै त्यहाँका महिला श्रमिकहरूसँग भेटघाट र छलफलसमेत गरेको थियो ।

## यूनियन इन्चार्ज तथा यूनियनका अध्यक्ष र सचिवहरूको भेला



गत असोज १२ गते जिफन्टसँग आबद्ध सदस्य यूनियनका इन्चार्ज तथा सदस्य यूनियनका अध्यक्ष र सचिवहरूको भेला सम्पन्न भयो ।

जिफन्टको चौथो राष्ट्रिय महाधिवेशन पछि जिफन्टको नयाँ संरचना अनुसार सदस्य यूनियनहरूलाई सक्रिय बनाउने उद्देश्यले आयोजित उक्त भेलामा महासंघका उपाध्यक्ष विष्णु रिमालले सदस्य यूनियनका इन्चार्ज, अध्यक्ष र सचिवको दायित्वबारे प्रकाश पार्नुभयो । वहाँले भन्नुभयो- "राष्ट्रिय कमिटीको सदस्य नै यूनियनको इन्चार्ज हुने भएको हुँदा इन्चार्जले आफ्नो यूनियनबारे राष्ट्रिय कमिटीमा रिपोर्ट पेश गर्नु पर्छ । यूनियन भनेको महासंघको मुख्य अंग हो । यूनियन नभए महासंघ पनि रहने छैन । त्यसैले यूनियनको समस्या र विकासबारे इन्चार्जहरू सधैं चिन्तित भई योजनाबद्ध रूपमा यूनियनलाई सुदृढ गर्ने कार्यमा सधैं लागिरहनु पर्छ । इन्चार्जहरूको सक्रियताले नै महासंघ पनि बलियो हुन्छ ।"

कार्यक्रममा यूनियन इन्चार्जका साथै अध्यक्ष र सचिवहरूको भूमिकाका र दायित्वका बारेमा व्यापक छलफल गरिएको थियो । कार्यक्रममा महासंघका महासचिव विनोद श्रेष्ठ तथा उपमहासचिव हरिदत्त जोशीको पनि उपस्थिति रहेको थियो ।

# श्रद्धाञ्जलि सभा

इराकमा आतंककारीद्वारा नृसंस तरीकाबाट हत्या गरिएका नेपालीहरूको सम्झनामा नेपाल ट्रेड यूनियन महासंघले भदौ १७ गते एक श्रद्धाञ्जलि सभाको आयोजना गऱ्यो । डेनमार्कको महिला ट्रेड यूनियन केएडीको प्रतिनिधिहरूको समेत उपस्थितिमा आयोजित संक्षिप्त सभामा महासंघका अध्यक्ष क. मुकुन्द न्यौपानेले शोक सन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्नु भयो ।

अध्यक्ष न्यौपानेले मृतक परिवारलाई राहत दिने र शोक मनाउने सरकारी निर्णयको स्वागत गर्दै अगाडि भन्नुभयो "शोक व्यक्त गरिने निहुँमा कान्तिपुर टेलिभिजन, च्यानल नेपाल, स्पेस टाइम, सिनर्जी एफ. एम लगाएतका सञ्चार माध्यमका कार्यालय तोडफोड गर्ने र नेपाल वान सहितका विभिन्न सञ्चार माध्यामका प्रतिनिधिमाथि आक्रमण गर्ने भिडतन्त्रको कार्य खेदजनक छ । हामी दु:खको यो घडीमा संयमता कायम गर्न र साम्प्रदायिक सदभावलाई कायम राख्न सबैमा हार्दिक अपिल गर्दछौं ।"

कार्यक्रममा बोल्दै केएडीको प्रतिनिधि मण्डलका प्रमुख मारियाना ब्रुनले भन्नुभयो- "हामी डेनिस ट्रेड यूनियनको तर्फबाट मृतकहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्दछौं, आतंकवादीप्रति घृणा व्यक्त गर्दछौं, पीडित परिवारप्रति समवेदना व्यक्त गर्दछौं र नेपाली ट्रेड यूनियन आन्दोलनप्रति हार्दिक ऐक्यबद्धता जाहेर गर्दछौं ।"

कार्यक्रममा महासंघका उपाध्यक्ष बिष्णु रिमाल, महासचिव विनोद श्रेष्ठ, उपमहासचिव बिन्दा पाण्डे, मध्यमाञ्चल क्षेत्रिय संयोजक उद्धब के.सी, केन्द्रीय महिला विभाग संयोजक विना श्रेष्ठ, विदेश र महिला विभाग सचिव क्रमश वृद्धि आचार्य र पेम्बा लामाको पनि उपस्थिति थियो । कार्यक्रममा इराकी उग्रवादीप्रति घोर निन्दा प्रस्ताव पारित गरियो र समाजमा उत्तेजना फैलाउने र जनताको भावनाको दुरूपयोग गरी गडबडी फैलाउन चाहने तत्वहरूप्रति सतर्क रहन आम जनसमुदायलाई हार्दिक आव्हान गरियो ।

# जेण्डर मूलप्रवाहीकरण प्रशिक्षण कार्यक्रम

केन्द्रीय महिला मजदुर विभाग-जिफण्ट र अन्तरराष्ट्रिय श्रम संगठन (आइएलओ) को संयुक्त आयोजनामा गत साउन ३०-३१ गते काठमाडौं र विराटनगरमा "ट्रेड यूनियन आन्दोलनमा जेण्डर मूलप्रवाहीकरण" विषयक प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

ट्रेड यूनियन आन्दोलनलाई जेण्डर सचेत बनाउँदै कार्यक्षेत्रमा हुने जेण्डर असमानतालाई क्रमश: हटाउनको लागि यूनियनका नेता-कार्यकतालाई जेण्डर सचेत बनाउने उद्देश्यले आयोजित उक्त कार्यक्रमहरूमा जेण्डर सम्बन्धी अवधारणा, जिफण्टको जेण्डर नीति र जेण्डर समानता र प्रवर्द्धनका लागि ट्रेड यूनियन कमिटी (टुकगेप) का कार्यक्षेत्रमा रहेका साझा १० बुँदाहरूका बारेमा प्रशिक्षण दिइएको थियो ।

काठमाण्डौमा उद्घाटन कार्यक्रममा प्रमुख अतिथि महासंघका महासचिव विनोद श्रेष्ठ र केममवि सचिव पेम्वा लामाले कार्यक्रमको औचित्य बारे प्रकाश पार्नु भएको थियो । कार्यक्रमको अध्यक्षता जिफण्ट वागमती अंचल कमिटीका अध्यक्ष दिपक पौडेलले गर्नुभएको थियो

त्यसै गरी विराटनगरको उद्घाटन कार्यक्रममा पूर्वाञ्चल क्षेत्रिय संयोजक ओम कोइराला र केममवि संयोजक विना श्रेष्ठले कार्यक्रमको औचित्य बारे प्रकाश पार्नु भएको थियो । कार्यक्रमको अध्यक्षता कोशी अंचल कमिटीका अध्यक्ष योगीलाल यादवले गर्नुभएको थियो ।

# स्टडी सर्कल राष्ट्रिय भेला




भदौ २६ गते स्टडी सर्कल राष्ट्रिय भेला सम्पन्न भयो । भेलाले २०६० भदौ देखि महासंघका सदस्य यूनियनहरू नेस्वमयू, कार्पेट, टेक्सटायल-गार्मेण्ट, चिया, होटल तथा खाद्यपेय यूनियनहरूमा सञ्चालित स्टडी सर्कल कार्यक्रमको मूल्यांकन गरेको थियो ।

कार्यक्रममा परियोजना संयोजक तथा महासंघका उपमहासचिव विन्दा पाण्डेले महासंघद्वारा संचालित स्टडी सर्कलको कार्यक्रम र उद्देश्यबारे बताउनु भएको थियो । विभिन्न यूनियनहरूमा संचालित स्टडी सर्कलबारे सम्बन्धित यूनियनका तर्फबाट मूल्याङ्कन प्रस्तुत भएका थिए । नेस्वमयूको तर्फबाट कार्यक्रम संयोजक खड्ग प्रसाद अधिकारी, नेस्वकामयूको तर्फबाट स्टडी सर्कलका सहजकर्ता फुलमाया लामा, नेस्वटेगामयूको तर्फबाट कार्यक्रम संयोजक केशव दुवाडी, नेस्वचिमयूको तर्फबाट कार्यक्रम संयोजक मीरा बस्नेत, नेस्वहोमयूको तर्फबाट स्टडी सर्कलका सहजकर्ता सुनीता बुढाथोकी तथा खाद्यपेय यूनियनको तर्फबाट कार्यक्रम संयोजक सिद्धी उप्रेतीले कार्यक्रमको मूल्याङ्कन प्रस्तुत गर्नुभएको थियो ।

महासंघका अध्यक्ष मुकुन्द न्यौपाने प्रमुख अतिथि रहनुभएको उक्त कार्यक्रममा स्वीडिस लेफ्ट पार्टीका केन्द्रीय सदस्य काले लार्सन र नर्वे समाजवादी वाम पार्टीका उपाध्यक्ष हेनरिता वेस्थिनले पनि आ-आफ्नो मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको अध्यक्षता महासंघका महासचिव विनोद श्रेष्ठले गर्नुभएको थियो भने संचालन शिक्षा विभागका सचिव विदुर कार्कीले गर्नुभएको थियो ।





# 'द मोटरसाईकल डायरिज'

## एउटा क्रान्तिकारी योद्धाको दैनिकी...



वृद्धि आचार्य

बीसौं शदाब्दीका चर्चित एवं विश्व विख्यात क्रान्तिकारी योद्धा चे ग्वेभाराको जीवनीसँग सम्बन्धित फिल्मको नाम हो, "द मोटरसाइकल डायरिज" ।

अर्जेन्टिनाका क्रान्तिकारी योद्धा चे ग्वेभाराले दक्षिण अमेरिकाको आफ्नो भ्रमणका वेलामा लेखेको दैनिकीका आधारमा तयार पारिएको फिल्म "द मोटरसाइकल डायरिज" अहिले चर्चित फिल्महरूमा पनि बहुचर्चित छ । चेको फिल्म हेरिसकेपछि जो कोही पनि एक युवाको अदम्य साहसबाट प्रभावित हुन्छन् ।


क्रान्तिकारी योद्धा युवा चे, जो पेशाले एक दक्ष डाक्टर थिए र पछि कार्ल मार्क्सको अन्तरराष्ट्रियवादबाट प्रभावित भई आफ्नो मातृभूमि छोडी तानाशाह फुलजेनसियो वाटिस्टालाई सत्ताच्युत गर्न फिडेल क्यास्ट्रोलाई सघाउन क्युबामा पुगे र त्यहाँ उनले दृढताकासाथ साम्राज्यवादको विरोधमा संघर्ष गरे ।

वाल्टर सालेसद्वारा निर्देशित तथा रोवर्ट रेडफोर्डद्वारा उत्पादित फिल्म "द मोटरसाइकल डायरिज" मा दुई युवा इरनेस्टो र अलवर्टो मोटरसाइकल यात्राका लागि निक्लन्छन् । पछि उनीहरूको मोटरसाइकल विग्रिएपछि उनीहरू पैदलयात्रा गर्नका लागि बाध्य हुन्छन् । पैदल यात्राको क्रममा चिली, पेरु र भेनेजुएलाका भोका मजदुरहरू र राजनीतिले नसमेटिएका गरीब निमुखा जनतासँग उनीहरूको भेट हुन पुग्दछ ।

फिल्ममा अनेकौं करुण दृश्यहरू पनि देखाइएका छन् । सन पाव्लोमा विरामी नदीको वारिपट्टि र अस्पतालका स्टाफ पारिपट्टि रहेको अवस्थाले इरनेस्टो धेरै रिसाउँछन् । रातको समयमा पौडेर नदी पार गरेको दृश्यले जो कोही दर्शकको पनि मन छुन्छ ।

फिल्मले एक व्यक्तिको जीवनमा आइपर्ने कुराहरूलाई भन्दा पनि बढी कुरा समेटेको छ । अरु फिल्महरूमा जस्तै यसमा पनि विभिन्न झल्याक झुलुक कलात्मक कुरा देख्न सकिन्छ, तर यदि कोही दर्शक वास्तविक जीवनलाई आधार बनाएर फिल्म हेर्दछ भने उसले विश्वमा वास्तविक जीवनमा भएका कुराहरूको राम्रोसँग अनुभूत गर्न सक्दछ ।

"द मोटरसाइकल डायरिज" एउटा चर्चित साहसी क्रान्तिकारी योद्धाको बारेमा विभिन्न कोणबाट तयार गरिएको चलचित्र हो, जसले वास्तविक जीवनको धेरै नजिक पुऱ्याउँछ ।




### प्रकाशित भयो

**"समाजवाद एउटा उन्नत स्तरको समाज व्यवस्था हो, जहाँ मानिसमाथि मानिसले गर्ने शोषणको पूर्ण रूपले अन्त्य हुनेछ । वर्गभेदहरू क्रमशः मेटिदै जानेछन् । मानिस पूर्ण रुपले समाजमाथि निर्भर रहने छ । यस्तो समाजमा मात्र श्रमजीवी वर्ग सम्मानित हुन्छ, श्रमिक जनताको जीवन समृद्ध हुन्छ ।"**

**तर हामीले भनेको "समाजवाद" एउटा स्वैर कल्पना मात्र चाहिं होइन । यो हाम्रो राजनीतिक लक्ष्य हो । यो खास समय पछि आफसेआफ प्राप्त हुने वा प्रकट हुने "अद्भूत" नतिजा पनि होइन, यो एउटा निरन्तर प्रक्रिया हो। समाजवादका विभिन्न मोडेलहरु विश्वस्तरमा प्रयोग भइसकेका छन् । त्यसैले समाजवादको एउटै मोडेल होइन, त्यसमा विविधता हुन्छन् भन्ने सत्य हामीले मनन गर्नु पर्छ ।**

**सबै श्रमजीवीका लागि उन्मुक्त, स्वतन्त्र र समृद्ध जीवन हाम्रो अन्तिम गन्तव्य हो । र, त्यसैले समाजवाद हाम्रो राजनीतिक लक्ष्य हो ।**